सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२२ पुस २०८१, सोमबार (6 Jan 2025, Monday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २६० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ सरकारले व्यक्ति हेरेर प्रतिशोध साँध्ने र जोगाउने गरिरहेको अर्को उदाहरण

स्वर्णलक्ष्मी सहकारीमा सहसचिव रहेकी कांग्रेस सांसद राईलाई सोधपुछसमेत नगरी उन्मुक्ति

■ स्वर्णलक्ष्मीका सबै सञ्चालक मात्रै होइन, लेखा समितिका पूर्वसदस्यहरूलाई समेत प्रतिवादी बनाइएको छ, तर कांग्रेस केन्द्रीय सदस्यसमेत रहेकी सांसद राईको हकमा 'विशेष निर्णय' गर्दै जोगाइएको छ

नवराज मैनाली / नयाँ पत्रिका

सहकारी ठगी प्रकरणमा सरकारले व्यक्ति हेरी-हेरी प्रतिशोध साँध्ने र जोगाउने काम गरिरहेको छ। फरक विचार राख्ने व्यक्ति वा समूहका सदस्यलाई थपी-थपी अनावश्यक मुद्दासमेत लगाउने, तर सत्तारूढ दलनिकट व्यक्ति प्रत्यक्ष जोडिएका भए पनि प्रहरी अनुसन्धान नै प्रभावित गरेर जोगाउने गरिएको छ।

■ कांग्रेस सांसद **माया राई**को दाबी-

स्वर्णलक्ष्मी सहकारीमा आबद्ध थिएँ, तर अनियमिततामा संलग्न छैन

यसको पछिल्लो उदाहरण स्वर्णलक्ष्मी सहकारी ठगी प्रकरण हो। यसको अभियोजनमा पनि सत्तारूढका सांसदलाई नै जोगाइएको छ।

कास्की जिल्ला अदालतमा सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दामा थुनछेक बहस सकिनै लाग्दा सरकारले रास्वपा सभापति रवि लामिछानेलगायत ३९ विरुद्ध काठमाडौं जिल्ला अदालतमा स्वर्णलक्ष्मी सहकारीको मुद्दा पनि दायर गरेको छ। तर, सहकारीमा सहसचिव रहेकी कांग्रेस केन्द्रीय सदस्य तथा सांसद माया राईलाई सामान्य सोधपुछसमेत नगरी उन्मुक्ति दिइएको छ। मितेरी सहकारीमा कांग्रेस उपसभापति धनराज गुरुङ,

» पृष्ठ २ मा क्रमशः

कांग्रेस सांसद माया राई

जिबीका पार्टनरसमेत रहेका एमालेबाट निर्वाचित गाउँपालिका उपाध्यक्षलाई जोगाउन फरार बनाएर मुद्दा दायर

स्वर्णलक्ष्मी सहकारीको ठगीमा सिन्धुलीको फिक्कल गाउँपालिकाका उपाध्यक्ष राजु बरालविरुद्ध पनि मुद्दा दायर भएको छ। काठमाडौं प्रहरीले दुईजनालाई पक्राउ गरी अनुसन्धान गर्दा बराल गाउँपालिकामै कार्यरत थिए। उनी एमालेबाट निर्वाचित जनप्रतिनिधि हुन्। अहिले उनी भूमिगत शैलीमा गाउँपालिका चलाइरहेका छन्। सहज हुने गरी उनलाई फरार प्रतिवादी बनाइएको छ। जिबी राईका पार्टनर बराललाई बुटवलको सुप्रिम सहकारीको ठगीमा पनि प्रतिवादी बनाइएको छ।

■ सहकारी ठगीमा प्रत्यक्ष जोडिए पनि जसलाई मिलेको छ सत्ताको आशीर्वाद

सहकारी ठगी मुद्दामा प्रत्यक्ष जोडिए पनि सत्तानिकटलाई उन्मुक्ति दिएको घटना यो नै पहिलो भने होइन। कांग्रेस उपसभापति धनराज गुरुङ, एमाले नेता राजीव पहारी, एमाले नेता ऋषिकेश पोखरेलपत्नी अञ्जला कोइराला थप ताजा उदाहरण हुन्।

पोखराको सूर्यदर्शन सहकारी ठगीमा प्रहरीले एमाले केन्द्रीय सदस्य राजीव पहारीलाई जोगाएर मुद्दा दायर गरेको छ। उनले १२ चैत ०७४ मा १५ लाख पेस्की लिएको सहकारीको रेकर्डमा उल्लेख छ। तर, सहकारीबाट आफूले पैसा नलिएको भनेर बताएकै आधारमा प्रहरीले प्रहरीलाई साक्षी मात्रै बनाएको छ। स्रोतका अनुसार अनुसन्धानमा आबद्ध प्रहरी अधिकारीले उनलाई प्रतिवादी बनाउनुपर्ने राय राखे पनि उच्च तहको दबाबपछि उनलाई पछि साक्षी मात्रै बनाइएको हो।

त्यस्तै, ललितपुरको मितेरी सहकारीबाट पूर्वश्रीमती ज्योति गुरुङले लिएको रकमको ८४ लाख एकैपटक तिरेका कांग्रेस उपसभापति धनराजको हकमा पनि प्रमाण नपुगेको भन्दै सामान्य सोधपुछ मात्रै गरेको छ। जब कि उनले जोगिनका लागि ज्योतिसँग कागजी सम्बन्धविच्छेद गरेको पनि सार्वजनिक भइसकेको छ। संसदीय छानबिन समितिले पनि धनराज र ज्योतिको सम्बन्धविच्छेदसमेत शंकास्पद रहेको भन्दै उनीमाथि विस्तृत छानबिन गर्नुपर्ने बताएको थियो। सहकारीबाट ठगेको रकम ज्योतिमार्फत क्रिप्टोमा लगानी गरेको प्रमाणसमेत फेला परिसकेको छ। तर, सिआइबीले दबाबमा परेर विस्तृत अनुसन्धान नै अघि बढाउन सकेको छैन।

मोरङको उमागौरी सहकारी ठगीमा प्रत्यक्ष जोडिएकी एमाले नेता ऋषिकेश पोखरेलपत्नी अञ्जलालाई पनि सत्ताको आशीर्वाद मिलेको छ। सहकारी सञ्चालकको हैसियतमा संगठित अपराध र सम्पत्ति शुद्धीकरणसमेत आकर्षित हुने मुद्दामा प्रहरीले अञ्जलालाई अनुसन्धान नै नगरी मुद्दा चलाएको छ। घरमै रहेकी उनलाई फरार रहेको भनेर प्रहरीले पक्राउ नै गरेन। अदालतमा मात्रै उपस्थित भए हुने सुविधा दिएर मुद्दा दायर गर्‍यो।

सूर्यदर्शन सहकारी मुद्दामा थुनछेक बहस

● कान्छा न्यायाधीशको इजलासमा पाका अधिवक्ताको प्रश्न

'अनुहार हेरेर मुद्दा लगाउन मिल्छ श्रीमान् ?'

कास्कीमा **रोहितराज पराजुली**

सूर्यदर्शन सहकारी ठगी मुद्दामा जिल्ला अदालत कास्कीमा थुनछेक बहस चलिरहेको छ। प्रतिवादीहरूको तर्फबाट शुक्रबारदेखि सुरु बहस आइतबार पनि जारी रह्यो। गोर्खा मिडियाका तत्कालीन सञ्चालक पूर्वडिआइजी छविलाल जोशीको तर्फबाट इजलासमा वरिष्ठ अधिवक्ता शम्भु थापाले चार घण्टा बहस गरे।

रवि पक्षका वकिलहरूको बहस आजदेखि

थापाले सहकारीका सञ्चालकहरू जिबी राईलगायतलाई लगाइएको पहिलो मुद्दामा सम्पत्ति शुद्धीकरण र संगठित अपराधको कसुर नलगाई रास्वपा सभापति रवि लामिछाने र पूर्वडिआइजी छविलाल जोशी तानिएपछि अनुहार हेरेर कसुर थपिएकोमा आपत्ति जनाए। 'सहकारीका सञ्चालकहरू (जिबी राईलगायत)लाई लगाइएको पहिलो मुद्दामा सम्पत्ति शुद्धीकरण र संगठित अपराध कसुर किन लगाइएन ? रवि र छविलाई तानिएपछि मात्रै यी कसुर किन थपिए ?' उनले तर्क गर्दै प्रश्न उठाए, 'अनुहार हेरेर मुद्दा लगाउन मिल्छ श्रीमान् ?'

» पृष्ठ २ मा क्रमशः

कांग्रेसमा ६ महिनाभित्र गठन हुनुपर्ने विभाग तीन वर्ष बित्दा पनि बनेनन्

१४ विभागले नेतृत्व नै पाएनन्, बनेका विभाग पनि सबै अपूर्ण

क्रियाशील सदस्यता नवीकरण चैतभित्र टुंग्याउने तयारी

(विस्तृत पृष्ठ ३)

विपत् जोखिम न्यूनीकरण र व्यवस्थापनका उपाय

अग्रलेख

● डा. वसन्तराज अधिकारी

नेपालको भौगोलिक र जलवायु अवस्थितिले झन्‌झन् बढाउँदै लगेका विपत्‌जन्य प्रकोप थप विनाशकारी बन्दै गएका छन्

(पृष्ठ ४)

भारतबारे दुई गुटमा विभाजित ट्रम्प समर्थक

विश्व

● शशी थरुर

डोनाल्ड ट्रम्प नेतृत्वमा रहेको 'मेक अमेरिका ग्रेट अगेन (मागा)' अभियानभित्रको एउटा गुटले अमेरिकाको 'महानता'का लागि भारतजस्ता देशहरूका प्रतिभालाई आकर्षित र प्रवर्द्धन गर्नुपर्ने विचार राख्दा, श्वेत राष्ट्रवादी कट्टरपन्थी गुटले भने सबै आप्रवासनलाई समस्याको रूपमा हेरेको छ

(पृष्ठ ५)

हुलाकी राजमार्गको लागत एक खर्बमाथि

प्रारम्भमा ४७ अर्ब २४ करोड अनुमान गरिएको राजमार्गको लागत बढेर नेपालकै दोस्रो महँगो सडक परियोजना बन्दै

पूर्व-पश्चिम हुलाकी सडकअन्तर्गत सिराहा-धनुषा जोड्ने कमला पुलको पूर्वपट्टिको निर्माण कार्य पुनः थालिएको छ

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ सामान्य प्रशासन र गृहका बरन्डामा ६० उपसचिव

तीन दिनभित्र जिम्मेवारी दिन प्रधानमन्त्री कार्यालयको निर्देशन

फलोअप

सुवास भट्ट / नयाँ पत्रिका

बरन्डामा रहेका कर्मचारीलाई तीन दिनभित्र जिम्मेवारीसहित व्यवस्थापन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले संघीय मामिला तथा सामान्य प्रशासन र गृह मन्त्रालयलाई निर्देशन दिएको छ। कार्यालयले आइतबार दुई मन्त्रालयलाई पत्राचार गरेर जिम्मेवारीविहीन कर्मचारीलाई तीन दिनभित्र व्यवस्थापन गर्न भनेको हो।

'सामान्य प्रशासन र गृह मन्त्रालयका बरन्डामा ६० उपसचिव' शीर्षकमा नयाँ पत्रिकाले मुख्य समाचार छापेको थियो। गृहअन्तर्गत नै पाँच सहसचिव पनि जिम्मेवारीविहीन छन्।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले दुवै मन्त्रालयका सचिवलाई सम्बोधन गरेर पत्र लेखेको छ। 'कर्मचारीहरूलाई कामविहीन

» पृष्ठ २ मा क्रमशः

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
अत्यन्त जरुरी

समयमै लिन नआएको झोकमा विष्णुपुरकी उपाध्यक्षले फोडिन् सरकारी गाडी

उपाध्यक्ष गीताकुमारी सिंहले तोडफोड गरेको सरकारी गाडी। घटनाको प्रहरीले अनुसन्धान थालेको छ। जिप्रका सिराहाका डिएसपी वीरेन्द्रकुमार पासवानले भने, 'मुचुल्का उठाएर अनुसन्धान थालेका छौं। पालिकाको जाहेरी आएपछि कुन कसुरमा मुद्दा अगाडि बढाउने निर्क्योल हुन्छ।'

लहानमा **मणिलाल विश्वकर्मा**

आफूलाई लिन समयमा नआएको झोकमा सिराहाको विष्णुपुर गाउँपालिकाकी उपाध्यक्ष गीताकुमारी सिंहले पालिकाकै गाडी तोडफोड गरेकी छिन्।

● **एक वर्षअघि पनि गरेकी थिइन् चेक च्यात्नेदेखि झ्यालढोका तोडफोडसम्मका हर्कत**

सिंहले आइतबार बिहान करिब १० बजेतिर गाउँ कार्यपालिकानजिककै प्रमुख प्रशासकीयको क्वार्टरअगाडि राखिएको बा.२भ ३६४३ नम्बरको स्कर्पियो तोडफोड गरेकी हुन्। स्कर्पियोचालक बाबुनाथ यादवका अनुसार यादवलाई लिन जान गाडीमा बसिसकेका वेला एक्कासि ढुंगा-ईंटा हानेर अगाडि र बायाँपट्टिको सिसा काम नलाग्ने गरी फुटेको छ। 'उपाध्यक्षले हानेको ढुंगा-ईंटा सिसा फुटाएर भित्र पस्दा मुस्किलले आँखा जोगाएँ,'

» पृष्ठ २ मा क्रमशः

■ एकैदिन एमाले, माओवादी र रास्वपा बैठक

जनसरोकारका मुद्दा ओझेलमा

बिग्रँदो अर्थतन्त्र, महँगी र बेरोजगारीले सिंगो देश आक्रान्त, तर सत्तारूढदेखि प्रतिपक्ष दलसम्मका बैठक जनसरोकारका प्रमुख मुद्दा ओझेलमा राखेर आफ्नै पार्टी र शक्तिको लेखाजोखामा केन्द्रित

■ ओलीको प्रतिवेदन : कांग्रेससँगको सहकार्य पुष्टि गर्न माओवादी, रास्वपा र राप्रपामाथि कठोर प्रहार, आफ्नै सरकारको कामप्रति आफैं असन्तुष्ट

प्रधानमन्त्री एवं दोस्रो दल एमाले अध्यक्ष केपी ओलीले सत्तासाझेदार दल पहिलो शक्ति कांग्रेससँगको सहकार्यको पुष्टि गर्न संसद्का तेस्रो, चौथो र पाँचौं शक्तिमाथि प्रहार गरेका छन्। केन्द्रीय कमिटीको आइतबारबाट सुरु बैठकमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्दै ओलीले सरकारले गरिरहेका काम पर्याप्त नभएको भन्दै प्रतिवेदनमा केही चुनौतीका विषय पनि समेटेका छन्।

● **केपी ओली**, अध्यक्ष, एमाले

दुई मुख्य राजनीतिक दलहरूबिच नयाँ राजनीतिक सहकार्य प्रारम्भ भएपछि, यो सहकार्य आगामी निर्वाचनसम्म दिगो रहने आधार बलियो बन्दै गएपछि र आगामी निर्वाचन पनि मुख्य राजनीतिक दलहरूले एक्लै लड्ने उद्घोष गरेपछि अस्थिरतामा रमाइरहेका र आफ्नो लगानी एवं हैसियतभन्दा अत्यधिक लाभ लिइरहेकाहरूमा बेचैनी उत्पन्न भइरहेको छ।

तस्बिर : **अमुल थापा** / नयाँ पत्रिका

■ प्रचण्डको प्रतिवेदन : पाँच पार्टीसँग एकता गर्ने, ०८४ को निर्वाचनमा एक्लै लड्ने, सबै क्षेत्रमा महिला सहभागिता ५० प्रतिशत पुर्‍याउन पहल गर्ने

माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले वैज्ञानिक समाजवाद मान्ने राजनीतिक शक्तिहरूसँग एकताको पहल गर्ने र आगामी निर्वाचनमा एक्लै लड्ने प्रस्ताव गरेका छन्। राजधानीमा आइतबार सुरु केन्द्रीय समिति बैठकमा प्रचण्डले राजनीतिक, सांगठनिक र योजनागत प्रतिवेदन प्रस्तुत गर्दै वैज्ञानिक समाजवादी शक्तिसँग एकताको प्रस्ताव गरेका हुन्।

● **प्रचण्ड**, अध्यक्ष, माओवादी

हामी बिस्तारै महाधिवेशनतिर जाँदै छौं। बृहत् विश्लेषण पछि नै हुन्छ। अहिले यति भनेका छौं- आगामी चुनावमा एमाले र कांग्रेसजस्ता पार्टीसँग मिलेर लड्दैनौं, एक्लै चुनाव लड्छौं। वैज्ञानिक समाजवाद मान्ने राजनीतिक शक्तिहरूसँग एकताको पहल गर्छौं। समाजवादी शक्तिसँग सहकार्य हुन्छ र दलाल पुँजीवादविरुद्ध आन्दोलन गर्छौं।

तस्बिर : **संजित परियार** / नयाँ पत्रिका

■ रास्वपाको निर्णय : संविधान परिमार्जन सुझाव कार्यदल गठन, संगठन निर्माण अभियान चलाउने, सदनबाहिरका दलका मुद्दा पनि संसद्मा उठाउने

रास्वपाले संविधान संशोधनका लागि दलका तर्फबाट धारणा बनाउन नौ सदस्यीय कार्यदल गठन गरेको छ। शनिबार र आइतबार गरी दुई दिनसम्म बसेको केन्द्रीय समिति बैठकले प्रमुख सचेतक सन्तोष परियारको संयोजकत्वमा सांसद र केन्द्रीय सदस्यसमेत रहेको संविधान परिमार्जन सुझाव कार्यदल गठन गरेको कार्यवाहक प्रवक्ता मनीष झाले बताए।

● **रास्वपाको केन्द्रीय समिति बैठकको निर्णय–**

... सन्तोष परियार नेतृत्वको कार्यदलले संविधान परिमार्जनका लागि सुझाव संकलन गर्न सातै प्रदेशमा छलफल चलाउने र संविधानविद् एवं सरोकारवालासँग आवश्यक परामर्श गरी दलको तर्फबाट सार्वजनिक धारणा बनाउनेछ। प्रदेश तहमा गर्ने छलफलको संयोजन गर्ने जिम्मेवारी सम्बन्धित प्रदेश सभापतिलाई तोकिएको छ।

(**शुरोजंग पाण्डे, प्रेम गौतम** र **कमलराज भट्ट**को समाचार पृष्ठ २ मा)

स्वर्णलक्ष्मी...

पृष्ठ १ बाट क्रमशः

सूर्यदर्शन सहकारीमा एमाले नेता राजीव पहारी र उमागौरी सहकारी अनुसन्धानमा एमाले नेता ऋषिकेश पोखरेलपत्नी अञ्जला कोइरालालाई जोगाएको सरकारले फेरि राईका लागि पनि सत्ताको शक्ति दुरुपयोग गरेको हो ।

राई कांग्रेसकी प्रतिनिधिसभा सदस्य हुन् । भोजपुर घर भएकी उनी समानुपातिक सांसद हुन् । उनी कांग्रेसभित्र पनि सभापति देउवापक्षीय सांसद हुन् । राई स्वर्णलक्ष्मी सहकारीको दुई कार्यकालसम्म सञ्चालक थिइन् । उनी आर्थिक वर्ष ०७३/७४ मा सहकारीको सञ्चालक समिति सदस्य तथा ०७४/७५ देखि ०७५/७६ सम्म सहसचिव थिइन् । यो विषय जिल्ला अदालतमा आइतबार दायर भएको अभियोगपत्रमा समेत उल्लेख छ । तर, सहकारीका अन्य सबै सञ्चालकलाई अनुसन्धानको दायरामा ल्याइएकोमा उनको हकमा भने सोधपुछसमेत नगरिनुले प्रहरी अनुसन्धानमाथि नै गम्भीर प्रश्न उठेको छ ।

स्वर्णलक्ष्मी पनि गितेन्द्रबाबु (जिबी) राईको समूहले नै सञ्चालन गरेको सहकारी हो । उक्त सहकारीमा दुई अर्ब ६५ करोड ९५ लाख ५९ हजार ५८ रुपैयाँ हिनामिना भएको भन्दै आइतबार जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंले जिल्ला अदालतमा सहकारी ठगी र संगठित अपराधको मुद्दा दायर गरेको छ । सहकारीको लेखा समितिका पूर्वसदस्यहरूलाई समेत प्रतिवादी बनाउँदा सञ्चालक राईको हकमा 'विशेष निर्णय' भएको छ । कांग्रेसकै गृहमन्त्री भएकाले सरकारकै दबाबमा उनीमाथि छानबिन नभएको स्रोत बताउँछ ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख वसन्त रजौरे भने सत्ताको दबाबको आधारमा अनुसन्धान भएको अस्वीकार गर्छन् । 'हामीले प्रमाणका आधारमा अनुसन्धान सकेर सरकारी वकिलमा प्रतिवेदन पठाएका हौँ, थप खुलेका व्यक्तिमाथि पनि कानुनअनुसार अनुसन्धान हुन्छ,' उनले भने । स्रोतका अनुसार अनुसन्धानमा आबद्ध प्रहरी अधिकारीले राईमाथि सोधपुछसमेत नगर्दा पछि प्रश्न उठ्न सक्ने बताएका थिए । तैपनि गृह मन्त्रालयबाट सांसद राईमाथि अनुसन्धान गर्ने अनुमति नआएको भन्दै उनलाई जोगाइएको थियो ।

सांसद राईले आफू सो सहकारीमा आबद्ध भएको, तर अनियमिततामा संलग्न नरहेको दाबी गरिन् । नेता रामहरि खतिवडासँगै आफू सहकारीको साधारणसभामा समेत सहभागी भएको भने उनले स्वीकार गरिन् । 'स्वर्णलक्ष्मी सहकारीमा मलाई आवद्ध गराएका हुन् । एकपटक नेता रामहरि खतिवडासँग सहकारीको साधारणसभामा सहभागी पनि भएको हो । तर, कुनै अनियमिततामा संलग्न छैन,' उनले भनिन्, 'अब सार्वजनिक रुपमा प्रश्न उठेपछि छानविन होस्, अनुसन्धानमा बोलायो भने जान्छु ।'

यही सहकारी ठगी मुद्दामा गत २० कात्तिकमा पक्राउ परेकी लेखा समितिकी पूर्वसदस्य सुनिता नेवाले भने रकम हिनामिनामा सहकारीका सबै सञ्चालकहरूको मिलेमतो रहेको बताएकी छिन् । सहकारी हिनामिनामा यसअघिका सबै सञ्चालकहरूको संलग्नता रहेको उनको बयानमा उल्लेख छ । उनको बयानमा भनिएको छ, 'आर्थिक वर्ष ०७३/७४ सालदेखि हालसम्म गठित सम्पूर्ण सञ्चालक समिति, लेखा समिति, कर्जा उपसमिति र व्यवस्थापनमा रहेका पदाधिकारीको संलग्नता छ ।' यस आधारमा पनि सांसद राईलाई योजनाबद्ध रूपमै उन्मुक्ति दिएको प्रस्ट देखिएको छ ।

राई सहकारीको सञ्चालक सदस्य हुँदा कल्पनाकुमारी श्रेष्ठ अध्यक्ष, देवेन्द्रबाबु राई उपाध्यक्ष, गितेन्द्रबाबु राई सचिव, सविना आलेमगर कोषाध्यक्ष तथा यामकुमार नाल्बो र राजु बराल सदस्य थिए । उनी सहसचिव हुँदा कल्पनाकुमारी श्रेष्ठ अध्यक्ष, देवेन्द्रबाबु राई उपाध्यक्ष, दीपक लामा सचिव, रविना आलेमगर कोषाध्यक्ष तथा भक्तबहादुर भोलन र प्रदीप लामा सदस्य थिए । त्यतिवेलादेखि नै गैरकानुनी रूपमा कर्जा प्रवाह हुँदा सहकारी धराशायी भएको अनुसन्धानमा देखिए पनि अन्य सञ्चालकलाई मुद्दा चलाउँदा उनलाई अनुसन्धानबाहिर राखिएको छ ।

सरकारी वकिल कार्यालयले जोगायो पाँचजनालाई

प्रहरीले मुद्दा चलाउन सिफारिस गरेका अन्य पाँचजनालाई सरकारी वकिल कार्यालयबाट तत्काल मुद्दा नचल्ने निर्णय भएको छ । सहकारीका लेखा समिति सदस्य, कर्जा उपसमिति संयोजक तथा पूर्वसञ्चालक यामकुमार नाल्बो, कर्जा उपसमिति सदस्य सुरज श्रेष्ठ, सञ्चालक समिति सदस्य पुनमकुमारी चालिसे र सहकारीकी पूर्वकोषाध्यक्ष तथा स्प्रिङउड रियल इस्टेटकी सञ्चालक मीरा बमजनको हकमा तीनपुस्ते विवरण नखुलेको भन्दै प्रतिवादी नबनाउने निर्णय भएको छ । जब कि उनीहरूविरुद्ध यसअघि अदालतले पक्राउ पुर्जी जारी गरेको थियो । सोही आधारमा प्रहरीले ४४ जनाविरुद्ध मुद्दा चलाउन सिफारिस गरेको थियो । तर, आइतबार ३९ जनाविरुद्ध मात्र मुद्दा दायर भएको छ ।

स्रोतका अनुसार कस-कसलाई मुद्दा चलाउने भन्ने विषयमा महान्यायाधिवक्ता कार्यालयबाटै निर्देशनअनुसार निर्णय भएको हो । आइतबार बिहानै जिल्ला सरकारी वकिल कार्यालयका अधिकारीहरू फाइल लिएर महान्यायाधिवक्ता कार्यालयमा गएका थिए । त्यहीँ भएको छलफलका आधारमा मुद्दा दायर भएको हो । ३९ विरुद्ध मुद्दा दायर भएकोमा दुईजनालाई प्रहरीले पक्राउ गरिसकेको छ । सुनिता नेवा र कमल लामालाई मात्र पक्राउ गरिएको छ भने प्रतिवादी बनाइएका रवि लामिछाने र छविलाल जोशी कास्की प्रहरीको हिरासतमा छन् । अन्य धेरैलाई फरारका रूपमा मुद्दा दायर गरिएको छ ।

प्रहरीले जिबी राईसहित देवेन्द्रबाबु राई, कुमार रम्तेल, इरान लामा, कविता तामाङ, हेमन्त अधिकारी, रविना रिमाल, दीपक लामा, सविना आलेमगर, भक्तबहादुर भोलन, प्रदीप लामा, सविता लामा, गणेशराज श्रेष्ठ, सुनिता नेवा, शान्तिकुमारी सुवेदी, रोमन काफ्ले, कमल लामा, नवीन अछामी, कल्पनाकुमारी श्रेष्ठ, राजु बराललाई प्रतिवादी बनाएको छ । त्यस्तै, रवि लामिछाने, छविलाल जोशी, विशाल तामाङ, असरफ अलि सिद्दिकी, अनन्तबाबु राई, खिमानन्द कँडेल, श्रीबल्लभ नेपाल, गोकुल श्रेष्ठ, भूपेन्द्र राई, मुखिया कान्छा गुरुङ, जनक भट्टराई, भगवती बमजन, देवकुमार तामाङ, शिवप्रसाद पौडेल, वीरबहादुर रानाभाट, किरण पुडासाई, पुष्पराज पौडेल, कल्याणकुमार घिमिरे, कृष्णबहादुर पोखरेलविरुद्ध मुद्दा दायर भएको हो ।

'अनुहार हेरेर...

पृष्ठ १ बाट क्रमशः

यो मुद्दामा बहस गर्न सरकारले महान्यायाधिवक्ता कार्यालयबाट खटाएका नायब महान्यायाधिवक्ता सञ्जीवराज रेग्मीले इच्छाबहादुर तामाङको केसको नजिरका आधारमा प्रतिवादीहरूलाई थुनामा राख्नुपर्ने तर्क गरेका थिए । तर, वरिष्ठ अधिवक्ता थापाले छवि र रविको केसमा यो नजिर लागू नहुने भन्दै प्रतिवाद गरे । 'इच्छाबहादुर सिभिल सहकारीका सञ्चालक पनि हुन्, सयौँ बचतकर्ताको बचतको ग्यारेन्टी लिने व्यक्ति पनि हुन् । तर, छवि र रवि सहकारीका सञ्चालक होइनन्,' उनले तर्क गरे ।

थापाले पुष्टि नहुने अभियोगमा थुनेर सरकारले अफवाह फैलाएको आरोप पनि लगाएका छन् । 'अभियोग पुष्टि गर्नका लागि होइन, थुनेर अफवाह फैलाउने नियत राखेर राज्यले मुद्दा दायर गरेको देखिन्छ,' उनले भने, 'राज्यले साँधेको राजनीतिक प्रतिशोधका कारण अभियोजन पक्षले न्यायिक प्रक्रिया र तथ्यको विश्वसनीयतालाई नै चुनौती दिने गरी मुद्दा दायर गरेको छ ।'

अधिवक्ता थापाले फ्याक्ट (तथ्य) नै परिवर्तन गरेर मुद्दा दायर गरिएको बताए । उनले आधार पेस गर्दै प्रश्न गरे, 'मुद्दा चलाउने आधार बनेको पोखरा महानगरपालिकाले ०८० असोज ८ गते तयार पारेको पहिलो वित्तीय विश्लेषण प्रतिवेदनमा एक अर्ब ३१ करोड कुल कर्जा रकम भनिएको छ । छविलाल जोशीको घरबाट सर्भर बरामदपछि ०८१ वैशाख २६ गते पोखरा महानगरले गरेको थप विश्लेषणात्मक प्रतिवेदनमा पनि एक अर्ब ३१ करोड कुल कर्जा रकम भनिएको छ । तर, ०८० असोज १८ गते कास्की जिल्ला अदालतमा १९ जनालाई प्रतिवादी बनाउँदै दर्ता भएको पहिलो मुद्दामा एक अर्ब ११ करोड बिगो दाबी गरिएको थियो भने ०८१ पुस ५ गते ती १९ जनाविरुद्ध थप अभियोग र पुस ७ गते ४४ जनाविरुद्ध पूरक अभियोग दुवै जोड्दा तीन अर्ब बिगो दाबी गरिएको छ । कति बचत रकम अपचलन भएको हो ? खासमा सहकारी बचत रकम कति अपचलन भएको हो ? हो चाहिँ कति श्रीमान् ? कति अपचलन भएको भन्ने निष्कर्षमा नपुगी मुद्दा किन लगेको ?'

थापाले पूरक अभियोगमाथि प्रश्न उठाएका छन् । रास्वपा सभापति रवि लामिछाने र पूर्वडिआइजी जोशीलगायतलाई तेस्रोपटकको मुद्दामा मात्र प्रतिवादी बनाइएको तथ्य राख्दै उनले इजलासमा प्रश्न गरे, 'सुरुमा सहकारी ठगीको अभियोग थियो, त्यसपछि संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग थपियो, हाल आएर तीनवटै कसुरमा प्रतिवादीहरू थप गरियो । पूरक अभियोग कतिपटकसम्म ल्याउन पाउने श्रीमान् ?' पूरक जाहेरीबाट नयाँ मुद्दा सुरु गर्न नसकिने तर्क राख्दै थापाले बदनियतका साथ आफ्नो पक्षलाई अभियोजन गरिएको दाबी गरे ।

सहकारीबाट पैसा गएको गोर्खा मिडियालाई प्रतिवादी नबनाउनु, तर उक्त कम्पनीमा काम गर्नेलाई मुद्दा चलाउनुमा पनि उनले नियत औँल्याएका छन् । थापाले अगाडि भने, 'यो मुद्दाको आधार पोखरा महानगरको प्रतिवेदन हो । यसमा गोर्खा मिडियामा सहकारीको रकम गएको प्रस्ट उल्लेख छ । त्यसो भए पहिलो मुद्दामा गोर्खा मिडियालाई किन प्रतिवादी बनाइएन ?'

मुख्य आरोपी जिबी राईबाहेक अरूलाई मुलुकी अपराध संहिताको दफा २४९ अनुसारको ठगी गरेको अभियोग स्थापित नहुने भएकाले सहकारी ऐनअनुसारको सहकारी ठगीको आरोप छवि, रविलाई लगाइएको तर्क थापाको छ । तर, छवि र रविविरुद्ध सहकारी ठगी पनि आकर्षित नहुने उनको तर्क छ । उनले भने, 'सहकारी ऐन त सहकारीसम्बद्ध व्यक्तिलाई लाग्ने ऐन हो । छवि, रवि न ऋणी, न सहकारी सञ्चालक, न व्यवस्थापक । कसरी सहकारी ऐनको सहकारी ठगी आकर्षित हुन्छ ?'

१८ असोज ०८० मा दर्ता भएको पहिलो मुद्दा सहकारी सञ्चालकहरूलाई मात्र लगाएर ऋणीलाई नलगाइएको विषयमा पनि अधिवक्ता थापाले प्रश्न उठाए । 'ऋण लिएर ऋण नतिर्नेहरू धेरै भएको महानगरको प्रतिवेदनमा देखिएको छ, उनीहरूलाई प्रतिवादी किन नबनाइएको ?' उनले प्रश्न गरे, 'हुँदाहुँदा तेस्रो मुद्दासम्ममा त उहाँहरूले सहकारीसँग असम्बन्धित व्यक्तिहरूलाई पनि मुद्दा लगाउनुभयो, यो बदनियत नभए के हो श्रीमान् ?'

अदालतमा चलिरहेको मुद्दाको विषयमा संसदीय छानबिन गर्नु पनि गलत भएको भन्दै उनले प्रश्न उठाएका छन् । 'अदालतमा चलिरहेको मुद्दाको विषयमा संसदीय छानबिन गर्नु सम्भवतः विश्वमै कहीँ नभएको काम हो, ' उनले भने, 'संसदीय छानबिन समितिको प्रतिवेदन जाहेरी हुन नसक्ने भएकाले प्रतिशोध साँधेर जाहेरी दिन लगाई जबर्जस्ती प्रतिवादी बनाइएको हो ।'

रास्वपा सभापति एवं गोर्खा मिडिया नेटवर्कका तत्कालीन प्रबन्ध निर्देशक रवि लामिछानेका तर्फबाट सोमबारदेखि बहस हुनेछ । शुक्रबार र आइतबार जोशी र सहकारी सञ्चालक जिबी राईका साझेदार लीला पछाईको तर्फबाट कानुन व्यवसायीले बहस गरेका थिए । सोमबारदेखि रवि पक्षका कानुन व्यवसायीको बहस सुरु हुने इजलास अधिकृत गुरुप्रसाद आचार्यले बताए । रविको पक्षमा वरिष्ठ अधिवक्ताहरू सुशीलकुमार पन्त, हरि सुवेदी, डा. नारायण घिमिरे, रमण श्रेष्ठ, सुरेन्द्र थापामगरसँगै अधिवक्ताहरू डा. नारायण कँडेल, रोहितराज बाँस्तोला, राजेन्द्र बजगाईं, सुविज्ञ पन्तलगायतले बहस गर्नेछन् ।

एमाले बैठकमा ओलीको प्रतिवेदन

शुरोजंग पाण्डे/नयाँ पत्रिका

प्रधानमन्त्री एवं दोस्रो दल एमाले अध्यक्ष केपी ओलीले सत्तासाझेदार दल पहिलो शक्ति कांग्रेससँगको सहकार्यको पुष्टि गर्न संसद्का तेस्रो, चौथो र पाँचौँ शक्तिमाथि प्रहार गरेका छन् । केन्द्रीय कमिटीको आइतबारबाट सुरु बैठकमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्दै ओलीले एमाले-कांग्रेसको सहकार्य आगामी निर्वाचनसम्म कायम रहने बलियो आधार देखिएपछि 'राजनीतिक अस्थिरताभित्र लाभ लिइरहेका' पार्टीमा बेचैनी बढेको भन्दै ती शक्तिमाथि प्रहार गरेका हुन् ।

एमाले-कांग्रेस सहकार्यले अस्तित्व संकटमा पर्ने त्रासमा रहेका पार्टीहरू नै फेरि अस्थिरताको सुनियोजित प्रयासमा लागेको ओलीको आरोप छ । प्रतिवेदनमा कुनै राजनीतिक दलको नाम नलिए पनि ओलीले संसद्को तेस्रो दल माओवादी, चौथो दल रास्वपा र पाँचौँ दल राप्रपामाथि प्रहार गरेका हुन् । साना दलहरूलाई 'हङ पार्लियामेन्ट'भित्र खेलिने झिँगेदाउ अन्त्य हुने चिन्ताले सताएको ओलीको टिप्पणी छ ।

'दुई मुख्य राजनीतिक दलहरूबिच नयाँ राजनीतिक सहकार्य प्रारम्भ भएपछि, यो सहकार्य आगामी निर्वाचनसम्म दिगो रहने आधार बलियो बन्दै गएपछि र आगामी निर्वाचन पनि मुख्य राजनीतिक दलहरूले एक्लै लड्ने उद्घोष गरेपछि अस्थिरतामा रमाइरहेका र आफ्नो लगानी एवं हैसियतभन्दा अत्यधिक लाभ लिइरहेका समूहहरूमा बेचैनी उत्पन्न भइरहेको छ,' ओलीले प्रतिवेदनमा भनेका छन्, 'तीमध्ये कतिपयलाई अस्तित्व संकटको प्रश्नले त्रसित बनाएको छ भने कतिलाई 'हङ पार्लियामेन्ट'भित्र खेलिने झिँगेदाउको खेल अन्त्य हुने चिन्ताले सताएको छ । यतिवेला यस्ता तत्त्वहरू अस्थिरताको सुनियोजित प्रयासमा लागिरहेका छन् ।'

अहिलेको सत्तासमीकरण नै राजनीतिक स्थायित्वको आधार र सम्भवतः अन्तिम सकारात्मक विकल्प रहेको दाबी गर्दै ओलीले अबको ध्यान सेवाप्रवाहमा दिने बताए । 'यो सहकार्य मुलुकको आवश्यकता हो, राजनीतिक स्थायित्वको आधार हो र सम्भवतः अन्तिम सकारात्मक विकल्प पनि हो,' ओलीले भनेका छन्, 'त्यसैले यसलाई सफल तुल्याउनैपर्छ । यसका लागि सरकारले आफ्नो ध्यान डेलिभरीमा दिनुपर्छ भने पार्टीपंक्तिले नीतिगत फिडब्याक, सकारात्मकलाई रचनात्मक सुझाव र राम्रो कामको सकारात्मक प्रचारमार्फत स्थापित गर्नुपर्छ ।'

अहिलेको समीकरण भरपर्दो भएको भन्दै ओलीले राजनीतिक स्थायित्व, बाह्य सम्बन्ध सञ्चालन र राष्ट्रिय हितको संवर्द्धन, अर्थतन्त्रको गतिशीलता, सुशासन प्रवर्द्धन, विकास निर्माणमा तीव्रता र जनतामा आशा र भरोसा जगाउने सन्दर्भमा सहकार्यको विशेष महत्त्व रहेको बताएका छन् । अहिलेको सरकारले संविधान कार्यान्वयनको समीक्षा र संशोधन, संविधान तथा संघीयता कार्यान्वयनको समीक्षा, संसद्मा विचाराधीन १९ वटा विधेयक छिटो पारित गर्न र संसद्मा प्रस्तुत हुने विधेयकहरू टुंग्याउन समयतालिका निर्धारणलगायतका विषयलाई केन्द्रविन्दु बनाएर काम गरिरहेको जनाएका छन् ।

ओलीले सरकारले गरिरहेका काम पर्याप्त नभएको भन्दै प्रतिवेदनमा केही चुनौतीका विषय पनि समेटेका छन् । 'दुई मुख्य दलको साझेदारी र अन्य दलहरूसमेतको सहभागितामा बनेको शक्तिशाली सरकारबाट जनताले अझ तीव्र विकास, परिवर्तन र डेलिभरीको अपेक्षा गरिरहेका छन्,' ओलीले भनेका छन्, 'एक वर्ष बितिसक्दा पनि जाजरकोट र पश्चिम रुकुममा पुनर्निर्माणको काम थालनी नहुनु र असोज दोस्रो साताको बाढीबाट पीडितहरूको पुनर्स्थापनामा ढिलाइ हुनु सोचनीय विषय हो । सरकारी सेवाप्रवाह, लगानी र व्यावसायिक वातावरणमा अपेक्षित सुधार नआउनु सरकारका सामु तेर्सिएका मुख्य चुनौती हुन् ।'

अर्थतन्त्रमा सुधार भएको, सहकारी ठगीलाई नियन्त्रण गरी कानुनी कारबाहीको दायरामा ल्याई बचतकर्ताहरूको पैसा फिर्ता गर्ने प्रक्रिया बढिरहेको ओलीको दाबी छ । 'हालसम्म सरकारले समस्याग्रस्त घोषणा गरेका २२ वटा सहकारीहरू (६९ हजार बचतकर्ता)मध्येबाट तीनवटा सहकारीका ६ हजारजति बचतकर्ताको पूर्ण (करिब एक अर्ब ५५ करोड रुपैयाँ) रकम फिर्ता गरी हिसाबकिताब राफसाफ गरिएको छ भने अन्य सहकारीका करिब आठ हजार बचतकर्ताको ७० प्रतिशत र दुई हजारजतिको ५० प्रतिशत बचत फिर्ता भएको छ,' ओलीले भनेका छन्, 'यस कामलाई अझ तीव्रता दिँदै साना बचतकर्ताहरूलाई प्राथमिकतामा राखेर सम्पूर्ण बचतकर्ताहरूको रकम फिर्ता गराउन सरकारले प्रभावकारी कदम चाल्नुपर्छ ।'

सरकारबाट बाहिरिएलगत्तै माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नै उग्र जातीयतावादी र राजावादीहरूसँग घोषित-अघोषित मोर्चाबन्दी गरेर अस्थिरताका लागि कोसिस गरिरहेको ओलीको आरोप छ । 'ऊ राष्ट्रिय एकता र सामाजिक सद्भावमा आँच पुऱ्याउन उद्यत् देखिएको छ । पूर्वराजावादीहरूसँग बाक्लै बसाउठी गरिरहेको छ,' ओलीको प्रतिवेदनमा छ, 'सरकारमा रहँदा आफैँले कारबाही गरेका व्यक्तिहरू र समूहको खुला समर्थनमा उत्रिएको छ । प्रधानमन्त्रीको चीन भ्रमण र हिजो आफ्नै कार्यकालमा भएको सम्झौतालाई समेत विवादित बनाउन उद्यत् देखिएको छ ।'

माओवादीबाहेक रास्वपा र पूर्वराजावादी समूह पनि अस्थिरता र अराजकताका लागि संगठित र योजनाबद्ध रूपमा लागेको ओलीको विश्लेषण छ । 'आफ्ना सभापति सहकारी प्रकरणमा अनुसन्धानमा तानिएपछि रास्वपाका नेता-कार्यकर्ताहरूबाट प्रकट व्यवहार, अभिव्यक्ति र अनुसन्धानमा पार्न खोजेको प्रभाव रत्तिभर कानुनसम्मत, उचित र लोकतान्त्रिक थिएनन्,' ओलीले भनेका छन्, 'प्रहरी अनुसन्धानलाई सघाउनुको साटो त्यसलाई 'सरकारले आफूहरूविरुद्ध खडा गरेको राजनीतिक प्रतिशोध'को मिथ्या भाष्य निर्माण गर्दै सडक प्रदर्शन गर्ने, त्यस क्रममा प्रहरीमाथि हातपात गर्ने, अनुसन्धानमा अवरोध खडा गर्ने र गलत कामलाई संरक्षण गर्ने काममा त्यस पार्टीका कार्यकर्ता संलग्न देखिए । यसै घटनाक्रमले 'पपुलिज्म'को जगमा उभिएका समूहहरूको 'नयाँपन'को व्यर्थता, अराजक चरित्र र नीतिहीन अन्तर्यलाई उदांगो पारेको छ ।'

माओवादी बैठकमा प्रचण्डको प्रतिवेदन

प्रेम गौतम/नयाँ पत्रिका

माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले वैज्ञानिक समाजवाद मान्ने राजनीतिक शक्तिहरूसँग एकताको पहल गर्ने र आगामी निर्वाचनमा एक्लै लड्ने प्रस्ताव गरेका छन् । राजधानीमा आइतबार सुरु केन्द्रीय समिति बैठकमा प्रचण्डले राजनीतिक, सांगठनिक र योजनागत प्रतिवेदन प्रस्तुत गर्दै वैज्ञानिक समाजवादी शक्तिसँग एकताको प्रस्ताव गरेका हुन् ।

चुनौतीपूर्ण बाटोबाट सम्भावनायुक्त बाटोतर्फ माओवादी अघि बढिरहेको उल्लेख गर्दै प्रचण्डले माधव नेपाल नेतृत्वको एकीकृत समाजवादी, महेन्द्र राय यादव नेतृत्वको नेसपा, प्रभु साह नेतृत्वको आम जनता पार्टी, नेत्रविक्रम चन्द्र विप्लव नेतृत्वको नेकपा र धर्मेन्द्र बाँस्तोला नेतृत्वको नेकपा बहुमतसँग एकताका लागि पहल गर्ने प्रस्ताव गरेका छन् । उनको प्रस्तावमा समाजवादी मोर्चालाई प्रभावकारी बनाएर लैजाने नीति पनि समेटिएको छ । तर, प्रतिवेदनमा कांग्रेस, एमालेसहित कुनै पनि पार्टीबारे विश्लेषण छैन ।

कांग्रेस वा एमालेसँग गठबन्धन नगरी आगामी निर्वाचनमा एक्लै प्रतिस्पर्धा गर्ने प्रस्ताव गर्दै प्रचण्डले सोहीअनुसार तयारी गर्नुपर्नेमा जोड दिएका छन् । 'हामी बिस्तारै महाधिवेशनतिर जाँदै छौँ । बृहत् विश्लेषण पछि नै हुन्छ । अहिले हामीले यति भनेका छौँ- आगामी चुनावमा एमाले र कांग्रेसजस्ता पार्टीसँग मिलेर चुनाव लड्दैनौँ, एक्लै चुनाव लड्छौँ,' प्रचण्डले भनेका छन्, 'वैज्ञानिक समाजवाद मान्नेहरू राजनीतिक शक्तिहरूसँग एकताको पहल गर्छौँ । समाजवादी शक्तिसँग सहकार्य हुन्छ र दलाल पुँजीवादविरुद्ध आन्दोलन गर्छौँ ।'

समाजवादी शक्तिसँग सहकार्य गर्ने र दलाल पुँजीवादविरुद्ध आन्दोलन गर्ने नीति माओवादीले लिएको छ । सरकारका गलत कामको विरोध गर्ने, सुशासनको पक्षमा देशव्यापी अभियान चलाउने, माओवादी नेतृत्वको अघिल्लो सरकारले गरेका काम जनताबिच लैजाने प्रस्ताव प्रतिवेदनमा गरिएको छ । यस्तै, नेता-कार्यकर्तालाई उत्पादनसँग जोड्दै आम्दानीसमेत पारदर्शी गर्ने नीति माओवादीले लिने भएको छ । नेता-कार्यकर्ताको आम्दानी र स्रोतलाई व्यवस्थित गर्ने प्रस्ताव गरिएको छ । केन्द्रीय नेताहरूले पार्टीलाई सम्पत्ति विवरण बुझाउनुपर्ने प्रचण्डको प्रस्ताव छ ।

प्रचण्डले माओवादीप्रति देशैभरि सकारात्मक मनोविज्ञान पैदा भएको बताउँदै यथास्थितिबाट अगाडि बढेर जनतातिर फर्किने प्रस्ताव गरेका छन् । 'अहिले देशैभरि सकारात्मक भाव पैदा भएको छ । हामी अब यथास्थितिबाट अगाडि बढ्नुपर्छ । र, जनतातिर फर्कनुपर्छ,' प्रतिवेदनमा उल्लेख छ । जनताकेन्द्रित अभियानहरू सञ्चालन गर्ने प्रस्ताव प्रतिवेदनमा गरिएको छ । १ फागुनदेखि एक महिना हुलाकी राजमार्गलाई आधार बनाएर तराई-मधेश जागरण अभियान र अर्को एक महिना पूर्व-पश्चिम राजमार्गलाई आधार बनाएर अभियान सञ्चालन गर्ने प्रस्ताव गरिएको छ । प्रस्तावअनुसार अभियानमा अध्यक्षसहित सबै पदाधिकारी सामेल हुनेछन् । उपत्यका विशेष अभियानका साथै अन्य अभियानहरू पनि चलाउँदै जाने प्रस्ताव छ ।

प्रतिवेदनमा विज्ञान र प्रविधिमा जोड दिइएको छ । युवा-वैज्ञानिक सम्मेलन आयोजना गर्ने प्रस्तावसमेत प्रचण्डले गरेका छन् । विश्व बहुध्रुवतिर जाँदै गरेको विश्लेषण पनि प्रचण्डले गरेका छन् । पहिला पश्चिमाको एकध्रुवीय परिस्थिति थियो भने अब बिस्तारै आन्ध्र महासागर हुँदै हिन्द महासागरतिर शक्ति सर्दै गरेको प्रतिवेदनमा छ ।

संविधान संशोधनको चर्चा चलिरहँदा प्रमुख प्रतिपक्ष दल माओवादीले राज्यका हरेक निकायमा महिला सहभागिता ५० प्रतिशत पुऱ्याउने प्रस्ताव गरेको छ । प्रचण्डको प्रस्तावमा दलित र मुस्लिमलाई विशेषाधिकार दिने उल्लेख छ । 'महिला अधिकार ३३ बाट बढाएर ५० प्रतिशत पुऱ्याउन पहल गर्ने तथा दलित र मुस्लिमको विशेषाधिकार लागू गर्न संविधान संशोधनको एजेन्डामा समावेश बनाउने प्रस्ताव छ,' उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटाले भने ।

अग्रगमन र परिवर्तनको पक्षमा मात्रै संविधान संशोधन गरिनुपर्नेमा माओवादीले जोड दिएको छ । पहिला संविधानको राम्रोसँग कार्यान्वयन र त्यसपछि अग्रगमन र परिवर्तनको पक्षमा जनताको अधिकार अझ विस्तार गर्ने गरी संविधान संशोधनको छलफल, बहस अघि बढाउने प्रस्ताव प्रतिवेदनमा गरिएको छ । प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र पूर्ण समानुपातिक निर्वाचन प्रणालीको विषय माओवादीले अघि सारेको छ ।

टिआरसी विधेयक पारित भए पनि आयोगका पदाधिकारी सिफारिस हुन नसकेको भन्दै प्रचण्डले टिआरसी आयोग गठनमा जोड दिएका छन् । यसका लागि पार्टीले थप पहल गर्ने प्रचण्डको प्रस्ताव छ ।

रास्वपाले बनायो कार्यदल

कमलराज भट्ट/नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टीले संविधान संशोधनका लागि दलका तर्फबाट धारणा बनाउन कार्यदल गठन गरेको छ । शनिबार र आइतबार गरी दुई दिन बसेको केन्द्रीय समिति बैठकले प्रमुख सचेतक सन्तोष परियारको संयोजकत्वमा संविधान परिमार्जन सुझाव कार्यदल गठन गरेको हो ।

कार्यवाहक प्रवक्ता मनीष झाका अनुसार समितिमा सोबिता गौतम, गणेश पराजुली, असीम शाह, गणेश कार्की, मेघ आले, क्रान्तिशिखा धिताल, डा. नन्दन यादव र कुसुम महर्जन सदस्य छन् । कार्यदलले संविधान परिमार्जनका लागि सुझाव संकलन गर्न सातै प्रदेशमा छलफल चलाउने र संविधानविद् एवं सरोकारवालासँग आवश्यक परामर्श गरी दलको तर्फबाट धारणा सार्वजनिक गर्ने झाले बताए । उनका अनुसार प्रदेश तहमा गर्ने छलफलको संयोजन गर्ने जिम्मेवारी सम्बन्धित प्रदेश सभापतिलाई तोकिएको छ ।

बैठकले संघीय सदनबाहिर रहेका राजनीतिक दल-शक्तिहरूका जनपक्षीय र राष्ट्रहितका आवाजलाई सदनमा प्रतिनिधित्व गर्ने गरी आवश्यक कार्य अगाडि बढाउने निर्णय गरेको पनि गरेको छ । बैठकले सरकारले हालै ल्याएको सहकारी अध्यादेश सभापति रवि लामिछानेलक्षित रहेको ठहर गर्दै प्रतिवाद गर्ने निर्णय लिएको छ ।

दुईमहिने संगठन निर्माण अभियान

रास्वपाले २ माघदेखि पार्टीको संगठन निर्माण अभियान सञ्चालन गर्ने भएको छ । केन्द्रीय समितिको निर्णयअनुसार दुई महिनासम्म सञ्चालन हुने अभियानको नेतृत्व केन्द्रीय सदस्यहरूले गर्नेछन् । अभियानमा केन्द्रीय विभाग, प्रदेश समिति, प्रदेश विभाग, जिल्ला-निर्वाचन क्षेत्र समितिसमेतको सहभागिता रहनेछ । अभियानले सदस्यता विस्तारका साथै पालिका तथा वडा समितिहरू निर्माण गर्न जिल्ला समिति तथा पालिका समितिहरूलाई सहजीकरण गर्ने कार्यवाहक प्रवक्ता झाले बताए ।

केन्द्रीय कार्यसम्पादन एकाइ गठन

रास्वपाले महामन्त्रीको संयोजकत्वमा केन्द्रीय कार्यसम्पादन इकाइ गठन गरेको छ । पार्टीको कार्यसम्पादनलाई प्रभावकारी बनाउन पार्टी महामन्त्रीको संयोजकत्वमा सहमहामन्त्री पदेन रहने गरी केन्द्रीय सदस्य, केन्द्रीय सल्लाकार र केन्द्रीय विभाग सदस्य सम्मिलित इकाइ गठन गर्ने निर्णय गरिएको प्रवक्ता झाले बताए । यसैगरी, विभिन्न विषयहरूमा राजनीतिक, बौद्धिक परामर्शका लागि पार्टी केन्द्रीय तहमा सल्लाहकार परिषद्-थिंकट्यांक सदस्यहरू मनोनीत गर्दै जाने निर्णय गरेको छ ।

केन्द्रीय समितिले प्रयोजन पूरा भएका विभिन्न कार्यदलहरू विघटन गरेको छ । जसमा नीति विचार कार्यदल, केन्द्रीय उपनिर्वाचन परिचालन समिति, विधान संशोधन सुझाव कार्यदल, केन्द्रीय समिति सदस्य सिफारिस समिति रहेको छ । प्रवक्ता झाका अनुसार हालै सम्पन्न स्थानीय तहको उपनिर्वाचनको समीक्षामा पार्टीका प्रदेश महामन्त्रीहरू, केन्द्रीय संगठन विभाग तथा केन्द्रीय प्रशिक्षण विभागका सदस्यहरूको सहभागितामा उपनिर्वाचनमा पार्टीका अनुभव, सिकाइ र चुनौती समेटिएको समीक्षा प्रतिवेदन बैठकबाट पारित भएको छ ।

बैठकमा पार्टी कार्यवाहक सभापति डोलप्रसाद अर्याल, उपसभापति डा. स्वर्णिम वाग्लेले समसामयिक राजनीतिक सन्दर्भमा जानकारी गराउँदै पार्टीका गतिविधिबारे पनि अवगत गराएका थिए । साथै, पार्टीका संस्थापक सभापति रवि लामिछानेका सम्बन्धमा चलिरहेको अदालती प्रक्रियासम्बन्धी पछिल्लो अवस्थाका सम्बन्धमा जानकारी गराएको प्रवक्ता झाले बताए ।

सहिद मेमोरियल अस्पताल
कलंकी चोक, काठमाडौं
फोन नं. ०१-५२१९९३४, ०१-५२१८९२१, ९८५१३११९३४

आवश्यकता

यस अस्पतालको लागि निम्न कर्मचारीहरु आवश्यकता भएको हुनाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशित मितिले ७ दिनभित्र अस्पताल प्रशासन शाखामा आइहुग्ने गरी दरखास्त आव्हान गरिएको सूचित गरिन्छ ।

सि.नं.	पद	तह	योग्यता	संख्या
१.	फिजियोथेरापिष्ट	६	मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा BPT उत्तिर्ण गरी स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको हुनु पर्ने ।	केही
२.	स्टाफ नर्स	५	मान्यता प्राप्त शैक्षिक संस्थाबाट नर्सिङ्ग विषयमा प्रमाणपत्र तह उत्तिर्ण भई नर्सिङ्ग काउन्सिलमा दर्ता भएको ।	केही

NIMB ACE CAPITAL LIMITED
Managing Shares. Managing Investments.

एनआईएमबि एस क्यापिटल लिमिटेड
प्रस्ताव माग गरिएको सम्बन्धी सूचना

(सूचना प्रकाशित भएको पहिलो मिति: २२ पुष, २०८१)

एनआइएमबि एस क्यापिटल लिमिटेड अधि-अभिसरण पूर्वाधार (हाइपर-कन्भर्ज्ड इन्फ्रास्ट्रक्चर) (एचसिआई) समाधान खरिद, जडान र मर्मत सम्भारको लागि अनुभवी तथा प्रतिष्ठित कम्पनीहरूबाट प्रस्ताव आव्हान गर्दछ ।

शर्त बन्देजहरु:

- प्राविधिक प्रस्तावसँगै फर्म/कम्पनीको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर (मू.अ.क.)/स्थायी लेखा नम्बर (प्यान) र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।
- प्रस्तावक नेपालमा बैद्य रूपमा दर्ता गरिएको हुनुपर्नेछ ।
- प्रस्ताव बुझाउने मितिसम्म प्रस्तावक सूचना प्रविधि समाधान व्यवसायमा कम्तीमा ३ वर्ष संलग्न भएको हुनुपर्नेछ ।
- प्रस्ताव गरिएको समाधान कम्तिमा एक प्रतिष्ठित वित्तीय संस्थामा स्थापना गरी काम गरिरहेको हुनु पर्नेछ र यस समाधानको विगत तीन आर्थिक वर्षमा वार्षिक कारोबार कम्तीमा पाँच करोड रुपियाँ (सम्बद्ध कम्पनीहरूको कारोबार समावेश नगरी) हुनु पर्नेछ ।
- प्रस्तावक कुनै पनि अधिकार सम्पन्न अधिकारीद्वारा मुख्यतया जालसाजी, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) वा कानूनद्वारा निषेधित अन्य कुनै कार्यमा अभियोजन गरिएको/कालो सूचीमा परेको हुनु हुँदैन ।
- प्रस्तावकहरूका लागि गर्नुपर्ने कार्य विवरण सहितको सम्पूर्ण प्रस्ताव आव्हान (आरएफपि) कागजात, एनआइएमबि एस क्यापिटल लिमिटेडको नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडमा रहेको **खाता नम्बर ००१०१०१०२७७५५६** मा ५,०००/- रुपियाँ (फिर्ता नहुने) जम्मा गरेको डिपोजिट स्लिपको आधारमा उपलब्ध गराइनेछ ।
- प्रस्तावकहरूले "क" वर्गको वाणिज्य बैंकद्वारा जारी गरिएको बिड बन्ड ग्यारेन्टी पेश गर्नुपर्नेछ, जसको न्यूनतम रकम कुल प्रस्ताव मूल्यको ५% र प्रस्ताव पेश गर्ने अन्तिम मितिबाट १८० दिनको लागि बैद्य हुनुपर्नेछ ।
- प्रस्ताव कागजात खामबन्दी गरी एनआइएमबि एस क्यापिटल लिमिटेड, प्रशासन विभाग, लाजिम्पाट, काठमाडौं, नेपालमा २०८१/१०/०७ गते अपरान्ह ४:३० बजे भन्दा अघि बुझाइसक्नु पर्नेछ ।
- यदि प्रस्ताव बुझाउनु पर्ने अन्तिम दिन सार्वजनिक विदा घोषणा गरिएमा खामबन्दी प्रस्ताव लगतैको अर्को कार्य दिनमा बुझाउन सकिनेछ । मेल/फ्याक्समार्फत पठाइएका प्रस्ताव कागजात स्वीकार गरिनेछैन र प्रस्तावकलाई फिर्ता गरिनेछैन ।
- प्रस्ताव आव्हानको सूचना यस क्यापिटलको वेवसाइटः https://www.nimbacecapital.com मा पनि हेर्न सकिनेछ ।

एनआइएमबि एस क्यापिटल लिमिटेडमा कुनै कारण बिना प्रस्ताव(हरू) स्वीकार वा अस्वीकार गर्ने अधिकार रहनेछ ।

नोट : मिति २०८१/०९/१२ मा एनआइएमबि एस क्यापिटल लिमिटेडद्वारा प्रकाशित प्रस्ताव आव्हान सम्बन्धी सूचनामा भुलबस केही त्रुटी हुन गएकोमा उक्त त्रुटी सुधार तथा संशोधन गरि यस प्रस्ताव आव्हान जारी गरिएको व्यहोरा सम्बन्धित सबैको लागि जानकारीको लागि अनुरोध छ ।

सम्पर्कको लागि जानकारी:

एनआइएमबि एस क्यापिटल लिमिटेड
लाजिम्पाट, काठमाडौं, फोन नम्बर: ०१-४५२५२८०, ०१-४५११४२१

सर्टिफिकेट हरायो

मिति २०८१/७/२० गते इमाडोल देखी ग्वार्कोसम्म जाँदा मेरो Nepal Health Professional Council बाट जारी भएको मेरो निम्न व्यहोरा भएको प्रमाणपत्र (सर्टिफिकेट) हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

Name : Girindra Sahani
Licence no- B1384 Med-GM
Contact : 9851137522

महालक्ष्मी नगरपालिका
४ नं. वडा कार्यालय
इमाडोल, ललितपुर, बागमती प्रदेश, नेपाल

नक्सा पास सम्बन्धमा जारी भएको १५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०९/१९

महालक्ष्मी नगरपालिका वडा नं. ४ साविक इमाडोल ८ कित्ता नं २१९ क्षेत्रफल ७९.७४ व.मी. जग्गामा भवन निर्माण गर्न नक्सा पासको लागि मिति २०६१/०८/०४ मा महालक्ष्मी वडा नं. ४ की कार्यालयबाट १५ दिने सूचना जारी गरेकोमा घर जग्गाको स्याद बारम्बार बुझाउन जाँदा सम्बन्धित तपसिलमा उल्लेखित संधियारहरू संग सम्पर्क हुन नसकेकाले नक्सा पासको लागि १५ दिने सावजनिक सूचना जारी गरिएको छ ।

उल्लेखित कित्ता जग्गमा घर निर्माण हुदा तपाई साधसधियारहरूलाई बाधा तथा मर्का भएमा समय अवधि भित्र महालक्ष्मी नगरपालिका वडा नं-४ को कार्यालयमा निवेदन दिनुहनु तथा साधसाधियारको जानकारीको लागि सुचित गरिन्छ । स्याद भित्र कसैको प्रतिक्रिया दावि विराध प्राप्त नभएमा नियमानुसार निवेदकको माग वमोजिम नक्सा पासको लागि नगरपालिकामा सिफारिस भई जाने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपशिल
पूर्व-मिठु थापा, अप्सरा सिखडा, कित्ता नं २१८
दक्षिण श्याम कुमार थापा, कित्ता न ७५३

तीन...

पृष्ठ १ बाट क्रमशः

बनाइराख्दा सरकारी स्रोत र साधनको अपव्यय हुने, कर्मचारीहरूको मनोबल घट्ने, कर्मचारीको वृत्ति विकास तथा शासकीय प्रबन्धमा समेत गम्भीर असर पर्न सक्ने देखिन्छ,' पत्रमा भनिएको छ, 'अतः तहाँअन्तर्गत पदस्थापन र जिम्मेवारी तोक्न बाँकी कर्मचारीहरूलाई विद्यमान कानुनबमोजिम तीन दिनभित्र जिम्मेवारी दिई यस कार्यालयलाई जानकारी दिनुहुन निर्णयानुसार अनुरोध छ,' पत्रमा उल्लेख छ ।

समयमै...

पृष्ठ १ बाट क्रमशः

उनले भने, 'त्यसपछि पनि ढुंगा-ईँटा हान्न नछोडेपछि गाडीबाट ओर्लिएर भागेर ज्यान जोगाएँ ।' उपाध्यक्ष सिंहको घर पालिका कार्यालयबाट तीन किलोमिटरको दूरीमा गौरीपुरमै छ । उपाध्यक्ष सिंहले भने गाउँपालिका अध्यक्षसँग बिहान १० बज्नुअघि नै वडाको अनुगमन गर्न स्कर्पियो मागेको बताइन् । 'चिसो बढेपछि गाउँपालिकाको वडा कार्यालयमार्फत दाउरा वितरण भएको छ, त्यसैको अनुगमनमा जानुपर्ने थियो,' उनले भनिन्, 'भनेको समयमा पालिकाको गाडी नपठाएपछि मोटरसाइकलमा पालिकासम्म आएँ ।' 'ढिलो भयो भन्दैमा सरकारी स्वामित्वको गाडी तोडफोड गर्न मिल्छ त' भन्ने नयाँ पत्रिकाको प्रश्नमा उनले कुनै जवाफ दिइनन् ।

गाउँपालिका अध्यक्ष सत्यनारायण यादवले कार्यालयको स्कर्पियो तोडफोड भएलगत्तै प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख र स्थानीय प्रहरीलाई समेत मौखिक जानकारी गराएको बताए । 'स्कर्पियोको अगाडि र बायाँतर्फको सिसा पूरै फुटेको छ,' उनले भने । उनका अनुसार उपाध्यक्षले गत वर्ष पालिकाको लेखा शाखामा योजनाको भुक्तानीका लागि तयार भएको चेक खोसेर च्यात्नुका साथै झ्याल-ढोकासमेत तोडफोड गरेकी थिइन् ।

६ महिनाभित्र गठन हुनुपर्ने
कांग्रेसका विभाग तीन वर्ष बित्दा पनि बनेनन्

१४ विभागले नेतृत्व नै पाएनन्, बनेका विभाग पनि सबै अपूर्ण

■ यी हुन् बन्न बाँकी विभाग

१. संगठन विभाग
२. अन्तर्राष्ट्रिय सम्बन्ध विभाग
३. तरुण विभाग
४. वन विभाग
५. पार्टी सम्पर्क विभाग
६. भ्रातृ संघ समन्वय विभाग
७. गैरआवासीय नेपाली समन्वय विभाग
८. पूर्वराष्ट्रसेवक कर्मचारी समन्वय विभाग
९. विकास तथा पूर्वाधार विभाग
१०. सुशासन तथा अनुगमन विभाग
११. विपत् व्यवस्थापन विभाग
१२. भूपू प्रहरी विभाग
१३. मुक्त समुदाय पुनर्स्थापना समन्वय विभाग
१४. तथ्यांक अध्ययन तथा विश्लेषण विभाग

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

विधानअनुसार कांग्रेसको नियमित महाधिवेशन ०८२ मंसिरमा गर्नुपर्ने हुन्छ। अब एक वर्षभन्दा कम समय बाँकी छ। तोकिएको अवधिमै कांग्रेसको १५औँ महाधिवेशन हुने सम्भावना छैन। पार्टीलाई चलायमान बनाउने विभाग गठनको विषय पनि महाधिवेशनको चर्चासँगै ओझेलमा पर्न थालेको छ। कांग्रेस विधानले महाधिवेशन सम्पन्न भएको ६ महिनाभित्र विभाग गठन गर्नुपर्ने व्यवस्था गरेको छ। तर, १४औँ महाधिवेशन सकिएको तीन वर्ष बितिसक्दा पनि कांग्रेसका १४ विभाग अझै बनेका छैनन्।

कांग्रेसमा विभाग प्रमुख मनोनीत गर्ने अधिकार सभापतिलाई दिइएको छ। पटक-पटक गरी हालसम्म ५५ विभाग गठन भए पनि धेरैले पूर्णता पाएका छैनन्। कांग्रेस सहमहामन्त्री महेन्द्र यादव छिट्टै सबै विभागले पूर्णता पाउने दाबी गर्छन्। यस विषयमा सभापति शेरबहादुर देउवाले पार्टीमा छलफल गरिरहेको र सबैलाई समेट्ने गरी विभाग गठन गर्दा विधानको समय अपुग भएको उनको भनाइ छ।

कहिले के भयो ?

१२ जेठ ०८० : प्रचार विभाग गठन
२ साउन ०८० : ४८ बाट बढाएर ६९ विभाग बनाउने निर्णय
१५ भदौ ०८० : १५ विभाग गठन
१ मंसिर ०८० : सहकारी विभाग गठन
१७ जेठ ०८१ : जनसम्पर्क समिति समन्वय विभाग गठन
२१ साउन ०८१ : थप ३७ विभाग गठन

'सभापतिज्यूले विधानको समय मात्रलाई भन्दा पनि पार्टीको हितलाई हेरेर विभाग गठन गर्नुभएको छ। बनाउनुपर्ने सबै विभाग छिट्टै बन्छन्,' उनले भने, 'विधानको व्यवस्था पनि पार्टी हितकै लागि हो। तर, विधानको समय मात्रले पार्टीमा सबैलाई सहमत गराएर विभाग बन्ने अवस्था रहेन। विभाग गठनका विषयमा गृहकार्य भइरहेको छ। सभापतिज्यूले सबैलाई समेटेर सहमतिमा ल्याएर बाँकी विभाग गठन गर्नुहुनेछ।'

● **महेन्द्र यादव**, सहमहामन्त्री, कांग्रेस

सभापतिज्यूले विधानको समय मात्रलाई भन्दा पनि पार्टीको हितलाई हेरेर विभाग गठन गर्नुभएको छ। बनाउनुपर्ने सबै विभाग छिट्टै बन्छन्। विधानको व्यवस्था पनि पार्टी हितकै लागि हो। तर, विधानको समय मात्रले पार्टीमा सबैलाई सहमत गराएर विभाग बन्ने अवस्था रहेन। विभाग गठनका विषयमा गृहकार्य भइरहेको छ। सभापतिज्यूले सबैलाई समेटेर सहमतिमा ल्याएर बाँकी विभाग गठन गर्नुहुनेछ।

● **डा. चन्द्र भण्डारी**, केन्द्रीय सदस्य, कांग्रेस

विभाग चलाउन सही व्यक्तिले सही जिम्मेवारी पाउनुपर्ने हो। विभाग त चुस्त-दुरुस्त हुनुपर्ने हो। धेरै संख्या हुँदैमा काम हुने हो र ? संख्या र समय मात्रै बढाएर अर्थ रहँदैन। तर, नेतृत्वमा रहेकाहरूले यसमा ध्यान दिन सकेका छैनन्। सही रूपमा व्यवस्थापन नहुँदा विभागहरूबाट हुनुपर्ने काम हुन नसक्नु कांग्रेसका लागि दुर्भाग्य हो।

विधानमा विभागको नेतृत्व केन्द्रीय सदस्यले गर्ने र ५१ जनासम्म सदस्य रहने व्यवस्था छ। पार्टीको मेरुदण्ड मानिने विभाग गठन र पूर्णता नपाउँदा नेता व्यवस्थापन र पार्टीलाई क्रियाशील बनाउन पार्टी चुकेको कांग्रेस नेताहरू बताउँछन्। इतर समूहका केन्द्रीय सदस्य डा. चन्द्र भण्डारीले नेतृत्व तहमा रहेकाहरूले विभागको महत्त्वलाई कम आँक्दा ढिलाइ भएको र बनेका विभाग पनि अव्यवस्थित भएको बताए। 'विभाग चलाउन सही व्यक्तिले सही जिम्मेवारी पाउनुपर्ने हो। विभाग त चुस्त-दुरुस्त हुनुपर्ने हो। धेरै संख्या हुँदैमा काम हुने हो र ? संख्या र समय मात्रै बढाएर अर्थ रहँदैन। तर, नेतृत्वमा रहेकाहरूले यसमा ध्यान दिन सकेका छैनन्। सही रूपमा व्यवस्थापन नहुँदा विभागहरूबाट हुनुपर्ने काम हुन नसक्नु कांग्रेसका लागि दुर्भाग्य हो,' उनले भने।

कांग्रेसले महाधिवेशनपछि समयानुकूल विभाग बनाउन संख्यामा हेरफेर र कार्यक्षेत्र मिलान गरी ७० विभाग बनाउने निर्णय गरेको थियो। १४औँ महाधिवेशनपछि १२ जेठ ०८० मा पहिलो विभागका रूपमा प्रचार विभाग गठन गरिएको थियो। लामो समयसम्म विभाग नबनेपछि गत वर्ष २ देखि १० साउनसम्म बसेको केन्द्रीय समिति बैठकले १५ भदौभित्र ४८ बाट बढाएर ७० विभाग बनाउने निर्णय गरेको थियो। अन्तिम अवस्थामा ६९ विभाग बनेका छन्। महामन्त्री गगन थापाले केन्द्रीय समितिमा कार्यतालिका नै बनाएर १५ भदौ ०८० भित्र नयाँ विभाग गठन र पुरानालाई नेतृत्व दिने प्रस्ताव गरेका थिए। तर, १५ भदौमा अन्तिम समयमा १५ मात्र विभागको नेतृत्व तोकिएको थियो। त्यसयपछि १ मंसिर ०८० मा सहकारी विभाग, १७ जेठ ०८१ मा जनसम्पर्क समिति समन्वय विभाग र २१ साउनमा ३७ विभाग गठन भएका थिए। बाँकीको अझै टुंगो छैन।

इतर समूहले पनि यस विषयमा कुनै आवाज उठाएको छैन। बनेका विभागका विषयमा भने कांग्रेसमा विवाद छैन। बाँकी विभाग गठन नभएको विषयलाई पनि इतर समूहले समेत कुनै एजेन्डा बनाएको छैन। इतर समूहमा पछिल्लो समय महामन्त्री गगन थापा र नेता शेखर कोइरालाबिच दरार देखिएको छ। कोइराला आगामी महाधिवेशनको तयारीमा छन्। जसकारण यो विषय ओझेलमा परेको छ।

क्रियाशील सदस्यता नवीकरण चैतभित्र टुंग्याउने तयारी

कांग्रेसले आगामी चैत मसान्तभित्र क्रियाशील सदस्यता नवीकरणको टुंगो लगाउने भएको छ। महामन्त्री गगन थापा संयोजकत्वको सदस्यता व्यवस्थापन केन्द्रीय समितिले यस्तो तयारी थालेको हो। समिति सदस्य योगेन्द्र चौधरीका अनुसार चैतभित्रै नवीकरण टुंगो लगाउनेगरी सबै जिल्लालाई परिपत्र गरी मिति तोकेर टुंगो लगाउन निर्देशन दिइएको हो। समितिले सदस्यता वितरणको वस्तुगत स्थितिलाई समेत अध्ययन गर्ने भएको छ।

'चैतभित्रै नवीकरण टुंगो लगाउन परिपत्र गर्दै छौँ। चैतको कुनै मिति तोकेर पठाँउछौँ,' उनले भने, 'क्रियाशीलको बारेका वडा तहसम्म जातीय, लैंगिकलगायत जनसंख्याको अनुपात र क्रियाशील सदस्यता वितरणको अनुपातबारे वस्तुगत स्थिति अध्ययन गर्ने र जनसंख्याको अनुपातमा समेट्न लागेका छौँ।' समितिले डोल्पामा लामो समयदेखि सभापति सम्पर्कविहीन रहेकाले कार्यवाहक सभापतिलाई क्रियाशील सदस्यता नवीकरणको जिम्मा दिने निर्णय गरेको छ। जनसम्पर्क समितिका सदस्यताको विषयमा भने आगामी बैठकमा निर्णय हुने समितिले जनाएको छ।

● **योगेन्द्र चौधरी**, केन्द्रीय सदस्य, कांग्रेस

चैतभित्रै नवीकरण टुंगो लगाउन परिपत्र गर्दै छौँ। चैतको कुनै मिति तोकेर पठाउँछौँ। क्रियाशीलको बारेका वडा तहसम्म जातीय, लैंगिकलगायत जनसंख्याको अनुपात र क्रियाशील सदस्यता वितरणको अनुपातबारे वस्तुगत स्थिति अध्ययन गर्ने र जनसंख्याको अनुपातमा समेट्न लागेका छौँ।

कांग्रेसको तथ्यांकअनुसार १४औँ महाधिवेशनमा आठ लाख ६९ हजार ५५१ क्रियाशील सदस्य छन्। गत १६ भदौमा सम्पन्न केन्द्रीय समिति बैठकले सदस्यता वितरणलाई सहज बनाउन नियमावलीका तीन बुँदामा संशोधनसमेत गरेको थियो। संशोधित व्यवस्थाले सदस्यता वितरणमा तल्लो तहबाट ढिलाइ भएमा केन्द्रमा रहेका सदस्यता व्यवस्थापन समितिसँग समन्वय गरी केन्द्रीय कार्यालयले सदस्यता प्रक्रिया सहज र छिटो छरितो बनाउन सक्ने व्यवस्था गरिएको छ। यही व्यवस्थालाई टेकेर फास्ट ट्र्याकमा सदस्यताको टुंगो लगाउन लागिएको हो।

सदस्यताको विषय टुंगो लगाउन २ साउन ०७९ मा महामन्त्री गगन थापालाई संयोजकको जिम्मेवारी दिइएको थियो। तर, लामो समिति सदस्यहरू मनोनीत नहुँदा अपूर्ण समितिले सोचेअनुसार गतिविधि बढाउन सकेन। गत १४ कात्तिकमा सीता गुरुङ, योगेन्द्र चौधरी र प्रकाश रसाइली स्नेही सदस्य मनोनीत भएका थिए। यससँगै समितिले सक्रियता बढाएको छ। समितिका अनुसार डोल्पा, बारा र मुस्ताङबाहेकका जिल्लामा क्रियाशील सदस्यता वितरण अघि बढे पनि अपेक्षाकृत रूपमा काम हुन सकेको छैन।

संक्षेप

भीम रावल र एकीकृत समाजवादीका सचिव राजेन्द्र राईबिच भेट

धरान/ एमाले पूर्वउपाध्यक्ष डा. भीम रावल र एकीकृत समाजवादीका सचिव तथा कोशी प्रदेशका पूर्वमुख्यमन्त्री राजेन्द्र राईबिच भेटघाट भएको छ। पूर्वसिंगापुर पुलिस निमेश गुरुङको घरमा दुवै नेताबिच भेटवार्ता भएको हो। गुरुङले रावललाई धरानस्थित आफ्नो निवासमा बोलाएका वेला दुई नेताबिच भेटवार्ता भएको हो। एमालेले पार्टीको साधारण सदस्यसमेत नरहने गरी कारबाही गरेपछि रावल अहिले देश दौडाहामा छन्। रावल र राईबिच भएको भेटघाटका क्रममा उनलाई एकीकृत समाजवादी प्रवेश गराउने सम्बन्धमा कुराकानी भएको छ। तर, रावलले भने मातृभूमि जागरण अभियान लिएर देश दौडाहामा निस्किएको बताउँदै आएका छन्। मोरङ र सुनसरीका विभिन्न स्थानमा भेटघाट गर्दै हिँडेका रावल मातृभूमि जागरण अभियानपछि नयाँ पार्टी गठन गर्ने तयारीमा लागेका छन्।

सुदूरपश्चिमका सरकारी अस्पतालमा रगत निःशुल्क

धनगढी/ सुदूरपश्चिमका सरकारी अस्पतालमा उपचाररत बिरामीले अब रगत निःशुल्क पाउने भएका छन्। रगत आवश्यक परेका बिरामीलाई नेपाल रेडक्रस सोसाइटीद्वारा सञ्चालित रक्तसञ्चार केन्द्रहरूले निःशुल्क रूपमा रगत उपलब्ध गराउनेछन्। सुदूरपश्चिम प्रदेश सरकारले नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्यमा सरकारी अस्पतालमा निःशुल्क रगत सेवाको सुरुवात गरेको हो। यसअघि सेवाग्राहीले रक्तसञ्चार केन्द्रलाई रगत लिएबापत तिर्नुपर्ने शुल्क अब प्रदेश सरकारले व्यहोर्नेछ। सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले सेती प्रादेशिक अस्पताल धनगढीमा उपचाररत निर्मल चौधरीका आफन्त रोशन चौधरीलाई प्रादेशिक रक्तसञ्चार केन्द्र धनगढीबाट निःशुल्क रगत हस्तान्तरण गरेर यो सेवाको सुरुवात गरेका छन्। प्रादेशिक रक्तसञ्चार केन्द्र धनगढी, टीकापुर उपशाखा तथा अन्य आठवटै जिल्लास्थित रेडक्रसबाट सरकारी अस्पतालमा उपचाररत बिरामीलाई निःशुल्क रगतका लागि सम्झौता गरिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ।

■ सडकछेउका विद्युत्का पोल हटाइँदै

सूर्यविनायक-धुलिखेल सडक विस्तारका क्रममा नेपाल विद्युत् प्राधिकरणले बाटोछेउमा पर्ने बिजुलीका पोल धमाधम हटाउँदै छ। सडक विस्तार सुरु भएको दुई वर्ष बितेपछि बल्ल जगातीनजिकैको पोल सार्न सुरु गरिएको हो। तस्बिर : **सतिश पोखरेल**/नयाँ पत्रिका

■ ३८ लाख ८० हजार ठगी प्रकरण

एमाले नेता पोखरेलका निवर्तमान स्वकीय सचिवविरुद्ध किटानी जाहेरी

विराटनगरमा **गणेश लम्साल**

एमाले नेता तथा सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलका निवर्तमान स्वकीय सचिव अनिलकुमार पोखरेलविरुद्ध ३८ लाख ८० हजार ठगी गरी आपराधिक लाभ लिएको आरोपमा किटानी जाहेरी परेको छ। ऋषिकेश एमाले मोरङको अध्यक्ष रहेकै वेला ०७८ पुसमै अनिलविरुद्ध पार्टीमा उजुरी परे पनि गुपचुप राखी उल्टै उनले स्वकीय सचिव बनाएर पुरस्कृत गरेका थिए।

उच्च अदालत विराटनगरले पोखरेलविरुद्धको उजुरी दर्ता गर्न परमादेश नै जारी गरेपछि पीडित सप्तरीको अग्निसाइर कृष्णासवरन गाउँपालिका- ५ का बौआलाल चौधरीले आइतबार दिएको किटानी जाहेरी मोरङ प्रहरीले दर्ता गरेको हो। छोरी दीक्षालाई एमबिबिएसको इन्ट्रान्समा नाम निकालिदिने भन्दै लिएको ३८ लाख ८० हजार फिर्ता नगरेको र उल्टै ५० लाखको तमसुक बनाएको भन्दै बौआलालले एमाले मोरङदेखि प्रहरीसम्ममा उजुरी दिएका थिए। चौधरीले सुरुमा इलाका प्रहरी कार्यालय रंगेली र पछि हुलाकमार्फत जिल्ला प्रहरी कार्यालय मोरङमा उजुरी दिए पनि प्रहरीले दर्ता गरेको थिएन। जिल्ला प्रहरीले त उजुरीको रेकर्ड नै गायब बनाएको थियो। त्यसपछि चौधरीले अदालतको ढोका ढकढक्याएका थिए। उजुरी अघि बढाउन उच्च अदालत विराटनगरले ३१ भदौ ०८१ मा जारी गरेको परमादेश ११ पुसमा प्रमाणीकरण भएसँगै आइतबार प्रहरीमा पुगेको हो।

अनिलकुमार पोखरेल

ठगी गरी आपराधिक लाभ लिएको कसुरमा पोखरेलविरुद्ध उजुरी आएको र अनुसन्धान अगाडि बढाइएको मोरङका एसपी नारायणप्रसाद चिमोरियाले बताए। आपराधिक लाभ लिएको किटानी जाहेरी दर्ता भइसकेकाले अब प्रहरीले अनिललाई पक्राउ गरेर मुद्दा दर्ता गरी अनुसन्धान अगाडि बढाउनुपर्ने बौआलालका कानुन व्यवसायी दुर्गा पोखरेलले बताए। वरिष्ठ कृषि प्रसार अधिकृतबाट अवकाश पाएका बौआलाललाई छोरीको एमबिबिएसमा नाम निकालिदिने भनेर चिनजानका व्यक्तिमार्फत विश्वासमा पारी ०७१ देखि ०७३ सम्म अनिलले पटक-पटक गरेर ३८ लाख ८० हजार रुपैयाँ लिएका थिए। अदालतले ३१ भदौ ०८१ मा परमादेश जारी गरेपछि मात्रै ऋषिकेशले उनलाई पिएबाट हटाएका थिए।

परिवारले भरणपोषण नगरेका चार बालबालिकाको उद्धार

खोटाङमा **केदार लाफा**

६ वर्षदेखि आफ्नै घरको एउटा कोठामा थुनिएका नौ वर्षीय बालकसहित सहाराविहीन चार बालबालिकाको उद्धार गरिएको छ। खोटाङको ऐँसेलुखर्क गाउँपालिका- १ राखाबांदेलका नौ वर्षीय अंगबहादुर थापा र नौ वर्षीया सुजाता राई तथा दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका- १४ बुइपाका ११ वर्षीय विश्वहाङ राई र १२ वर्षीय रुविन राईलाई माया घर नेपालले आइतबार उद्धार गरेको हो।

बालबालिकाको पालनपोषण र पढाइदिने गरी उद्धार गरिएको माया घर नेपालका खोटाङ प्रतिनिधि प्रमेश ढकालले बताए। 'उद्धार गरिएका चारैजना बालबालिकालाई एम्बुलेन्समार्फत इटहरी पठाइएको छ। उनीहरूको पालनपोषण, शिक्षादीक्षा तथा स्वास्थ्य उपचार माया घर नेपालले गर्छ,' उनले भने।

बुबाआमाले घरको कोठामा थुनेर राखेको ठाउँबाट उद्धार गरिएका राखाबांदेलका अंगबहादुर बोल्न र हिँड्नसमेत नसक्ने अवस्थामा रहेको जनाइएको छ। उद्धार गरिएकी राखाबांदेलकै सुजाताको बुबा नभएको तथा आमाले अर्कै व्यक्तिसँग विवाह गरेकी छन्।राखाबांदेलका वडाध्यक्ष पुरुषोत्तम राजभण्डारीका अनुसार लामो समयदेखि बन्धक अवस्थामा रहेका बालक तथा

सहाराविहीन बालिकालाई गाउँपालिका र प्रहरीको समन्वयमा उद्धार गरेर पठाइएको हो।

उद्धार गरिएका बुइपाका विश्वहाङको बुबा पाँच वर्षदेखि बेपत्ता तथा आमाले अर्कैसँग विवाह गरेकी छिन्। बुबाआमा दुवैको सहारा नपाएका विश्वहाङलाई छिमेकीकामा बसिरहेको अवस्थाबाट उद्धार गरेर इटहरीस्थित आश्रयस्थल पठाइएको बुइपाका वडाध्यक्ष दिनेश राईले बताए। बुइपाकै रुविनको बुबा अपांगता रहेको र आमासमेत अशक्त रहेकाले पालनपोषण, शिक्षादीक्षा तथा स्वास्थ्य उपचारमा समस्या भएकाले उद्धार गरिएको जनाइएको छ। रुविनको बुबा शारीरिक रूपमा अपांगता तथा आमा दीर्घरोगी भएकाले उनीहरूको जीवनयापनमा समेत समस्या रहेको वडाध्यक्ष राईले बताए।

Thatikandh Rural Municipality
Office of the Rural Municipality Executive
Lakandra, Dailekh
Karnali Province, Nepal

INVITATION FOR ONLINE BIDS

Date of publication : 06-01-2025**(2081/09/22) 10:00 Hours**

1. Thatikandh Rural Municipality, Office of the Municipal Executive Office, Lakandra Dailekh invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.
2 Bid Document can be downloaded from website www.bolpatra.gov.np/egp. Amendment (s),if any shall be issued only on above website .
3 Eligible Bidders may obtain further information at the office of peoples' Thatikandh rural Municapality Dailekh, website:thatikandhmun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp .

SN.	Contract ID	Description of Work	Estimated Cost Excluding VAT And ps (Nrs.)	Bid Security Amount (NRs.)	Bid validity/Bid Security Period/Price of Bid Document (NRs.)
1	TRM/DLK/NCB/ SBJMBS/06/2081/082	Sheripata Budeni Jauchaur Motor Bato Staronnati Thatikandh Rural Municipality Ward No. 2 Dailekh..	41,83,164.40	1,21,000.00	90days/120days/3000

Chief Administrative Officer

विपत् जोखिम न्यूनीकरण र व्यवस्थापनका उपाय

नेपालको भौगोलिक र जलवायु अवस्थितिले झन्झन् बढाउँदै लगेका विपत्जन्य प्रकोप थप विनाशकारी बन्दै गएका छन्

● डा. वसन्तराज अधिकारी

अग्रलेख

अथाह प्राकृतिक सौन्दर्यले भरिपूर्ण नेपाल विश्वकै प्राकृतिक विपत्को उच्च जोखिममा पर्ने मुलुकमध्ये एक हो। जटिल भूगोल, जलवायु परिवर्तनको प्रभाव र समाजको भौतिक तथा सामाजिक संरचनामा कमजोरीका कारण प्राकृतिक र गैरप्राकृतिक प्रकोपले हरेक वर्ष नेपाललाई तहसनहस बनाउँदै आएको छ। भूकम्प, बाढी, पहिरो, डढेलो, हिमताल विस्फोट, चट्याङ, अत्यधिक गर्मी र चिसोजस्ता विपत्ले देशको सामाजिक, आर्थिक र पर्यावरणीय विकासमा गम्भीर असर पारेका छन्। नेपालमा विपत् व्यवस्थापनको सुरुवात १९८२ मा बनेको दैवीप्रकोप उद्धार ऐनबाट भएको हो। त्यसपछि २०७२ सालमा गएको गोर्खा भूकम्पपछि विपत् व्यवस्थापनमा केही सुधारका प्रयास गरिए। यसले विपत् जोखिम न्यूनीकरण र व्यवस्थापनको आवश्यकता उजागर गर्दै ठोस नीतिगत संरचना निर्माण गर्न जिम्मेवार सबैलाई प्रेरित गर्‍यो। यसैका आधारमा २०७४ सालमा विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन ल्याई राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (एनडिआरआरएमए) स्थापना गरियो। यस संस्थाले संघीय, प्रादेशिक र स्थानीय सरकारबिच समन्वय गर्दै विपत् न्यूनीकरण र व्यवस्थापनका योजना कार्यान्वयन गरिरहेको छ।

तर, अझै पनि धेरै क्षेत्रमा कमजोरी बाँकी नै रहेका देखिन्छन्। विपत् व्यवस्थापनका लागि दीर्घकालीन रणनीति र प्रभावकारी कार्यान्वयन आवश्यक छ।

यस लेखमा नेपालमा विपत् जोखिम न्यूनीकरण र व्यवस्थापनको वर्तमान अवस्था, प्रमुख चुनौती र समाधानका उपायबारे चर्चा गरिएको छ।

नेपालका प्रमुख विपत्हरू : नेपाल विपत्जन्य जोखिमका दृष्टिले अत्यन्त संवेदनशील मुलुक हो। जहाँ बारम्बार विभिन्न विपत्को सामना गर्नुपर्छ। नेपालले झेल्नुपरिरहेका प्रमुख विपत्मा भूकम्प, बाढी, पहिरो, डढेलो, हिमताल विस्फोट, चट्याङ, र अत्यधिक गर्मी तथा चिसो पर्छन्। भूकम्पको जोखिम उच्च रहेको नेपाल २०७२ को गोर्खा भूकम्पको भयानक अनुभवबाट गुज्रिएको धेरै भएको छैन। जसले करिब नौ हजार मानिसको ज्यान लियो र लाखौँलाई बेघर बनायो। मनसुनका समयमा बाढी र पहिरोले तराई र पहाडी क्षेत्रमा ठुलो क्षति पुर्‍याइरहेकै छ। हिउँदमा डढेलोले जैविक विविधता र पर्यावरणलाई नष्ट गर्दै आएको छ। हिमालय क्षेत्रमा जलवायु परिवर्तनका कारण हिमताल विस्फोटको जोखिम बढ्दो छ। चट्याङले ग्रामीण क्षेत्रका संरचनामा ठुलो क्षति पुर्‍याउँदै आएको छ भने अत्यधिक गर्मी र चिसोले ज्येष्ठ नागरिक र बालबालिकालाई गम्भीर असर पारिरहेकै छ। यी सबै समस्याले नेपाललाई थप जोखिमको डिलमा उभ्याएको छ, जसका लागि दीर्घकालीन रणनीति र सुदृढ व्यवस्थापनको खाँचो छ।

यो वर्ष मात्र नेपालका विभिन्न भागमा आएको असामान्य वर्षाले देशलाई ठुलो क्षति पुर्‍याएको छ। सुदूरपश्चिम प्रदेशको दोधारा-चाँदनी नगरपालिकामा भएको अत्यधिक वर्षा (एक दिनमा ६२५ मिमि)ले बस्ती र खेतीयोग्य जमिनमा बाढी पसेर ठुलो जनधनको क्षति भयो। घरहरू बगे, जमिन बगरमा परिणत भयो र दर्जनौँ परिवार विस्थापित हुनुपर्‍यो। यसका अतिरिक्त, मध्य नेपालमा भएको असामान्य भारी वर्षाले पहाडी क्षेत्रमा ठुला पहिरो निम्त्यायो, जसका कारण सडक अवरुद्ध भए, घरहरू भत्किए र स्थानीय जनजीवन ठप्प भयो। यी घटनाले विपत् व्यवस्थापनमा सुधारको खाँचोलाई अझै बलियो रूपमा अगाडि ल्याएको छ। जलवायु परिवर्तनले गर्दा मौसमी गतिविधि असामान्य रूपमा परिवर्तन भएका छन्। सामान्यतया, मनसुनका समयमा हुने भारी वर्षा अहिले असमयमा हुने, एकैछिनमै ठुलो पानी पर्ने र त्यसपछि लामो समयसम्म खडेरी लाग्ने समस्या देखिन्छ। यसले नदी तटीय क्षेत्रमा बसोवास गर्ने समुदायलाई अझै असुरक्षित बनाएको छ। साथै, पहाडी भूभागमा भएको भारी वर्षाले अस्थिर भूभागमा पहिरो निम्त्याएको छ, जसले भौतिक संरचना र मानव जीवनमा ठुलो असर पुर्‍याएको छ। नेपालको भौगोलिक र जलवायु अवस्थाले विपत्जन्य घटनालाई झन्झन् बढाउँदै लगेको छ। भूभागको जटिलता, जमिनको अस्थिरता र जलवायु परिवर्तनका कारणले गर्दा विपत्हरू थप प्रकोपकारी भएका छन्। यसका अतिरिक्त, मानवीय गतिविधिहरू, जस्तै जथाभावी सहरीकरण, वनविनाश, र जलनिकासको अभाव, विपत्जन्य जोखिम बढाउन जिम्मेवार छन्। यी सबै कारणले गर्दा विपत् व्यवस्थापनमा सुधार आवश्यक देखिएको छ।

विपत् जोखिम न्यूनीकरणका चुनौती : नेपाल विपत्को दृष्टिकोणले अत्यन्त जोखिमपूर्ण देश हो। हरेक वर्ष यहाँ साना तथा ठुला विपत्ले हजारौँ मानिसको ज्यान जाने, लाखौँ विस्थापित हुने र अर्बौं रुपैयाँको आर्थिक क्षति हुने गरेको छ। भूकम्प नेपालका लागि सबैभन्दा ठुलो जोखिम हो। २०७२ को गोर्खा भूकम्पले करिब हजारौँको ज्यान लियो, लाखौँ विस्थापित भए र देशको आर्थिक गतिविधिमा व्यापक प्रभाव पर्‍यो। यस्तै, बाढी र पहिरो नेपालका हरेक मनसुनमा हुने नियमित समस्या हुन्। ग्रामीण क्षेत्रमा पहिरोको जोखिम अझै बढी छ भने सहरी क्षेत्रमा जल निकासी प्रणालीको अभावले बाढीको समस्या उग्र भएको छ। विशेष गरी, हिउँदेयाममा डढेलो अर्को ठुलो चुनौती हो नेपालका लागि। नेपालका पहाडी र तराई क्षेत्रका जंगलमा बारम्बार आगलागी हुने समस्याले वनजंगल र जैविक विविधतामा नकारात्मक प्रभाव पार्छ। यस्तै, हिमालय क्षेत्रमा जलवायु परिवर्तनका कारण हिमताल विस्फोटजस्ता नयाँ चुनौती देखापरेका छन्। नेपालको जटिल भूगोल, जलवायु परिवर्तनको प्रभाव र सामाजिक-आर्थिक कमजोरीले गर्दा विपत् व्यवस्थापन झन्झन् कठिन बनेको छ। नेपालको नीति तथा योजना विश्वव्यापी रूपमा मान्य संरचना, जस्तै विपत् जोखिम न्यूनीकरणका लागि सेन्डाई फ्रेमवर्क (एसएफडिआरआर), दिगो विकास लक्ष्यहरू (एडिजिएस) र पेरिस सम्झौतासँग मिलाएर बनाइएको छ। यो संरचना संघीय सरकार, प्रादेशिक र स्थानीय निकायबिच समन्वय गर्ने उद्देश्यले तयार गरिएको हो। यद्यपि, नीति र योजना बलिया भए पनि यसको प्रभावकारी कार्यान्वयनमा अझै समस्या छन्। विपत् जोखिम न्यूनीकरणका लागि पूर्वाधारको अभाव, सीमित बजेट र प्रविधिको कमजोर प्रयोग अहिलेका प्रमुख चुनौती हुन्।

> पूर्वसूचना प्रणालीलाई सुदृढ गर्दै, अध्ययन र अनुसन्धानलाई प्राथमिकता दिँदै र समावेशी योजना लागू गरेर मात्र नेपालले विपत् जोखिम न्यूनीकरणको लक्ष्य हासिल गर्न सक्छ

नेपालमा विपत् व्यवस्थापनमा थुप्रै समस्या छन्। पहिलो, स्थानीय, प्रादेशिक र संघीय सरकारबिच स्पष्ट कार्यक्षेत्रको अभाव छ। यसले विपत् व्यवस्थापनमा समन्वयको कमी ल्याएको छ। दोस्रो, एनडिआरआरएमएमा आवश्यक प्राविधिक र मानव संसाधनको अभाव छ। तेस्रो, आर्थिक स्रोतको अभाव त प्रमुख समस्या भइहाल्यो। विपत् व्यवस्थापनमा अधिकांश योजना अन्तर्राष्ट्रिय दातृ संस्थाहरूको सहयोगमा निर्भर छन्, जसले दीर्घकालीन योजनामा कठिनाइ ल्याएको छ। चौथो, पूर्वसूचना प्रणाली अझै पनि पर्याप्त प्रभावकारी छैन।

पूर्वसूचना प्रणाली विपत् व्यवस्थापनमा सबैभन्दा महत्त्वपूर्ण पाटो हो। यसले विपत् आउनुअघि नै जनतालाई सतर्क गराएर जनधनको क्षति कम गर्न सहयोग गर्छ। जस्तै, दोधारा-चाँदनीमा आएको बाढीका समयमा पूर्वसूचना पुग्दा दर्जनौँ परिवारले समयमै सुरक्षित स्थानमा जान सके र ज्यान बचाउन सफल रहे। यसमा स्थानीय सरकारको पहलकदमी सराहनीय नै छ। तर, नेपालको अरू ग्रामीण र दुर्गम क्षेत्रसम्म पूर्वसूचना प्रवाह पर्याप्त छैन। नेपालमा चट्याङको जोखिम पनि निकै उच्च छ। हरेक वर्ष चट्याङकै कारण दर्जनौँ मानिसको मृत्यु हुने र भौतिक संरचनामा ठुलो क्षति पुग्ने गरेको छ। विशेष गरी, ग्रामीण क्षेत्रहरूमा चट्याङ रोकथामका उपायको अभाव छ। चट्याङको जोखिम न्यूनीकरणका लागि सुरक्षित संरचना निर्माण, चट्याङ रोकथाम यन्त्रको प्रयोग र जनचेतना अभियान सञ्चालन गर्न जरुरी छ।

डढेलो नेपालका ग्रामीण क्षेत्रमा बारम्बार दोहोरिइरहने विपत् हो। हिउँदेयाममा जंगलमा लागेको आगलागीले वनक्षेत्र, जैविक विविधता र स्थानीय समुदायको जीविकामा गम्भीर असर पुर्‍याउँछ। डढेलो रोकथामका लागि सामुदायिक वन समूहलाई सशक्त बनाउँदै स्थानीयस्तरमा 'फायरलाइन' निर्माण गर्नुपर्छ। उपग्रह प्रविधिको प्रयोग गरेर डढेलो सम्भावित क्षेत्रको निगरानी गर्न सकिन्छ। मनसुनका समयमा बाढी र पहिरोले नेपालमा ठुलो क्षति पुर्‍याउँछ। विशेष गरी, तराईका क्षेत्रहरूमा बाढीले घर, जमिन र जनधनमा गम्भीर असर पुर्‍याउँछ। मध्य नेपालका पहाडी बस्तीमा पहिरोले दर्जनौँ घर भत्काउने र बाटो अवरुद्ध गर्ने समस्या सामान्यजस्तै भएको छ। विपत् व्यवस्थापनलाई प्रभावकारी बनाउन लैंगिक समानता र समावेशीकरणलाई प्राथमिकतामा राख्नुपर्छ। महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्तिहरू विशेष गरी विपत्को समयमा बढी जोखिममा पर्ने गर्छन्। विपत् व्यवस्थापन योजनामा यी समूहको आवश्यकता र उनीहरूको भूमिकालाई प्राथमिकतामा राख्नुपर्छ।

निष्कर्ष : नेपालमा विपत् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि नीतिगत र संस्थागत सुधार भए पनि कार्यान्वयनको तहमा अझै चुनौती बाँकी नै छन्। पूर्वसूचना प्रणालीलाई सुदृढ गर्दै, अध्ययन र अनुसन्धानलाई प्राथमिकता दिँदै, र समावेशी योजना लागू गरेर मात्र नेपालले विपत् जोखिम न्यूनीकरणको लक्ष्य हासिल गर्न सक्छ। प्राधिकरणको सशक्त नेतृत्व, अन्तर्राष्ट्रिय साझेदारी र स्थानीय समुदायको सक्रिय सहभागिताले मात्र यो यात्रा सफल हुन सक्छ। सबै तहका सरकार, निजी क्षेत्र, र जनताको सहकार्यबाट मात्रै सुरक्षित र समृद्ध नेपाल निर्माण सम्भव छ।

(विपत् जोखिम न्यूनीकरण र व्यवस्थापन क्षेत्रका विज्ञ डा. अधिकारी इन्जिनियरिङ अध्ययन संस्थानअन्तर्गत विपत् अध्ययन केन्द्रका निर्देशक हुन्)

---

३ प्रश्न

प्रशासन सुधार आयोगका अध्यक्ष **काशीराज दाहाल**लाई

६० उपसचिव मन्त्रालयको बरन्डामा बस्न बाध्य हुने अवस्था कसरी आउँछ ?

यसमा दुइटा कारण जिम्मेवार हुन सक्छन्। एउटा, राजनीतिक तथा नजिकका पहुँचवालाले संरक्षण गरिदिएकाले यस्तो अवस्था आएको हुन सक्छ। अर्को, कर्मचारी स्वयं पनि तोकेको स्थानमा नजाने र रोजेको स्थान पाए जाने मनस्थितिमा भएकाले यस्तो अवस्था आएको हुन सक्छ। वास्तवमा दरबन्दीअनुसार खटाएको स्थानमा कर्मचारीले जान्नँ भन्न मिल्दैन। कर्मचारीको सरुवा, बढुवा र वृत्तिविकासका अवसरलाई अनुमानयोग्य बनाउनुपर्छ। तीन महिनाभन्दा बढी समय काजमा राख्न नपाइने नियमलाई कडाइसाथ लागू गर्नुपर्छ। बाध्यात्मक अवस्थामा रहेका दुई-तीन प्रतिशतका लागि मानवीय संवेदनशीलता हुर्नुपर्ने हुन पनि सक्छ। तर, त्यसबाहेक योग्यता र क्षमताअनुसार ठिक व्यक्तिलाई ठिक ठाउँमा खटाउन सक्नुपर्छ। आठ वर्षमा देशको संविधान बने पनि नौ-दश वर्षसम्म कर्मचारीको संविधान मानिने निजामती प्रशासन ऐन आउन नसक्नु यस्तो बेथितिको मुख्य कारण हो।

२४० भन्दा बढी स्थानीय तहमा रिक्त दरबन्दीमा कर्मचारी खटाउन किन नसकिएको होला ?

कतिपय स्थानीय तहमा खटाइएको कर्मचारी आफैँ जान नचाहने र कतिपय स्थानीय तहमा खटाइएको कर्मचारीलाई हाजिर गर्न नदिनेजस्तो अव्यवस्थाले गर्दा पनि यो अवस्था आएको हो। ठाउँ रोजेर जाने र व्यक्ति रोजेर लाने परिपाटी अन्त्य गरी ठिक ठाउँमा ठिक कर्मचारी खटाउने व्यवस्था गर्ने हो भने यस्तो अव्यवस्थाको अन्त्य हुनेछ।

यस्तो अव्यवस्था आउनुमा मुख्य जिम्मेवार को हो त ?

केही प्रतिशत कर्मचारी स्वयं पनि जिम्मेवार छन्। तर, मुख्य जिम्मेवारी राजनीतिक नेतृत्वकै हो। जोसँग कर्मचारी नियुक्त गर्ने, काममा खटाउनेलगायत अधिकार हुन्छ, उही नै यसका लागि मुख्य जिम्मेवार हुन्छ।

प्रेरक प्रसंग

अष्टावक्रको हाँसो

बालक अष्टावक्र आफ्ना साथीहरूसित खेलेर घर फर्किए। घरमा उनकी माता मात्र थिइन्। उनले चारैतिर हेर्दा पितालाई नदेखेपछि मातासित प्रश्न गरे- माता, पिता कता जानुभयो ? माताले उत्तर दिइन्- राजा जनकको सभामा विद्वान्सित शास्त्रार्थ गर्न जानुभएको थियो, तर अझसम्म फर्किनुभएको छैन। म पनि चिन्ताले व्याकुल छु।

आमाको भनाइ सुनिसकेपछि अष्टावक्रले भने- हजुर चिन्ता नगर्नुहोस्। म राजसभामै पुगेर बाबालाई साथमा लिएर फर्किनेछु। छोराको यस्तो कुरा सुनेर आमाले भनिन्- बाबु, तिमी अहिले बालकै छौ। राजसभामा तिम्रो प्रवेश सम्भव नहुन पनि सक्छ। त्यहाँ तिम्रो उपहास पनि हुन सक्छ। किनकि, तिम्रो शरीर आठ ठाउँमा टेढोमेढो छ। अष्टावक्रले भने- नडराउनुहोस् आमा ! म बाबासँगै छिट्टै फर्किनेछु।

अष्टावक्र अथक प्रयासपछि राजसभामा प्रवेश गर्न सफल भए। उनी प्रवेश गर्नासाथ त्यहाँ उपस्थित विद्वान्हरू उनको टोढोमेढो शरीर देखेर गलल्ल हाँस्न थाले। उनीहरू यस्तो बांगोटिंगो शरीर भएको बालक हामीसित शास्त्रार्थका लागि यहाँ आएको भन्दै उनको उपहास गर्न थाले। तर, बालक अष्टावक्र उनीहरूको हाँसोदेखि कत्ति पनि विचलित भएनन्। उल्टै उनी पनि जोडले हाँस्न थाले।

अष्टावक्र हाँसेको देखेर सभामा उपस्थित सबै विद्वान् आश्चर्यमा परे। राजा जनकले उनीसित यसरी हाँस्नुको कारण सोधे। अष्टावक्रले जवाफ दिए- महाराज, हजुरको राजसभा विद्वान्हरूबाट सुशोभित छ भन्ने मैले सुनेको थिएँ। तर, यो सब झुटो रहेछ। यहाँका कथित विद्वान् त ज्ञानको घमन्डमा डुबेका रहेछन्। यस्ता विद्वान् देखेर म हाँसिरहेको छु।

अष्टावक्रले फेरि भने- महाराज हड्डी, रगत, मासु र छालाले बेरिएको शरीरमा देख्नलायक छ नै के ? तपाईं बताउनुहोस् त, के टेढो शरीरमा आत्मा पनि टेढै हुन्छ हो ? के नदी टेढो छ भन्दैमा उसको पानी पनि टेढै हुन्छ हो ? राजा जनक अष्टावक्रको वचनबाट निकै प्रभावित भए र उनले बालक अष्टावक्रलाई गुरु मानेर उनीबाट तत्त्वज्ञान प्राप्त गरे।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सरकारलाई लाज हुँदैन ?

'सामान्य प्रशासन र गृह मन्त्रालयका बरन्डामा ६० उपसचिव' शीर्षकको समाचार पढ्दा आफू नेपाली भएकामा लज्जाबोध भयो। एकातिर २४० भन्दा बढी स्थानीय पालिकामा प्रमुख प्रशासकीय अधिकृतका पद रिक्त छन् भने अर्कातिर केन्द्रमा जिम्मेवारीविहीन कर्मचारी मन्त्रालयको बरन्डामा उभिएर दिन कटाइरहेका छन्। के सरकारका मन्त्री या जिम्मेवार अधिकारीले यो दृश्य देख्दैनन् हो ? के तिनले यस्तो समाचार पढ्दैनन् हो ? के यो देशमा बुद्धि भएका मानिस सरकारमा जाँदैनन् हो ? के तिनलाई यस्तो अव्यवस्था देख्दा लाज हुँदैन हो ? जवाफ देऊ सरकार !

● **कुमुदा पाख्रिन**, त्रिपुरेश्वर, काठमाडौं

सबैमा निष्ठा छैन हो ?

गृह मन्त्रालयले गठन गरेको अध्यागमन सुधारसम्बन्धी अध्ययन समितिले अध्यागमनमा निष्ठावान् कर्मचारी मात्र पठाउनुपर्ने सिफारिस गरेको समाचार पढियो। अध्यागमनमा निष्ठावान् कर्मचारी मात्र पठाउनुपर्ने भन्नुको अर्थ अन्यत्रचाहिँ निष्ठावान् नभए पनि हुन्छ भन्न खोजिएको हो ? के हाम्रा सम्पूर्ण कर्मचारी निष्ठावान् हुँदैहुँदैनन् भन्न खोजिएको हो ? होइन भने किन निष्ठावान् कर्मचारी मात्र पठाउन सिफारिस गरिरहनुपर्‍यो र ? कुनै कर्मचारी निष्ठावान् हुँदैनन् भने तिनलाई सरकारले किन पालिराख्नुपर्‍यो ?

● **बुद्धिमाया परियार**
दधिकोट, भक्तपुर

क्यानको प्रयास सराहनीय

एनपिएल सकिएको छोटो समयपछि नै नेपाल क्रिकेट संघ (क्यान)ले रातो बल खेलिने दुईदिने फर्म्याटको क्रिकेट आयोजना गरेर निकै सराहनीय काम गरेको छ। क्यानले यो प्रतियोगिता मधेश प्रदेशका दुई प्रमुख सहर जनकपुर र वीरगन्जमा आयोजना गरेर मोफसलमा पनि क्रिकेटलाई थप लोकप्रिय गराउने र क्रिकेट संस्कृतिको विकास गराउन महत्त्वपूर्ण भूमिका खेलेको छ। यसका लागि क्यानका सम्पूर्ण पदाधिकारी र विशेष गरी क्यानका सचिव पारस खड्कालाई विशेष बधाई छ।

● **मुनिता साह**
जनकपुरधाम, धनुषा

संसद् कहिले चल्छ सरकार ?

देशमा प्रजातन्त्र आयो भन्छन्, सरकार निरंकुश बन्दै जान्छ। संसद् नचलाई अध्यादेशबाट देश चलाउने सोच सरकारको देखिन्छ। लामो समयदेखि संसद् बन्द छ। सरकार संसद् चलाउँदैन, प्रतिपक्षी संसद् चलाउन दबाब दिन सक्दैन यसैगरी चलाउने हो देश ? संसद् नै नचलाउने हो भने निर्वाचनचाहिँ किन गर्नुपर्‍यो ? मिलीजुली खाए भइहाल्यो नि। जनता बोल्ने होइन, के फरक पर्‍यो ? जनताका समस्याबारे छलफल गर्ने ठाउँ संसद् नै बन्द भएपछि छलफलचाहिँ कहाँ र कसरी गर्ने ? सरकारले संविधान संशोधन गर्ने भनिरहेको छ। संसद् सुचारु गरेर के-के विषयमा संविधान संशोधन गर्ने हो, छलफल गर्नुपर्दैन ? कसैलाई खुसी पार्नकै लागि संविधान संशोधन गर्ने त पक्कै होइन होला। दुईतिहाइको सरकार छ। यो सरकारले गर्न नसक्ने केही छैन। हिजो गर्न पाइनँ भनेर रोइलो गर्ने सरकारले अहिले गरे भएन ? के हेरेर बसेको छ ऊ ?

राष्ट्रलाई उच्च विन्दुमा राखेर गरिने निर्णय सबैलाई स्वीकार्य हुन्छ। तर, देश र जनताप्रति घात गर्ने काम भने कुनै हालतमा स्वीकार्य हुनेछैन। अहिले सरकारको रबैया ठिक छैन। सरकारले जनआवाजभन्दा पनि आफ्ना 'यस म्यान'का आवाज सुन्ने गरेको प्रस्ट देखिन्छ। पार्टीभित्र होस् या बाहिर, सरकारको विषयमा बोल्न प्रतिबन्ध लगाइएबराबर छ। प्रधानमन्त्री केपी ओलीको पार्टीभित्र वैकल्पिक मत राख्नसम्म नपाइने अवस्था सिर्जना गरिएको छ। यसरी त कतिन्जेल चल्ला र ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

प्यालेस्टिनी पत्रकारमाथिको अत्याचारमा मौनता प्रत्युत्पादक

पत्रकारको सामूहिक हत्यालाई सामान्य बनाउने इजरायली प्रयास प्यालेस्टिनी सञ्चार श्रमिकका लागि मात्र नभई सबै पत्रकारका लागि खतरा हो

देश/विदेश

● दाउद कुत्ताब

इजरायली सेनाले २६ डिसेम्बर २०२४ मा एक विज्ञप्ति जारी गर्दै युद्ध अपराधको बचाउ गर्ने प्रयास गरेको थियो। सेनाले केन्द्रीय गाजाको नुसैरात शरणार्थी शिविरस्थित अल-अब्दा अस्पतालनजिक स्पष्ट रूपमा प्रेस चिह्नित गाडीभित्र रहेका पाँच प्यालेस्टिनी पत्रकारको हत्या गरेको स्विकारेको थियो। ती पत्रकार इब्राहिम सेख अली, फैसल अबु अल-कुमसान, मोहम्मद अल-लादा, फादी हसौना र अयमान अल-गिदी थिए। यसमा थप दुःखको कुरा के हो भने अयमान आफ्नी श्रीमतीलाई अस्पताल पुर्‍याउन आएका थिए, जहाँ उनी पहिलोपटक सुत्केरी हुँदै थिइन्। त्यहीँ उनले आफ्ना सहकर्मीलाई भेट्न गाडीमा गएका वेला हमला भयो। र, केही घण्टापछि उनको छोराको जन्म भयो, तर विडम्बना छोराले पितालाई देख्न पाएनन्। इजरायली सेनाले ती पाँच प्यालेस्टिनीलाई 'पत्रकारका भेषमा रहेका आतंककारी' भन्ने दाबी गर्दै प्यालेस्टिनी इस्लामिक जिहादसँग सम्बन्धित अल-कुद्स अल-यौम टिभीमा काम गर्ने भएकाले 'युद्ध प्रोपोगान्डा' फैलाएको आरोप लगाएको थियो। तर, सेनाले तिनले हतियार बोकेको वा कुनै पनि अन्य किसिमका सशस्त्र गतिविधिमा संलग्न रहेको दाबी भने गरेको थिएन। धेरै पश्चिमा सञ्चारगृहले इजरायली सेनाको विज्ञप्तिलाई वस्तुपरक तथ्य मान्दै कुनै प्रश्न नउठाई उद्धृत गरेका थिए। पश्चिमा सञ्चारगृहले यी पत्रकारले 'प्रोपोगान्डा' फैलाएकै भए पनि आक्रमण गरिनु युद्ध अपराध हो भन्ने बुझेनन्। अन्तर्राष्ट्रिय कानुनअनुसार सेनाले रुचाउने वा नरुचाउने जस्तोसुकै रिपोर्टिङ गरे पनि पत्रकारले संरक्षण पाउँछन्। जेनेभा महासन्धिको एडिसनल प्रोटोकलको अनुच्छेद ७९ अनुसार युद्ध क्षेत्रमा खतरनाक पेसागत मिसनमा संलग्न सबै पत्रकारलाई नागरिकका रूपमा लिइनेछ। र, यी पत्रकारले सेनाबाट प्रमाणित हुनुनपर्ने गरी संरक्षण पाउनुपर्छ। अन्तर्राष्ट्रिय कानुनी प्रावधानलाई पूर्ण रूपमा बेवास्ता गर्दै इजरायली सेनाले गत १५ महिनादेखि प्यालेस्टिनी पत्रकारको हत्या गरिरहेको छ। गाजा सरकार मिडिया कार्यालयका अनुसार ७ अक्टोबर २०२३ देखि गाजामा दुई सय एक पत्रकारको हत्या गरिएको छ। अन्य स्रोतले यो संख्या दुई सय १७ को वरिपरि रहेको जनाएका छन्। न्युयोर्क आधारित कमिटी टु प्रोटेक्ट जर्नलिस्ट्स (सिपिजे)का अनुसार ७ अक्टोबर २०२३ देखि ३१ डिसेम्बर २०२४ सम्म गाजा र कब्जा गरिएका वेस्ट बैंकमा एक सय ३८ जना प्यालेस्टिनी पत्रकारको हत्या गरिएको छ, जसमा २६ डिसेम्बरको इजरायली सेनाको आक्रमणमा मारिएका पाँच पत्रकार पनि समावेश छन्। पेरिसमा आधारित रिपोर्टर्स विदाउट बोर्डर्सले इजरायली पत्रकारको हत्यालाई 'अभूतपूर्व रक्तपात' र प्यालेस्टाइनलाई 'पत्रकारका लागि सबैभन्दा खतरनाक देश'को संज्ञा दिएको छ। सिपिजेले इजरायललाई 'पत्रकार थुन्ने देश'का रूपमा सूचीबद्ध गरेको छ र इजरायली सरकारले प्यालेस्टिनी सञ्चार श्रमिकलाई संरक्षण दिन अस्वीकृत मात्र गरेको छैन विदेशी पत्रकारलाई समेत गाजामा प्रवेश गर्नबाट रोकेको छ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले गाजामा विदेशी पत्रकारको प्रवेशमा लगाइएको प्रतिबन्धको विरोध गर्न खासै कदम चालेको देखिँदैन। गर्मीयाममा ६० मिडिया संस्थाले मात्र एक याचिकासँगै समर्थन जनाएपछि कुनै ऐक्यबद्धता अहिलेसम्म देखिँदैन। सामान्यतया, जब कुनै प्रमुख सञ्चारगृहलाई स्थानविशेषमा पहुँच दिइँदैन तब यस्ता प्रतिबन्धलाई समाचार रिपोर्टमा विरोधका रूपमा उल्लेख गरिन्छ। तर, गाजाको मामलामा इजरायललाई विशेषतः मूलधारका पश्चिमा सञ्चारगृहले कमै विरोध गरेका छन्,

तस्बिरः फादेल एए अल्माघारी/एनाडोलु

अर्थात् यी सञ्चारगृहले इजरायली प्रेस विज्ञप्तिलाई प्रायः आँखा चिम्लेर तथ्यका रूपमा स्वीकार गर्छन्।

यो भागीदारीले इजरायललाई भाष्यको नियन्त्रण गर्न र यसका कार्यलाई 'सबैभन्दा नैतिक सेनाले' अन्तर्राष्ट्रिय कानुनभित्र रही प्रतिरक्षा युद्धका रूपमा प्रस्तुत गर्न अनुमति दिएको छ। राष्ट्र संघका विशेषज्ञ, बिसेलेमजस्ता इजरायली गैरसरकारी संस्था, र प्रमुख अन्तर्राष्ट्रिय मानवाधिकार संस्थाले इजरायलका क्रियाकलापको आलोचना गरे पनि परम्परागत मिडियाले अझै इजरायललाई शंकाको लाभ दिने गर्छन्। पश्चिमा सञ्चारगृहले इजरायली दाबीमाथि अनुसन्धान गरेका केही दुर्लभ घटना देख्न भने सकिन्छ। उदाहरणका लागि हालै दी न्युयोर्क टाइम्सले गम्भीर अपराधको उजागर गरेको थियो। तथापि, यस्ता अनुसन्धान प्रायः अरब र केही वामपन्थी इजरायली सञ्चारमाध्यमले महिनौंअघि गरिसकेका हुन्छन्। यसो हुनुको पछाडि आफूलाई 'मध्यपूर्वको एक मात्र लोकतन्त्र' भनेर दाबी गर्ने इजरायलले दण्डहीनतासाथ पत्रकारको हत्या गर्ने गर्छ। र, इजरायलले वर्षौंदेखि सञ्चार श्रमिकविरुद्धको हिंसामा कहिल्यै जवाफदेही हुनुपरेको छैन। प्यालेस्टिनी-अमेरिकी पत्रकार सिरिन अबु अक्लेको सन् २०२२ मा जिनिनमा भएको हत्या यसको उदाहरण हो। यस मामिलामा भने पश्चिमा सञ्चारगृहले हत्याबारे समाचार र अनुसन्धान गरेका थिए। इजरायलले घटनालाई एक 'विकृत अपवाद' भन्दै टाल्यो र दोषी सैनिकलाई जवाफदेही बनाउने पनि भन्यो, तर त्यस्तो केही पनि भएन।

हाम्रा विदेशी सहकर्मीले इजरायलले पत्रकारको सामूहिक हत्यालाई सामान्य बनाउने प्रयासले केवल प्यालेस्टिनी सञ्चार श्रमिकका लागि मात्र नभई सबै पत्रकारका खतरा हो भन्ने बुझ्नुपर्छ। यदि युद्ध क्षेत्रमा यस्ता घृणित व्यवहार सामान्य बनाइन्छन् भने कुनै पनि पत्रकार जहाँसुकैको राहदानी बोके पनि सुरक्षित हुनेछैन। अन्तर्राष्ट्रिय सञ्चार समुदायले इजरायलको आलोचनामा बहानाबाजी बन्द गर्नुपर्छ र यसका क्रियाकलापलाई जस्ताको त्यस्तै भन्नुपर्छ अर्थात् युद्ध अपराध भन्न हिच्किचाउनु हुँदैन। विश्वभरिका पत्रकारले आफ्ना प्यालेस्टिनी सहकर्मीसँग ऐक्यबद्धता जनाउने र जवाफदेहिता माग गर्ने समय आएको छ। यी पत्रकारले आफ्ना सरकारबाट इजरायलमाथि प्रत्यक्ष प्रतिबन्ध लगाउन माग गर्न ढिला भइसकेको छ।

(कुत्ताब वरिष्ठ प्यालेस्टिनी पत्रकार हुन्)
अल जजिराबाट

भारतबारे दुई गुटमा विभाजित ट्रम्प समर्थक

● शशी थरुर

संयुक्त राष्ट्रसंघका पूर्वउपमहासचिव र भारतका पूर्वविदेश राज्यमन्त्री तथा मानव संसाधन विकास राज्यमन्त्री थरुर हाल भारतीय राष्ट्रिय कंग्रेसका सांसद हुन् ।

अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पको 'मेक अमेरिका ग्रेट अगेन(मागा)' अभियानमा पछिल्लो समय दुई गुटमा विभाजित देखियो । आश्चर्य मान्नुस् या नमान्नुस्, मागालाई लिएर ट्रम्पका समर्थक दुई गुटमा विभाजित छन् । अमेरिकी महानतालाई पुनर्स्थापना गर्ने दाबी गर्दै आएको यस आन्दोलनका दुई गुटमध्ये एउटाले अलगाववाद, कर कटौती र नीति छुटलाई अमेरिकाको महानता कायम गर्ने माध्यम मान्छ । यसका लागि बाह्य विश्वका मामिलामा अमेरिकाले हस्तक्षेप गर्न नहुने, करको दर कटौती गर्नुपर्ने, सरकारको आकार घटाउनुपर्ने र विश्वभर उपलब्ध उत्कृष्ट प्रतिभालाई आकर्षित गरेर व्यापार वृद्धिमा जोड दिनुपर्ने उनीहरूको मान्यता छ । तर, अर्को गुटका मानिसका लागि मागा आन्दोलन सधैं नै बहुसांस्कृतिक र बहुलवादविरुद्धको प्रतिक्रिया रहँदै आएको छ ।

अधिकांश तथ्यांकले अमेरिकामा वसोबास गर्ने भारतीयहरू एक आदर्श अल्पसंख्यक रहेको देखाएको छ । अमेरिका पुगेका ७२ प्रतिशत भारतीय आप्रवासीहरूले विश्वविद्यालय अध्ययन पूरा गरेका छन् । र, भारतीय सबैभन्दा धेरै कमाउने आप्रवासी समूह हो । गत २५ वर्षमा सिलिकन भ्यालीमा खुलेका जति पनि उद्यम छन्, २५ प्रतिशतको नेतृत्व भारतीय (र, भारतीय-अमेरिकी)ले गरेका छन् । यहाँसम्म कि अल्फाबेट (गुगलको मातृसंस्था), माइक्रोसफ्ट, एडोब र आइबिएमलगायत विशाल अमेरिकी कम्पनीको नेतृत्व पनि भारतीयले नै गरिरहेका छन् । यसैले अर्थतन्त्रलाई प्राथमिकता दिने मागा गुटका सदस्यहरू ट्रम्पले उनको आगामी सरकारका प्रमुख पदमा धेरै भारतीय-अमेरिकीहरूलाई मनोनयन गर्दा पूर्ण सन्तुष्ट देखिए ।

पछिल्लो समय ट्रम्पद्वारा मनोनयन गरिएका भारतीय मूलका अमेरिकीहरूमा जय भट्टाचार्य (नेसनल इन्स्टिच्युट्स अफ हेल्थका निर्देशक) र कश्यप 'कस' पटेल (एफबिआईका प्रमुखका रूपमा)को नाम उलेखनीय रह्यो । त्यसअघि ट्रम्पले संघीय बजेट घटाउन सल्लाह दिने गरी गठन गर्न लागिएको 'डिपार्टमेन्ट अफ गभर्नमेन्ट इफिसियसन्स'को नेतृत्वमा एलोन मस्कसँगसँगै भारतीय मूलका विवेक रामास्वामीलाई पनि चुनेका छन् । यी नियुक्तिहरूले 'मागा' आन्दोलनको श्वेत राष्ट्रवादी गुटलाई पहिले नै भित्रभित्रै क्रुद्ध बनाएको थियो । ट्रम्पले जब चेन्नई(भारत)मा जन्मिएर अमेरिकी व्यवसायी श्रीराम कृष्णनलाई 'आर्टिफिसियल इन्टेलिजेन्स(एआई)' विषयको वरिष्ठ नीति सल्लाहकार मनोनयन गरे, अश्वेत समूहले आफ्नो आक्रोशलाई लुकाइराख्न सकेनन् । एक प्रयोगकर्ताले सामाजिक सञ्जाल एक्समा लेखे, 'के तपाईंहरूले मत हाल्दा भारतीयलाई अमेरिका चलाउन मत दिनुभएको थियो ?'

कृष्णनप्रतिको श्वेत-राष्ट्रवादी मागा कट्टरपन्थीहरूको समस्या बुझ्न केही पृष्ठभूमि जान्नुपर्छ । नोभेम्बर १४ मा मस्कले उनको सहनेतृत्वमा गठन हुने डिपार्टमन्टका लागि सुझाव दिन एक्समा एउटा पोस्ट गरे । सोही पोस्टमा लेख्दै कृष्णनले भने 'ग्रिन कार्डका लागि देशहरूमाथि लागेको नियन्त्रण हटाउने र कुशल आप्रवासी भित्र्याउने मार्ग खुलाउनु ठुलो कुरा हुनेछ ।' दुई वर्षअघि इलन मस्कले तत्कालीन ट्विटर हालको एक्स खरिद गरेपछि यसको नेतृत्वमा चुनेका व्यक्ति हुन् कृष्णन) । लगत्तै अर्को महिना जब ट्रम्पले कृष्णनको मनोनयनको घोषणा गरे, मानिस पुराना कुरा लिएर प्रतिक्रियामा उत्रिए । एक प्रमुख मागा अभियन्ता लौरा लुमरले एक्समा कृष्णनको मनोनयन 'गम्भीर विचलन' भएको घोषणा गरिन् । 'ग्रिन कार्डको सबै प्रकारका सीमा हटाउन चाहने व्यक्तिले कसरी 'अध्यागमन नियन्त्रण' र 'अमेरिकाकेन्द्रित नवप्रवर्तन प्रवर्द्धन' गर्न सक्छ ? यसरी त अमेरिकीहरूलाई दिइनुपर्ने जागिर विदेशी विद्यार्थीहरूको हातमा जाने अवस्था आउँछ,' लुमरले एक्समा लेखिन् ।

> डोनाल्ड ट्रम्प नेतृत्वमा रहेको 'मेक अमेरिका ग्रेट अगेन (मागा)' अभियानभित्रको एउटा गुटले अमेरिकाको 'महानता'का लागि भारतजस्ता देशहरूका प्रतिभालाई आकर्षित र प्रवर्द्धन गर्नुपर्ने विचार राख्दा, श्वेत राष्ट्रवादी कट्टरपन्थी गुटले भने सबै आप्रवासनलाई समस्याको रूपमा हेरेको छ

तर, कृष्णनले ग्रिनकार्डमा (अमेरिकी स्थायी बसोवास भिसा) देशगत संख्या सीमा मात्र हटाउने उल्लेख गरेका थिए । प्रत्येक वर्ष हरेक देशका निश्चित संख्याका व्यक्तिहरूलाई मात्र यो कार्ड जारी गरिन्छ । ग्रिनकार्डको संख्यामा समान रूपमा सीमा तोक्दा ठूला देशका नागरिक प्रभावित हुन्छन् । विशेष गरी भारतजस्ता, दक्ष कामदारहरूको ठुलो संख्या भएको देश यसबाट अहिले प्रभावित छ । ह्वाइट हाउसका लागि एआई र क्रिप्टो जारका रूपमा मनोनीत डेभिड स्याक्सले यही पक्षलाई औंल्याएझैं भने 'हरेक देशका लागि बराबर संख्याको ग्रिनकार्ड संख्या तोकिएको छ । देशहरूमा योग्य आवेदक जति भए पनि वास्ता गरिँदैन ।' यस व्यवस्थाको कारण भारतका आवेदकहरूले ११ वर्ष पर्खिनुपर्छ, जबकि अन्य कैयौं देशका आवेदकले पर्खनैपर्दैन ।

तर, लुमर र उनको समूहका अन्य सदस्य सबै आप्रवासीलाई समस्या ठान्छन् । किनकि यसले अमेरिकाको इसाई, गोरो पहिचान कमजोर बनाउने र अमेरिकीहरूबाट रोजगारी खोस्ने उनीहरूको दाबी छ । यस्तोमा, जनसंख्याको २-३ प्रतिशत हिस्सा मात्र इसाई भएको र गोरा(युरोपियन) नभएको भारतबाट आउने आप्रवासीलाई उनीहरूले सहने कुरा भएन । वर्षको सुरुमा रिपब्लिकन पार्टीबाट राष्ट्रपति पदमा उम्मेदवार दिएका रामास्वामीबारे टिप्पणी गर्ने क्रममा उग्र दक्षिणपन्थी विश्लेषक एन कल्टरले 'उनी भारतीय भएकाले उनका धेरै विचारसँग सहमत भए तापनि आफूले कहिल्यै रामास्वामीलाई मतदान नर्ग नसक्ने 'बताएकी थिइन् ।

उता भारतीय मूलका रो खन्ना र श्री थानेदारका अनुभव पनि सुखद छैन । खन्नाले कृष्णनको पक्षमा तर्क गर्दै उनीजस्ता प्रतिभाशाली व्यक्तिहरू चीनजस्ता मुलुक नगएर अमेरिका आउन चाहनु अमेरिकीहरूका लागि खुसीको विषय हुनुपर्ने बताए । खन्नाको तर्कमा जवाफ दिनेहरूमध्ये एकजनाले लेखेका छन् 'यदि तिनीहरू यति धेरै प्रतिभाशाली थिए भने तिनले आफ्नो जन्मदेश किन सुधारेनन् त ?'। अर्कोले थप नश्लवादी टिप्प्णी गर्दै उनले भने, 'हामी गोरा आप्रवासीहरू चाहन्छौं, आक्रामक खैरो मानिसको भिड होइन ।' यसैगरी, 'एच-१बी' बहसमा भारतीय मूलका अमेरिकीलक्षित 'आपत्तिजनक बयानबाजी'हरूलाई थानेदारले निन्दा गर्दा उनीमाथि नश्लीय दुर्व्यवहारको बाढी आयो । एकजना एक्स प्रयोगकर्ताले लेखे, 'के म तपाईंलाई मुम्बईको टिकट किनिदिऊँ ? अवश्य पनि एकतर्फी टिकट किनिदिन्छु ।' अर्कोले घोषणा गर्‍यो ,' वाह, तपाईं त आफ्ना देशवासी मेरो देशमा थुपार्ने धन्दामा लागेको विदेशी हुनुहुँदोरहेछ, त्यो पनि मेरा देशवासीसँग प्रतिस्पर्धा गर्नका लागि ?'

निश्चित रूपमा, ट्रम्प समर्थकहरू नश्लवादबाट प्रेरित भएर मात्र आप्रवासनको विरोध गरिरहेका छैनन् । खन्ना र थानेदारलाई दिइएका जवाफले पनि धेरै अमेरिकीहरू कामको बढ्दो प्रतिस्पर्धाबाट चिन्तित देखिन्छन् । विशेषतः एआईले द्रुत रूपमा कामदारहरूलाई विस्थापित गर्ने खतरामाझ सीमित काम पनि आप्रवासीले खोसिदेलान् भन्ने डर बढेको छ । तर, 'मागा'भित्रका दुवै प्रतिद्वन्द्वी पक्षलाई खुसी पार्ने एउटा सरल उपाय छ, त्यो हो भारतीय कामदार अमेरिका ल्याउनुको सट्टा अमेरिकाले भारतमा नवप्रवर्तन आउटसोर्स प्राप्त गर्ने । यदि अमेरिकी लगानीकर्ताहरूले अत्याधुनिक अनुसन्धान र विकास गर्न सक्षम भारतीय फर्महरूमा लगानी गरे भने, अमेरिकाले अध्यागमन प्रवाह नबढाई नवप्रवर्तन र गतिशीलताको फाइदा उठाउन सक्छ । त, र यो पनि एउटा नश्लवादीलाई मन नपर्न सक्छ, यसमा भारतलाई पनि फाइदा पुग्नेछ । त्यस अवस्थामा 'मागा' 'माइगा'मा बदलिनेछ, अर्थात् 'मेक अमेरिका एन्ड इन्डिया ग्रेट अगेन' हुनेछ ।

– प्रोजेक्ट सिन्डिकेटबाट

इतिहासमा आज

जनवरी ६

सन् १९२९ : मदर टेरेसा अल्बानियाबाट भारत पुगिन । टेरेसाले उनले सन् १९५० मा कोलकातामा मिसनरिज अफ च्यारिटीको स्थापना गरेकी थिइन् । उनले स्थापना गरेको च्यारिटीले भारतमा गरिब, बिरामी, अनाथ, र मर्न लागेका मानिसहरूको सहयोग गरेको थियो । उनलाई सन् १९७९ मा शान्तितर्फको नोबेल पुरस्कारले सम्मान गरिएको थियो ।

सन् १८८९ : पोल्यान्डमा राउन्ड टेबल वार्ता । पोल्यान्ड सरकार र ट्रेड युनियन सोलिडारिटीबिचको वार्तासँगै पूर्वी युरोपमा कम्युनिजम अन्त्यको सुरुवात ।

सन् १९१२ : जर्मनीका वैज्ञानिक अल्फ्रेड वेग्नरले कन्टिनेन्टल ड्रिपट सिद्धान्त आविष्कार गरेका थिए । उनको सिद्धान्त प्लेट टेक्टोनिकको सिद्धान्तको विकासका लागि महत्त्वपूर्ण आधारसमेत बनेको थियो ।

सन् १९५२ : एलिजाबेथ द्वितीय संयुक्त अधिराज्यको महारानी घोषित । जर्ज छैटौंको मृत्युसँगै एलिजाबेथ राजगद्दीको उत्तराधिकारी बनेकी थिइन् । महारानीको सेप्टेम्बरमा निधन भएको थियो ।

सन् १९६३ : सबै सोभियत हतियार क्युबाबाट बाहिर रहेको अमेरिकी रिपोर्ट ।

सन् १९६४ : इंग्लिस नहरमुनि एउटा रेल सुरुङ बनाउने विषयमा पेरिस र लन्डनबिच सहमति ।

सन् २०२१ : अमेरिकामा कंग्रेस वैठक चलिरहेका वेला पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पका समर्थकहरू बैठक कक्षमा पसेर हुलदंगा मच्चाएका थिए । राष्ट्रपतिमा निर्वाचित जो बाइडनलाई प्रमाणपत्र दिन बैठक आयोजना भइरहेका वेला निर्वाचनमा व्यापक धाँधली भएको भन्दै ट्रम्पका समर्थकहरूले हुलदंगा गरेका थिए ।

विश्व संक्षेप

पत्रकार हत्याको अनुसन्धान गर्न माग

नयाँदिल्ली/ पत्रकार दिनप्रतिदिन असुरक्षित भएको भन्दै भारतीय प्रेस वाचडले सञ्चारकर्मीमाथि भएका हमलाको अनुसन्धान माग गरेको छ । कंक्रिटले ढाकिएको सेप्टिट्यांकीमा एक पत्रकारको क्षतविक्षत शव फेला परेपछि मिडिया वाचडगले विस्तृत अनुसन्धानको माग गरेको हो । २८ वर्षीय स्वतन्त्र पत्रकार मुकेश चन्द्राकरले भारतको मध्य छत्तीसगढ राज्यमा भ्रष्टाचार र दशकौं पुरानो माओवादी विद्रोहबारे व्यापक रूपमा रिपोर्टिङ गरेका थिए । उनले लोकप्रिय युट्युब च्यानल 'बस्तर जंक्सन' सञ्चालन गर्दै आएका थिए । भारतीय प्रेस काउन्सिलले चन्द्राकरको संदिग्ध हत्याबारे 'चिन्ता' व्यक्त गर्दै शनिबार राति एक विज्ञप्तिमा 'घटनाको तथ्य'मा प्रतिवेदन माग गरेको छ । चन्द्राकर बेपत्ता भएको उनको परिवारले रिपोर्ट गरेपछि प्रहरीले उनको मोबाइल फोन रेकर्ड ट्र्याक गरेपछि जनवरी ३ मा उनको शव फेला परेको थियो । तीनजनालाई पक्राउ गरिएको छ ।

७७ लाख मानिस खाद्य असुरक्षा जोखिममा

खार्तुम/ विश्व खाद्य कार्यक्रम (डब्लुएफपी)ले दक्षिण सुडानका लाखौं मानिसहरूलाई तत्काल मानवीय आवश्यकतालाई सहयोग गर्न आगामी ६ महिनामा ४०४ करोड अमेरिकी डलर आवश्यक पर्ने बताएको छ । बिहीबार साँझ जारी गरिएको आफ्नो पछिल्लो प्रतिवेदनमा डब्लुएफपीले दीर्घकालीन खाद्य तथा पोषण असुरक्षाका कारण देश लामो समयदेखि मानवीय संकटको सामना गरिरहेको जनाएको छ । प्रतिवेदनले सुडानमा जारी द्वन्द्वले अवस्था झन् बिग्रिएको र सन् २०२४ नोभेम्बर ३० सम्ममा आठ लाख ९२ हजार मानिस दक्षिण सुडानबाट भाग्न बाध्य भएको जनाएको छ । 'परिस्थिति झन् खराब हुन सक्छ । सन् २०२५ मा करिब ७७ लाख मानिस गम्भीर खाद्य असुरक्षाको सामना गर्न सक्छन्,' डब्लुएफपीले चेतावनी दिए । प्रतिवेदनका अनुसार करिब ७७ लाख मानिसमध्ये २५ लाखले खाद्यान्न असुरक्षाको आपतकालीनस्तरको सामना गर्न सक्ने जनाएको छ ।

INVITATION FOR SEALED BIDS

Sanima Bank invites sealed bids from interested insurance companies for Medical Insurance (Hospitalization/OPD) and Accidental (Permanent disability and/or death) Insurance for its account holders.

For more details, please visit **https://www.sanimabank.com** or contact Bank's General Service Department, Head Office, Naxal, Kathmandu.

The bank reserves the right to accept partly or reject any or all bids without assigning any reason whatsoever.

"Scan Me for More Details"

Sanima Bank www.sanimabank.com

Alakapuri, Naxal, Kathmandu | Tel No.: 01-5970033 | Email: sanima@sanimabank.com

नबिल बैंक लिमिटेड, सिमरा शाखा, बाराको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति : २०८१/०९/२२)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०३/१२ को नयाँ पत्रिका दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुले को दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **सिमरा शाखा, बारा**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

तपसिल

१

ऋणीको नाम र ठेगानाको विवरण

कृष्ण बहादुर दर्जीकी छोरी शेर बहादुर दर्जीकी बुहारी यम बहादुर दर्जीकी श्रीमती पर्सा जिल्ला ठोरी गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल बारा जिल्ला जितपुर सिमरा उ.म.न.पा. वडा नं. ०२ बस्ने, ना.प्र.नं. ३४३०८१/४६४ (जारी मिति: २०६३/१०/०९, स्थान पर्सा) भएकी **अनिता माया दर्जी ।**

व्यक्तिगत जमानतकर्ताको विवरण

मान बहादुर दर्जीको नाति शेर बहादुर दर्जीको छोरा पर्सा जिल्ला ठोरी गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल बारा जिल्ला जितपुर सिमरा उ.म.न.पा. वडा नं. ०२ बस्ने, ना.प्र.नं. १०८८२ (जारी मिति: २०५८/०३/१९, स्थान पर्सा) भएका **यम बहादुर दर्जी ।**

२

ऋणीको नाम र ठेगानाको विवरण

मान बहादुर दर्जीको नाति शेर बहादुर दर्जीको छोरा पर्सा जिल्ला ठोरी गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल बारा जिल्ला जितपुर सिमरा उ.म.न.पा. वडा नं. ०२ बस्ने, ना.प्र.नं. १०८८२ (जारी मिति: २०५८/०३/१९, स्थान पर्सा) भएका **यम बहादुर दर्जी ।**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

कृष्ण बहादुर दर्जीकी छोरी शेर बहादुर दर्जीकी बुहारी यम बहादुर दर्जीकी श्रीमती पर्सा जिल्ला ठोरी गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल बारा जिल्ला जितपुर सिमरा उ.म.न.पा. वडा नं. ०२ बस्ने, ना.प्र.नं. ३४३०८१/४६४ (जारी मिति: २०६३/१०/०९, स्थान पर्सा) भएकी **अनिता माया दर्जी ।**

सयुक्त धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण:
पर्सा जिल्ला ठोरी गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल बारा जिल्ला जितपुर सिमरा उ.म.न.पा. वडा नं. ०२ बस्ने **यम बहादुर दर्जी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बारा जिल्ला पिप्रासिमरा गा.वि.स. वडा नं. ०२ नक्सा सीट नं.२घ१ मा अवस्थित कि.नं. १६८ क्षेत्रफल ०-०-६ विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **सिमरा शाखा, बारा** बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/१०/०७ गते ४:०० बजे भित्र यस बैंकको **सिमरा शाखा, बारा**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/१०/०८ गते ३:०० बजे बैंकको **सिमरा शाखा, बारा**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाा जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०.बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११.लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **सिमरा शाखा, बारा**का मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२.अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

नबिल बैंक लिमिटेड, सिमरा शाखा, बाराको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति : २०८१/०९/२२)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८०/०१/२१ को नयाँ पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरे को हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **सिमरा शाखा, बारा**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

तपसिल

ऋणीको नाम र ठेगानाको विवरण

जनक भट्टराईको छोरी बोध राज भक्त उप्रेतीको बुहारी, सोमराज उप्रेतीकी श्रीमती मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ४ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०२ बस्ने नागरिकता नं. १९/१९४ , (जारी मिति: २०५३/०८/३०, स्थान मकवानपुर) भएकी **असिना देवी उप्रेती ।**

व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. लक्ष्मण भक्त उप्रेतीको नाति बोध राज भक्त उप्रेतीको छोरा मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ४ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०२ बस्ने नागरिकता नं.८५५ , (जारी मिति: २०३३/०३/३१, स्थान मकवानपुर) भएको **सोमराज उप्रेती ।**
२. बोध राज भक्त उप्रेतीको नाति सोमराज उप्रेतीको छोरा मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ४ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०२ बस्ने नागरिकता नं. ७६६, (जारी मिति: २०५९/०७/१३, स्थान मकवानपुर) भएको **दिपेश कुमार उप्रेती ।**
३. विष्णु हरी पौडेलकी छोरी, सोमराज उप्रेतीकी बुहारी, दिपेश कुमार उप्रेतीकी श्रीमती मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ४ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०२ बस्ने , ना.प्र.नं.३१-०१-७३-०००२६ (जारी मिति: २०७३/०१/०५, स्थान मकवानपुर) भएकी श्रीमती सँगिता **पौडेल उप्रेती ।**
४. बोध राज भक्त उप्रेतीको नाति सोमराज उप्रेतीको छोरा मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ४ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०२ बस्ने नागरिकता नं. ६६३०, (जारी मिति: २०६०/०५/०३, स्थान मकवानपुर) भएको **विशेष राज उप्रेती ।**
५. मान बहादुर श्रेष्ठकी छोरी, सोमराज उप्रेतीकी बुहारी, विशेष राज उप्रेतीकी श्रीमती मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ४ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०२ बस्ने , ना.प्र.नं.३३३०८१/८७० (जारी मिति: २०६३/११/२, स्थान बारा) भएकी **दिलमाया श्रेष्ठ ।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण:
मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ४ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०२ बस्ने **श्रीमती असिना देवी उप्रेती**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बारा जिल्ला पिपरा सिमरा गा.वि.स, वडा नं. २ मा अवस्थित कि.नं. १८९२ क्षेत्रफल ०-०-०-१० विघाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **सिमरा शाखा, बारा**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/१०/०७ गते ४:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा सिमरा शाखा, बारामा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/१०/०८ गते ३:०० बजे बैंकको **सिमरा शाखा, बारा**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ४:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलामसम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०.बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११.लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **सिमरा शाखा, बारा**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२.अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

प्रतिबन्धका बाबजुद दुई लाख टन गहुँ आयात गर्न भारतको स्वीकृति

नयाँ पत्रिका

भारतले दुई वर्षदेखि निर्यात प्रतिबन्धको सूचीमा राखेको गहुँ नेपालका लागि भने खुला गरेको छ। भारतको विदेश व्यापार महानिर्देशनालयले शनिबार एक सूचना जारी गर्दै नेपाललाई दुई लाख टन गहुँ आयातको स्वीकृति दिएको हो। 'राष्ट्रिय सहकारी निर्यात लिमिटेडमार्फत नेपाललाई दुई लाख मेट्रिकटन गहुँ निर्यात गर्न अनुमति दिइएको छ,' विदेश व्यापार महानिर्देशक सन्तोषकुमार सारंगीद्वारा जारी सूचनामा भनिएको छ।

भारतका लागि नेपालका राजदूत शंकर शर्माले पनि सामाजिक सञ्जालमा एक सन्देश जारी गर्दै गहुँ आयातको अनुमित पाएको पुष्टि गरेका छन्। 'हाम्रो अनुरोधमा भारत सरकारले हामीलाई राष्ट्रिय सहकारी निकासी लिमिटेडमार्फत दुई लाख टन गहुँ आयात गर्न अनुमति दिएको छ,' शर्माले ट्विटरमा लेखेका छन्।

भारतले दुई वर्षअघि खाद्य मुद्रास्फीतिको चिन्ता र घरेलु उपभोगलाई प्राथमिकता दिएर गहुँलगायत खाद्यान्न निर्यातमा प्रतिबन्ध लगाएको थियो। गहुँ आयातको प्रमुख बजारबाट निर्यात प्रतिबन्ध हुँदा नेपाली उद्योगलाई ठुलो असर परेपछि कोटामा उपलब्ध गराइदिन नेपाली पक्षले बारम्बार आग्रह गर्दै आएको थियो। त्यसपछि भारतले गहुँको निर्यात प्रतिबन्ध यथावत् रहेको जनाउँदै नेपालका लागि मात्रै दुई लाख टन आयातको स्वीकृत दिएको हो।

भारतले राष्ट्रिय खाद्य सुरक्षा योजना पूरा गर्नका लागि किसानबाट ठूलो मात्रामा गहुँ खरिद गरेर राखेको छ। राष्ट्रिय भण्डारणमा रहेको परिमाणमध्येबाट नेपाललाई आयातको स्वीकृति दिएको हो। भारत विश्वको दोस्रो ठुलो गहुँ उत्पादन गर्ने देश हो। तर, सन् २०२० देखि मौसमी प्रतिकूलताका कारण उत्पादनमा निरन्तर असर परेपछि सन् २०२२ देखि गहुँ निर्यातमा प्रतिबन्ध लगाइएको थियो। भारतले सेतो चामल र प्याज निर्यातमा पनि प्रतिबन्ध कायम राखेको छ।

न्यून विन्दुमा पुगेको राष्ट्रिय खाद्य भण्डार पूर्ति गर्न भारतले खाद्यान्न निर्यातमा कठोर नीति लिएको हो। मौज्दात पर्याप्त भएपछि मात्रै गहुँलगायत खाद्यान्नको निर्यात खुला गर्ने विषयमा बहस थाल्ने भारतले यसअघि नै जानकारी दिइसकेको छ। नेपालको उत्पादनले धान्न नसक्दा भारतलगायतका देशबाट बर्सेनि आयात गर्नुपर्ने बाध्यता छ। कृषि तथा पशुपक्षी विकास मन्त्रालयका अनुसार मुलुकभर वार्षिक २० लाख टन गहुँ उत्पादन हुने गरेको छ। तर, ठुलो परिमाण किसान आफैँले उपभोग गर्ने भएकाले व्यावसायिक प्रयोजनका लागि आयातमै निर्भर हुनुपर्ने अवस्था छ।

सुरक्षा चुनौती देखाउँदै खुम्बु क्षेत्रमा हेलिकोप्टर उडान स्थगन

काठमाडौं/ देशकै प्रमुख पर्यटकीय गन्तव्य खुम्बु क्षेत्रमा व्यावसायिक हेलिकोप्टर उडान अनिश्चितकालीन स्थगन भएको छ। खुम्बु क्षेत्रका हेलिप्याडहरूमा स्थानीय युवा क्लब, युवा समूहलगायतले झन्डा गाडेर अवरोध सिर्जना गरेको भन्दै वायुसेवा सञ्चालक संघले सुरक्षाको पूर्ण प्रत्याभूति नभएसम्म सो क्षेत्रका उडान नगर्ने निर्णय गरेको हो।

सगरमाथा राष्ट्रिय निकुञ्ज, खुम्बु पासाङल्हामु गाउँपालिकालगायत अन्य स्थानीय युवा समूह तथा संघ-संस्थाले निकुञ्ज क्षेत्रमा हेलिकोप्टर उडान-अवतरणका कारण निकुञ्जको वन, वातावरण तथा वन्यजन्तुको सुरक्षा तथा वासस्थान संरक्षणमा चुनौती थपिएको भन्दै १ जनवरीदेखि व्यावसायिक प्रयोजनमा हेलिकोप्टर उडाउनमा प्रतिबन्ध लगाएको छ। सो प्रतिबन्ध सम्बन्धमा सम्बन्धित पदाधिकारीसँग वायुसेवा सञ्चालक संघका पदाधिकारीले पटक-पटक वार्ता गर्दा पनि कुनै निर्क्योल निस्किएको छैन।

हुलाकी राजमार्गको लागत एक खर्बमाथि

प्रारम्भमा ४७ अर्ब २४ करोड अनुमान गरिएको राजमार्गको लागत बढेर नेपालकै दोस्रो महँगो सडक परियोजना बन्दै

मिलन विश्वकर्मा/नयाँ पत्रिका

राष्ट्रिय गौरवको आयोजनासमेत रहेको पूर्व-पश्चिम 'हुलाकी राजमार्ग'को लागत अनुमान बढेर एक खर्बभन्दा बढी पुगेको छ। सडक विभागको वार्षिक प्रतिवेदन ०८०/८१ अनुसार आयोजनाको संशोधित लागत अनुमान एक खर्ब एक अर्ब ६३ करोड पुगेको हो।

योसँगै लागतका आधारमा हुलाकी राजमार्ग नेपालकै दोस्रो महँगो (ठुलो) सडक आयोजना भएको छ। अहिले निर्माणाधीन ७२.५ किमि लामो काठमाडौं-तराई मधेश द्रुतमार्गको लागत अनुमान दुई खर्ब १३ अर्ब छ। यसपछि ८४ अर्ब ३३ करोड रुपैयाँ लागतमा मध्य पहाडी लोकमार्ग निर्माण भइरहेको छ।

आव ०६६/७७ देखि निर्माण सुरु गरिएको हुलाकी राजमार्ग आव ०८३/८४ सम्म सम्पन्न गर्ने प्रस्तावित लक्ष्य छ। आयोजनाको सुरुको प्रारम्भिक लागत अनुमान आव ०६६/७७ अघि ४७ अर्ब २४ करोड थियो। यसअघि असार ०८० सम्म परियोजनाको संशोधित लागत अनुमान ६५ अर्ब २० करोड थियो। त्यसपछिको एक वर्षमा परियोजनाको लागत अनुमान ३६ अर्ब ४३ करोड रुपैयाँ बढेर एक खर्ब एक अर्ब ६३ करोड रुपैयाँ पुगेको हो।

आयोजना निर्देशक कुबेर नेपालीले परियोजनाअन्तर्गत गर्नुपर्ने काम बढेपछि लागत अनुमान पनि बढेको बताए। सडकको विस्तार, पुलको संख्यामा भएको वृद्धिलगायतका कारण पनि लागत बढेको उनको भनाइ छ। यसैगरी, केही सडकखण्डको अन्तिम डिपिआर आउँदा पनि लागत बढ्न गएको उनले बताए। 'यसको लागत अनुमान धेरै पहिला गरिएको हो। पहिले यो परियोजना बनाउन यतिका समय लाग्छ भन्ने पनि थिएन। यसबिचमा निर्माण सामग्रीको मूल्यमा आएको परिवर्तनले पनि असर पुऱ्याएको छ। साथै केही सडकखण्डका अन्तिम डिपिआर बनेका छन्। साथै, परियोजनाअन्तर्गत गरिने काम पनि बढेका छन्,' उनले भने, 'यी यस्ता कारण परियोजनाको लागत अनुमान बढेको छ। साथै, यस परियोजनाबाट धेरै नागरिक लाभान्वित हुन्छन्। तसर्थ, यस सडकको क्षेत्र विस्तार हुँदै गएको छ। सोहीअनुरूप लागत पनि बढ्दै गएको छ।'

पूर्वी झापाको भद्रपुरदेखि पश्चिम कञ्चनपुरको दैजीसम्म यो सडक बन्दै छ। पहिला तराई-मधेशमा चिठी आदान-प्रदान गर्न प्रयोगमा रहेको हुलाकी सडकलाई नै राजमार्गका रूपमा विस्तार गरिएको थियो। यसले तराईका २२ जिल्लालाई जोड्छ। यसको कुल लम्बाइ १८ सय ५७ किमि रहेको छ। त्यसमा पूर्व-पश्चिम सडक नौ सय ५७ किमि लामो रहेको छ। त्यसबाहेक तराईको दक्षिण-उत्तर क्षेत्र जोड्न विभिन्न ३५ वटा सहायक सडक बनाइएको छ, त्यसको कुल लम्बाइ आठ सय ८२ किमि छ।

पहिला यसमा दुई सय १९ वटा पुल बनाउने भनिएको थियो। असार ०८० सम्म आउँदा त्यहाँ दुई सय ५० वटा पुल बनाउने भनिएको थियो। अहिले त्यहाँ पुलको संख्या बढेर तीन सय पुगेको छ। हालसम्म यस परियाजनाको भौतिक प्रगति ६६.९१ प्रतिशत पुगेको छ। त्यसमा सडक ट्र्याक खुलिसकेको छ। त्यसमा १२ सय ५९ किमि सडक कालोपत्रे भइसकेको छ। यसैगरी एक सय ४२ वटा पुल निर्माण गरिएको छ। परियोजनाको वित्तीय प्रगति भने ६२.६९ प्रतिशत पुगेको छ।

गत आवमा विभागले उक्त परियोजनाको एक सय किमि सडक कालोपत्रे गर्ने लक्ष्य लिएको थियो। त्यसमा ६४ किमि सडक कालोपत्रे भएको प्रतिवेदनमा उल्लेख छ। १० वटा पुल-कल्भर्ट निर्माण गर्न लक्ष्य लिएकोमा सात पुल र तीन वटा कल्भर्ट निर्माण भएको प्रतिवेदनमा उल्लेख छ।

■ चालू आवमा १६ अर्ब दायित्व

चालू आव ०८१/८२ मा आयोजनाको दायित्व १६ अर्ब हाराहारीमा छ। तर, सरकारले चालू आवका लागि तीन अर्ब ३० करोड रुपैयाँ बजेट विनियोजन गरेको छ। चालू आवमा ७५ किमि सडक र १० वटा पुल निर्माण गर्ने लक्ष्य लिएको छ। तर, बजेट अभावका कारण लक्ष्य प्राप्त गर्न चुनौती हुने प्रतिवेदनमै उल्लेख छ।

प्रतिवेदनमार्फत विभागले सडक निर्माणका लागि केही खण्डको ठेक्का सम्झौता गर्न बाँकी नै देखिएको छ। मुख्यतः चितवन राष्ट्रिय निकुञ्जको क्षेत्र, कपिलवस्तु-दाङको सिमानाको जंगल क्षेत्र र दाङ-बाँकेको सिमानाको जंगल क्षेत्रमा पर्ने सडकखण्ड र त्यसमा पर्ने पुलहरूको ठेक्का लाग्न बाँकी छ। भारतीय सरकारको अनुदानमा निर्माण भएका विभिन्न १० वटा सडकको छुट भएका विभिन्न खण्ड पनि निर्माण गर्न बाँकी रहेको प्रतिवेदनमा उल्लेख छ।

■ यस्ता छन् चुनौती

प्रतिवेदनले परियोजनामा विभिन्न चुनौती पनि देखाएको छ। स्रोत सुनिश्चितता तथा बहुवर्षीय ठेक्का सहमति प्राप्त नहुँदा आयोजना प्रगति र आयोजना सम्पन्न हुने अवधिमा समेत प्रतिकूल असर परेको प्रतिवेदनमा उल्लेख छ। राष्ट्रिय निकुञ्जहरूमा सडक तथा पुल निर्माण गर्न पनि चुनौती भएको बताइएको छ। वीरगन्ज (प्रतिमा चोक)देखि तिल्लाबे पुलसम्मको सडकको कालोपत्रे भए पनि जग्गा अधिकरण भएको छैन। साथै, सडक सीमा १५-१५ मिटर दायाँ-बायाँभित्र रहेका जग्गा हाल मालपोत कार्यालयमा किनबेच गर्न रोक्का रहेको अवस्था रहँदा पनि चुनौती भएको बताइएको छ। तमागढी-सिम्रौनगढ सडकखण्डको कालोपत्रे भए पनि अझै मुआब्जा वितरण भएको छैन। तर, जग्गा प्राप्ति गर्ने निर्णय भने भइसकेको छ। नेपाल-भारत सीमा विवादले कञ्चनपुको बेलौरीमा पर्ने एक हजार चार सय मिटर र कैलालीको टीकापुर नगरपालिकामा पर्ने तीन सय ४० मिटर सडकको निर्माणमा अवरुद्ध भएको बताइएको छ। यसैगरी, कञ्चनपुरको सुक्लाफाँटा निकुञ्ज क्षेत्रमा रेखांकन समस्या भएको प्रतिवेदनमा उल्लेख छ।

कमला पुलको मर्मत पुनः सुरु

लहानमा **मणिलाल विश्वकर्मा**

पूर्व-पश्चिम हुलाकी सडकअन्तर्गत सिराहा-धनुषा जोड्ने कमला पुलको पूर्वपट्टिको निर्माण कार्य पुनः थालिएको छ। ठेकेदार कम्पनी लुम्बिनी बिल्डर्सले आगामी बर्खा लाग्नुअघि काम सक्ने गरी पुनर्निर्माण थालेको जनकपुरधामस्थित हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालयका सूचना अधिकारी इन्जिनियर रञ्जितकुमार रायले जानकारी दिए।

कमला पुलको पूर्वपट्टि भासिएको दोस्रो पायाको ठाउँमा डिजाइन परिवर्तन स्वीकृत भएपछि गत आर्थिक वर्ष ०८०/८१ मा नयाँ पाया थप गरी दुईवटा पुऱ्याइएको उनले बताए। उनका अनुसार कुल १२ वटा स्पान र १३ पिल्लर रहेको पुलको पूर्वपट्टि भासिएको पायाको डिजाइन परिवर्तनपछि तीनवटा पिल्लरको सट्टा एउटै पिल्लर बनाएर १२ वटा फलामको बिममा दुईवटा स्ल्याब राखिनेछ।

■ वर्षौंदेखि सुस्त गतिमा निर्माण

कमला नदीमा चार सय ६९ दशमलव दुई मिटर लामो पुल बनाउन ३१ जेठ ०६८ मा भएको सम्झौताअनुसार ३० मंसिर ०७१ सम्म निर्माण सम्पन्न हुनुपर्थ्यो। पटक-पटक म्याद थप हुँदै अन्तिम पटक भएको सम्झौताअनुसार ३० असार ०८० मा निर्माण सम्पन्न मिति तोकिएको थियो। मूल्य अभिवृद्धि कर (भ्याट)सहित कुल २४ करोड ९० लाख ९७ हजारमा ठेक्का लिएको पप्पु लुम्बिनी जेभी कालोसूचीमा परेपछि बाँकी काम लुम्बिनीले गर्दै आएको थियो।

नदी नियन्त्रण र पहुँच मार्गबाहेक पुलको अन्तिम चरणको निर्माण चलिरहेका वेला १७ असार २०७८ मा कमलामा आएको बाढीले पुलको सिराहातर्फको दोस्रो पाया र त्यही वर्षको ३ कात्तिकमा धनुषातर्फबाट तेस्रो पायासमेत भासिएको थियो। बाढीले भासिएको धनुषातर्फबाट तेस्रो पायाको डिजाइन पनि विभागको पुल महाशाखाबाट स्वीकृत भएर आइसकेकाले निर्माण कम्पनीले त्यो कामसमेत आगामी माघदेखि थालनी गर्ने जनाइएको छ।

■ अस्थायी बाँसको पुलको भर

१५ फागुन ०७९ मा तत्कालीन उपप्रधानमन्त्री, भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठ 'प्रकाश'ले कमला पुलको स्थलगत निरीक्षण गरेको करिब दुई महिनापछि २४ वैशाखमा हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुर र बिल्डर्सबिच ०८१ असार मसान्तसम्म भासिएको पुलको पुनर्निर्माण सम्पन्न गर्ने सम्झौता भएको थियो। पुलमा बाढीले पुऱ्याएको क्षतिबापत बिमा कम्पनीबाट पाउनुपर्ने आठ करोड रकम नपाएपछिको विवाद काठमाडौं जिल्ला अदालतमा विचाराधीन रहेकाले समयमा पुनर्निर्माणको काम गर्न नसकिएको निर्माण कम्पनीले जनाएको छ।

पुल निर्माण सुस्त हुँदा आवतजावतमा कठिनाइ भएपछि सिराहा नगरपालिकाले बाँसको अस्थायी पुल निर्माण गरी गत १७ कात्तिकदेखि सञ्चालनमा ल्याएको छ। सिराहा नगरपालिका- ६, बसबिट्टा र धनुषाको कमला नगरपालिका- ५ जोड्ने पुलको दक्षिणतर्फ बाँसमा मोटो प्लाई राखेर सञ्चालन गरिएको छ। अस्थायी पुलबाट वारपार गर्न मोटरसाइकललाई २० रुपैयाँ तथा पैदालत्रात्री, साइकललाई निःशुल्क गरिएको छ।

कर्णाली डिष्टिलरी प्रा. लि., खजुरा, नेपालगंज

यस उद्योगबाट उत्पादित निम्न व्राण्डका मदिराहरु मिति २०८१/०९/२५ देखि निम्न बमोजिम संसोधित मुल्यमा विक्रि गरिने भएकोले यो सुचना प्रकाशित गरिएको छ । यसमा उल्लेखीत सबै तहका कमिशनहरुमा मु.अ.कर समाबेश छ ।

Brand	U. P.	Size	Dealers		Wholesalers		Retailers		Consumers Price	
			Price	Comm.	Price	Comm.	Price	Comm.	Per C/S	Per Bott.
2007 Premium	70	300 ML	1,309.67	70.06	1,379.73	55.37	1,435.10	754.9	2,190.00	73.00
Vibe	70	300 ML	1,290.46	70.06	1,360.52	55.37	1,415.89	744.11	2,160.00	72.00
Resham Ultra Premium	70	300 ML	1,270.12	65.54	1,335.66	55.37	1,391.03	738.97	2,130.00	71.00
Karnali Blue Premium / Karnali Blue	70	300 ML	1,270.12	65.54	1,335.66	55.37	1,391.03	738.97	2,130.00	71.00
Resham Premium Flavour/ Royal Soul	70	300 ML	1,249.78	65.54	1,315.32	55.37	1,370.69	729.31	2,100.00	70.00
Karnali Gold	70	300 ML	1,185.37	59.89	1,245.26	50.85	1,296.11	743.89	2,040.00	68.00
Karnali Deluxe / Sitara	70	300 ML	1,159.38	59.89	1,219.27	45.20	1,264.47	715.53	1,980.00	66.00
Karnali Special/Resham	70	300 ML	1,150.34	59.89	1,210.23	45.20	1,255.43	724.57	1,980.00	66.00
Karnali Sofi / Takkar	70	300 ML	1,109.66	50.85	1,160.51	40.68	1,201.19	298.81	1,500.00	50.00

Government of Nepal
Ministry of Culture, Tourism & Civil Aviation
Tara Gaon Development Board
Kathmandu, Nepal
Date of publication: 6th January 2025 (2081/09/22 BS)

1. The Office of the Tara gaon Development Board invites Bids for Construction of Cottage and Community Cultural Museum Building at Tara Gaon Resort Hotel Kakani, Nuwakot under National competitive bidding procedures specified in Public Procurement Act and Regulations.

S.N.	Contract Identification Number	Description of Work	Total Estimate Amounts Without VAT	Bid Security (NRs)	Bid Document Price (NRs)
1	03/NCB/WORKS/ TGDB/2081/082	Construction of Cottage and Community Cultural Museum Building at Tara Gaon Resort Hotel Kakani, Nuwakot	44, 24,311.31	1,11,000/-	3000/-

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Tara Gaon Development Board Office Email: tgdboard@gmail.com, Phone no. 01-5172033 or may visit Tara Gaon Development Office.
The Cost of Bid Document Fee (Nrs. 3000) May be Deposited to the account bellow.
Name of the Bank: Siddharth Bank Ltd.
Name of Office: Tara Gaon Development Board
Office Account no.: 01915170534 (Revenue Account) For Bid Document Fee.
Office Account no.: 01915099185 (Dharauti Account) For Bid Security.

Member of Secretary

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय
गण्डकी प्रदेश, पोखरा

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८१/०९/२२

यस कार्यालयको मिति २०८१/०७/१४ को बोलपत्र आव्हानको सूचना नं. LIDPO/PKR/IFB/WORKS/09/081-82 र मिति २०८१/०८/०६ को बोलपत्र आव्हानको सूचना नं. LIDPO/PKR/IFB/WORKS/10/081-82 अन्तर्गत तपसिलका ठेक्काहरूको लागि दर्ता हुन आएका बोलपत्र सम्बन्धी प्रस्तावहरू मध्येबाट तपसिलका बोलपत्रदाताहरू न्यूनतम मूल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही बोलपत्रको रुपमा छनौट भएको हुदाँ सार्वजानिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :

क्र.स.	ठेक्का नं.	बोलपत्रदाताहरुको नाम र ठेगाना	कवोल रकम रु. (मू.अ.कर र पि. एस बाहेक)
1	LIDPO/PKR/W/ NCB/113/081-82	M/S B.K. Nirman Sewa, Ramechhap	८१,६०,००६.५०
2	LIDPO/PKR/W/ NCB/126/081-82	M/S Kamal Pokhari Nirman Sewa Pvt. Ltd., Pokhara	५३,११,५०८.५२

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
औषधि व्यवस्था विभाग
राष्ट्रिय औषधि प्रयोगशाला
बिजुलीबजार, काठमाण्डौ

Reagents and Chemicals खरिद सम्बन्धि सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

सूचना नं.: NML/G/SQ/01/2081-82 **प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०९/२२**

आ.व. २०८१/८२ को लागि यस प्रयोगशालाको लागि आवश्यक देहाय बमोजिमका सामानहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद तथा आपूर्ति गर्नुपर्ने भएकोले तपसिलमा उल्लिखित शर्तहरुको आधारमा योग्य दरभाउपत्रदाताबाट आपूर्तिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

ठेक्का नं.	सामानको विवरण	दरभाउपत्र फाराम दस्तुर	दरभाउपत्र जमानत रकम	सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय	सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय	सिलबन्दी दरभाउपत्र खोल्ने अन्तिम मिति, समय र स्थान
NML/G/S Q/01/ 2081-82	Reagents and Chemicals खरिद तथा आपूर्ति	रु १०००/-	रु ३६०००/-	मिति २०८१/१०/०७ गते कार्यालय समयभित्र ।	२०८१/१०/०८ गते १२:०० बजेसम्म ।	२०८१/१०/०८ गते १४:०० बजे, प्रयोगशालामा ।

तपसिल

१. यस प्रयोगशालाको लागी आवश्यक माथि उल्लिखित Reagents and Chemicals खरिद तथा आपूर्तिको लागि सिलबन्दी दरभाउपत्रको सूचना बमोजिम दरभाउपत्र खरिद गर्न इच्छुक फर्म/कम्पनीले माथि तालिकामा उल्लिखित मितिभित्र फर्म/कम्पनी दर्ताको अद्यावधिक प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/८१ सम्मको कर चुक्ता र Reagents and Chemicals आपूर्ति सम्बन्धी कार्यको इजाजतपत्र सहित यस प्रयोगशालाको कार्यालय कोडः ३७००२३५०२, राजस्व शीर्षक नं. १४२२९ उल्लेख गरी राष्ट्रिय वाणिज्य बैंकको मुख्य/शाखा कार्यालयमा रु १०००/- तिरेको बैंक भौचर लिई आएर दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ ।
२. यस सूचनामा उल्लेखित बाहेक अन्यको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

जेइको जे-६ को इन्डिभिजुअल-ह्विल ड्राइभ

काठमाडौं/ जेइको जे-६ इन्डिभिजुअल-ह्विल-ड्राइभ टेस्ट ड्राइभ सम्पन्न भएको छ। ओमोडा एन्ड जेइको कम्पनीका लागि नेपालको आधिकारिक वितरक एसपिजी अटोमोबाइल्स प्रालिले गोकर्ण फरेस्ट रिसोर्टस्थित अफ-रोड ट्र्याकमा 'एक्स्पेरियन्स द थ्रिल अफ एडभेन्चर' सम्पन्न गरेको छ।

शनिबार आयोजित उत्साहजनक टेस्ट ड्राइभ च्यालेन्जमा, नेपालको पहिलो इलेक्ट्रिक अफ-रोड एसयुभी जेइको जे सिक्स इन्डिभिजुअल-ह्विल-ड्राइभ (फोर-बाई-फोर)को उच्चस्तरको क्षमता तथा शक्ति प्रदर्शन गरिएको छ। यसबाट विद्युतीय गाडीले पनि जस्तोसुकै अप्ठ्यारा भूभाग सजिलै पार गर्न सक्छ भन्ने कुरा प्रमाणित भएको कम्पनीले जनाएको छ। कार्यक्रममा अफ-रोड पारखी तथा ड्राइभरको उत्साहजनक सहभागिता रहेको थियो। विशेष रूपमा तयार गरिएको अफ-रोड ट्र्याक मुख्य आकर्षण रहेको थियो। ट्र्याकलाई अफरोड यात्रामा जस्तै चुनौतीपूर्ण बनाउन विभिन्न अवरोधहरू, उकालो, ओरालो, हिलो, रकि एक्सपेरियन्स आदि समेटिएको थियो। यही ट्र्याकमा जे-सिक्स इन्डिभुजुअल-ह्विल-ड्राइभ (फोर बाई फोर)ले आफ्नो शक्तिशाली पर्फमेन्स तथा क्षमता प्रमाणित गरेको हो।

कार्यक्रममा डर्ट-ट्र्याक च्यालेन्जका अलाबा सहभागीले निःशुल्क 'ड्राइभिङ रेन्ज गल्फ सट' जस्ता क्रियाकलाप सञ्चालनसमेत गरिएको थियो।

बिवाइडी एम-६ को मूल्य ५८ लाख ९० हजार

काठमाडौं/ विद्युतीय सवारी निर्माता कम्पनी बिवाइडीले पर्यटकीय नगरी पोखरामा एमपिभी एम-६ गाडी सार्वजनिक गरेको छ। बिवाइडीको नेपालका लागि आधिकारिक वितरक साइमेक्स इंकले बिवाइडी एम ६ नेपालमा पहिलोपटक पोखरामा सार्वजनिक गरेको हो।

सातसिटे यस गाडीको प्रारम्भिक मूल्य ५८ लाख ९० हजार रुपैयाँ रहेको छ। विशेष गरी पर्यटन व्यवसायीको रोजाइमा परेको यो गाडी पारिवारिक र व्यापारिक दुवै प्रयोजनका लागि उपयुक्त रहेको कम्पनीको दाबी छ।

साइमेक्स इंकका प्रबन्ध निर्देशक यमुना श्रेष्ठका अनुसार कम्फर्ट, पर्फमेन्स र सस्टेनेबिलिटीसहितको सातसिटे प्रिमियम गाडीमा प्यानोरामिक ग्लास रुफ र पाँच सय ८० लिटरसम्मको फ्लेक्जिबल लगेज क्यापासिटी छ। एक सय किलोवाट हाई-पर्फमेन्स इलेक्ट्रिक मोटर र चार सय ४० किलोमिटर (डब्लुएलटिसी)सम्मको रेन्ज दिने भएकाले ड्राइभ र लङ रुट यात्राका लागि उपयुक्त हुने उनले बताइन्।

नेपाल लाइफको 'रक्षाकवच' म्यादी जीवन बिमा सार्वजनिक

काठमाडौं/ नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले 'रक्षाकवच' नामक नयाँ बिमा योजना सार्वजनिक गरेको छ। कम्पनीले न्यूनतम बिमा शुल्कमा उच्चतम सुरक्षा प्रदान गर्ने भन्दै 'नेपाल लाइफ रक्षाकवच जीवन बिमा' योजना सार्वजनिक गरेको हो। उक्त बिमा योजना जोखिम बहनलाई प्राथमिकतामा राख्दै कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले योजना सार्वजनिक गरिएको बताए।

यस योजनाको न्यूनतम बिमांक रकम पाँच लाख र अधिकतम बिमांक रकम एक करोड रहेको छ। यस योजनामा सरिक हुन बिमितको उमेर न्यूनतम १८ वर्ष र अधिकतम ५९ वर्ष हुनुपर्नेछ। कम्पनीका अनुसार बिमा अवधि न्यूनतम एक वर्षदेखि अधिकतम ३५ वर्षसम्म हुने तथा बिमा समाप्तिमा बिमितको अधिकतम उमेर ६० वर्ष रहेको छ। यस योजनाअन्तर्गत बिमा अवधिभित्र जुनसुकै समयमा बिमितको मृत्यु भएमा बिमांक रकम भुक्तानी गरिने र बिमालेख स्वतः अन्त्य हुने कम्पनीले जनाएको छ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

तपसिलका कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१/०९/२२ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जहाँ, जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

केन्द्रीय कार्यालय : कमलपोखरी, काठमाण्डौ

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनी ऐन, २०५३ बमोजिम मिति: २०५५/११/२६ मा दर्ता नं. १००७८/०५५/५६ कायम भई दर्ता भएको काठमाडौं जिल्ला, साविक का.म.न.पा. वडा नं. ३५, कोटेश्वर स्थित **गुरांस खाद्य उद्योग प्रा.लि.**

२. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति: २०६८/१२/०२ मा दर्ता.नं. ९१४९०/०६८/०६९ कायम भई दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २९, नयां बसपार्क स्थित **के.टु. भेन्चर प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. इश्वर भक्त प्रधानाङ्गको नाति, सूर्य भक्त प्रधानाङ्गको छोरा, भक्तपुर जिल्ला, नगदेश गा.वि.स/न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **केशब भक्त प्रधानाङ्ग (ना.प्र.प.नं. २६५१/०४१, भक्तपुर)**
२. सूर्य भक्त प्रधानाङ्गको बुहारी, केशब भक्त प्रधानाङ्गको पत्नी, भक्तपुर जिल्ला, भक्तपुर गा.वि.स/म.न.पा. वडा नं. ११, स्थित स्थायी ठेगाना भएको **सुनिरा तिमिला (ना.प्र.प.नं. १८७४, भक्तपुर)**

नोटः माथि उल्लेखित दुबै ऋणीहरुको लागि व्यक्तिगत जमानतकर्ताहरुको विवरण एकै भएको ।

शाखा कार्यालय : नारायणगढ, चितवन

१. ऋणीको विवरण

प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, घरेलु तथा साना उद्योग कार्यालयमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७६-०४-२८ मा दर्ता नं. ५३०/०७६/०७७ कायम भई दर्ता भएको चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं ८, स्थित **गोर्खाली गुरुङ्ग सप्लायर्स**

२. ऋणीको विवरण

कालु गुरुङको नाति, खम्ब सिं गुरुङको छोरा, गोरखा जिल्ला, वारपाक सुलीकोट गा.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **पुरन गुरुङ (ना.प्र.प.नं. ९१३०५, गोरखा)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. कालु गुरुङको नाति, खम्ब सिं गुरुङको छोरा, गोरखा जिल्ला, वारपाक सुलीकोट गा.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **पुरन गुरुङ (ना.प्र.प.नं. ९१३०५, गोरखा)**
२. खम्ब सिं गुरुङको बुहारी, पुरन गुरुङको पत्नी, गोरखा जिल्ला, पन्दुङ गा.वि.स./न.पा. वडा नं. ६, स्थित स्थायी ठेगाना भएको **तिला गुरुङ (ना.प्र.प.नं. १२८६६०, गोरखा)**
३. खम्ब सिं गुरुङको नातिनी, पुरन गुरुङको छोरी, गोरखा जिल्ला, वारपाक सुलिकोट गा.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **सोनिया गुरुङ (ना.प्र.प.नं. ४४-०१-७९-०६१६३, गोरखा)**

नोटः माथि उल्लेखित नारायणगढ, चितवनको दुबै ऋणीहरुको लागि व्यक्तिगत जमानतकर्ताहरुको विवरण एकै भएको ।

शाखा कार्यालय : कालिमाटी, काठमाण्डौ

ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७२/०९/१९ मा दर्ता नं. १४३३१३/०७२/०७३ कायम भई दर्ता भएको मकवानपुर जिल्ला, हेटौडा उप.म.पा. वडा नं. २० हटिया स्थित **ज्ञानेश निर्माण सेवा प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. केदारनाथ चौलागाईको नाति, भवनाथ चौलागाईको छोरा, मकवानपुर जिल्ला, चुरियामाई गा.वि.स/न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **शिवप्रसाद चौलागाँई (ना.प्र.प.नं. ९-१५६२४, मकवानपुर)**
२. शिव प्रसाद ढकालको नाति, यम प्रसाद ढकालको छोरा, मकवानपुर जिल्ला, हटिया गा.वि.स/न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **विजय ढकाल (ना.प्र.प.नं. ९/१०४२, मकवानपुर)**
३. पुर्ण चन्द्र उपाध्याय लामिछानेको नाति, कालिदास लामिछानेको छोरा, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **पुरुषोत्तम लामिछाने (ना.प्र.प. नं. ६१७, मकवानपुर)**
४. रामजी बर्तौलाको नाति, सिताराम बर्तौलाको छोरा, मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स/न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **राजाराम बर्तौला (ना.प्र.प.नं. २८/३५९, मकवानपुर)**

शाखा कार्यालय : कावासोती, नवलपरासी (ब.स.पू.)

ऋणीको विवरण

जग बहादुर के.सी. को बुहारी, पूर्ण बहादुर के.सी. को पत्नी, नवलपरासी जिल्ला, अग्यौली गा.वि.स/न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भएको **ठिका कुमारी न्यौपाने (ना.प्र.प.नं. ४३६७९ नवलपरासी)**

व्यक्तिगत जमानतकर्ताको विवरण

देवी बहादुर के.सी. को नाति, जग बहादुर के.सी. को छोरा, नवलपरासी जिल्ला, अग्यौली गा.वि.स/न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **पूर्ण बहादुर के.सी. (ना.प्र.प.नं. १५२९५ नवलपरासी)**

बोगटान फुडसिल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

चवराचौतारा, डोटी
सुदुरपश्चिम प्रदेश, नेपाल

वोलपत्रको आशय पत्र सम्बन्धी सूचना

प्रकाशित मिति : २०८१/०९/२२

यस बोगटान फुडसिल गाउँपालिका गाउँ कार्यपालिकाको आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रम अन्तर्गत Procurement for Supply and Delivery of Sanitary Pad कार्यका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणाली www.bolpatra.gov.np/egp मार्फत र मिति २०८१/०८/१७ गते प्रथम पटक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसारको न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राहि देखिन आएको तपसिल बमोजिमको बोलपत्र स्विकृतका लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ ।

तपसिल :

ठेक्का नं	कामको विबरण	सप्लाएर्स	कबोत रकम (VAT बाहेक)
06/BPRM/SQ/G/2081/82	Procurement for Supply and Delivery of Sanitary Pad	Baltra Petrochemical Pvt. Ltd.	4,70,820.00

प्रमुख प्रशासकिय अधिकृत

एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मितिः २०८१/०९/२२ को नयाँ पत्रिका राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरुलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्रीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरु लिलाम बिक्री हुन नसकेकोले पूनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिकि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनका दिन अर्थात मिति २०८१/०९/२९ मा (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखिदिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । तपसिलमा उल्लेखित धितोको लागि बोलपत्र पेश गर्न चाहने बोलपत्रकर्ताले ऋणी बमोजिम छुट्टा-छुट्टै कित्ताको लागि छुट्टा-छुट्टै रकम कबोल गरी बोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौं । गोप्य शिलवन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा रु. १००।- तिरी खरिद गर्न सकिनेछ ।

तपसिल

ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र लिलाम हुने धितोको विवरण

१. ऋणीको नामः हिमाल श्रेष्ठ **कर्जा शिर्षकः** आवास कर्जा
ना.प्र.प.नं. (जारी मिति/स्थान): ४१४८८ (२०६०/०५/०४/प्यूठान), बाजेको नामः ईन्द्रमान श्रेष्ठ, बाबुको नामः निर्मल प्रसाद श्रेष्ठ, ठेगानाः प्यूठान जिल्ला, खलंगा गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. ११ ।

व्यक्तिगत जमानतकर्ताहरुः
क. निर्मल प्रसाद श्रेष्ठः ना.प्र.प.नं. (जारी मिति/स्थान): ३१६ (२०३७/१२/२०/प्यूठान), बाजेको नामः शिबमान श्रेष्ठ, बाबुको नामः ईन्द्रमान श्रेष्ठ, ठेगानाः प्यूठान जिल्ला, खलंगा गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. ११ ।
ख. रीवन कुमारी श्रेष्ठः ना.प्र.प.नं. (जारी मिति/स्थान): ८१७/६६० (२०४४/१०/२०/प्यूठान), ससुराको नामः ईन्द्रमान श्रेष्ठ, पतिको नामः निर्मल प्रसाद श्रेष्ठ, ठेगानाः प्यूठान जिल्ला, खलंगा गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. ११ ।

लिलाम हुने धितोको विवरणः
ईन्द्रमान श्रेष्ठको नाति, निर्मल प्रसाद श्रेष्ठको छोरा, प्यूठान जिल्ला, खलंगा गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. ११ बस्ने **हिमाल श्रेष्ठ**को नाममा मालपोत कार्यालय बुटवल, रूपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रूपन्देही जिल्ला, आनन्दवन गा.वि.स./न.पा., वडा नं. ३/क स्थित कि.नं. ६३०१ को क्षेत्रफल १३१.२१ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

२. ऋणीको नामः सोनि सप्लायर्स **कर्जा शिर्षकः** ओभरड्राफ्ट कर्जा र डिमाण्ड कर्जा
(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, नवलपरासीमा दर्ता रहेको), दर्ता नं.: ६१५/२६०५, दर्ता मितिः २०६७/११/१३, स्थायी लेखा नं.: ३०४७१२०९८, ठेगानाः नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ४ ।

प्रोप्राइटरः
उर्मिला गुप्ताः ना.प्र.प.नं. (जारी मिति/कार्यालय): ५८३ (२०५३/०७/२१/गृह मन्त्रालय-अङ्गिकृत नागरिकता), ससुराको नामः देवि तेली, पतिको नामः वैज नाथ गुप्ता (तेली), ठेगानाः नवलपरासी जिल्ला, गेर्मी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ४ ।

व्यक्तिगत जमानतकर्ताहरूः
क. वैज नाथ गुप्ता (तेली): ना.प्र.प.नं. (जारी मिति/स्थान): २०२३० (२०५१/१२/०७/नवलपरासी), बाजेको नामः मगरू तेली, बाबुको नामः देवी तेली, ठेगानाः नवलपरासी जिल्ला, गेरमी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ४ ।
ख. खिलेन्द्र प्रसाद गुप्ताः ना.प्र.प.नं. (जारी मिति/स्थान): ३६-०१-७१-०३९८२ (२०७१/०७/१३/नवलपरासी), बाजेको नामः देवी तेली, बाबुको नामः वैज नाथ गुप्ता (तेली), ठेगानाः नवलपरासी जिल्ला, गेरमी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ४ ।

३. ऋणीको नामः उर्मिला गुप्ता **कर्जा शिर्षकः** आवास कर्जा र व्यक्तिगत ओभरड्राफ्ट कर्जा
ना.प्र.प.नं. (जारी मिति/कार्यालय): ५८३ (२०५३/०७/२१/गृह मन्त्रालय-अङ्गिकृत नागरिकता), ससुराको नामः देवि तेली, पतिको नामः वैज नाथ गुप्ता (तेली), ठेगानाः नवलपरासी जिल्ला, गेर्मी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ४ ।

व्यक्तिगत जमानतकर्ताहरूः
क. वैज नाथ गुप्ता (तेली): ना.प्र.प.नं. (जारी मिति/स्थान): २०२३० (२०५१/१२/०७/नवलपरासी), बाजेको नामः मगरू तेली, बाबुको नामः देवी तेली, ठेगानाः नवलपरासी जिल्ला, गेरमी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ४ ।
ख. खिलेन्द्र प्रसाद गुप्ताः ना.प्र.प.नं. (जारी मिति/स्थान): ३६-०१-७१-०३९८२ (२०७१/०७/१३/नवलपरासी), बाजेको नामः देवी तेली, बाबुको नामः वैज नाथ गुप्ता (तेली), ठेगानाः नवलपरासी जिल्ला, गेरमी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ४ ।

४. ऋणीको नामः किसन आइरन उद्योग **कर्जा शिर्षकः** बैंक जमानत, डिमाण्ड कर्जा, ओभरड्राफ्ट कर्जा, आवधिक कर्जा, अपरिवर्त्य कर्जा र ट्रष्ट रिसिप्ट कर्जा
(प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (ब.सु.प)मा दर्ता रहेको), दर्ता नं.: ६४८/२१७१/०७६, दर्ता मितिः २०७६/०७/२५, स्थायी लेखा नं.: ३०१०८५३९७, ठेगानाः नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ५ ।

प्रोप्राइटरः
वैज नाथ गुप्ता (तेली): ना.प्र.प.नं. (जारी मिति/स्थान): २०२३० (२०५१/१२/०७/नवलपरासी), बाजेको नामः मगरू तेली, बाबुको नामः देवी तेली, ठेगानाः नवलपरासी जिल्ला, गेरमी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ४ ।

व्यक्तिगत जमानतकर्ताहरूः
क. उर्मिला गुप्ताः ना.प्र.प.नं. (जारी मिति/कार्यालय): ५८३ (२०५३/०७/२१/गृह मन्त्रालय-अङ्गिकृत नागरिकता), ससुराको नामः देवि तेली, पतिको नामः वैजनाथ गुप्ता (तेली), ठेगानाः नवलपरासी जिल्ला, गेर्मी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ४ ।
ख. खिलेन्द्र प्रसाद गुप्ताः ना.प्र.प.नं. (जारी मिति/स्थान): ३६-०१-७१-०३९८२ (२०७१/०७/१३/नवलपरासी), बाजेको नामः देवी तेली, बाबुको नामः वैज नाथ गुप्ता (तेली), ठेगानाः नवलपरासी जिल्ला, गेरमी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ४ ।

५. ऋणीको नामः वैज नाथ गुप्ता (तेली) **कर्जा शिर्षकः** व्यक्तिगत ओभरड्राफ्ट कर्जा
ना.प्र.प.नं. (जारी मिति/स्थान): २०२३० (२०५१/१२/०७/नवलपरासी), बाजेको नामः मगरू तेली, बाबुको नामः देवी तेली, ठेगानाः नवलपरासी जिल्ला, गेरमी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ४ ।

व्यक्तिगत जमानतकर्ताहरूः
क. उर्मिला गुप्ताः ना.प्र.प.नं. (जारी मिति/कार्यालय): ५८३ (२०५३/०७/२१/गृह मन्त्रालय-अङ्गिकृत नागरिकता), ससुराको नामः देवि तेली, पतिको नामः वैजनाथ गुप्ता (तेली), ठेगानाः नवलपरासी जिल्ला, गेर्मी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ४ ।
ख. खिलेन्द्र प्रसाद गुप्ताः ना.प्र.प.नं. (जारी मिति/स्थान): ३६-०१-७१-०३९८२ (२०७१/०७/१३/नवलपरासी), बाजेको नामः देवी तेली, बाबुको नामः वैज नाथ गुप्ता (तेली), ठेगानाः नवलपरासी जिल्ला, गेरमी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ४ ।

माथि उल्लेखित चारै ऋणीको लिलाम हुने धितोको विवरणः
अ. देवि तेलीको बुहारी, वैजनाथ गुप्ता (तेली) को पत्नी, नवलपरासी जिल्ला, गेर्मी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ४ बस्ने **उर्मिला गुप्ता**को नाममा मालपोत कार्यालय परासी, नवलपरासी को लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको सम्पत्तिहरूः
(क) नवलपरासी जिल्ला, परासी न.पा. वडा नं. ७ स्थित कि.नं. ६३१ र ६३२ को क्षेत्रफल क्रमशः ०-०-८ र ०-०-८ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
(ख) नवलपरासी जिल्ला, मझरीया गा.वि.स. वडा नं. ३/क स्थित कि.नं. ५२८ र ५९८ को क्षेत्रफल क्रमशः ०-०-१५ र ०-१-११.२५ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
(ग) नवलपरासी जिल्ला, परासी न.पा. वडा नं. ९/क स्थित कि.नं. ११५ को क्षेत्रफल ०-१६-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
आ. मगरू तेलीको नाति, देवी तेलीको छोरा, नवलपरासी जिल्ला, गेरमी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ४ बस्ने **वैज नाथ गुप्ता (तेली)**को नाममा मालपोत कार्यालय परासी नवलपरासी को लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको सम्पत्तिहरूः
क) नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. ६/क स्थित कि.नं. ५२१ को क्षेत्रफल ०-५-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
ख) नवलपरासी जिल्ला, बडहरा दुवोलिया गा.वि.स. वडा नं. १/क स्थित कि.नं. ६८६ को क्षेत्रफल ०-१-१५-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
ग) नवलपरासी जिल्ला, दाउन्नेदेवी गा.वि.स. वडा नं. ५/५क स्थित कि.नं. १२२ को क्षेत्रफल ०-३-४-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
घ) नवलपरासी जिल्ला, परासी न.पा. वडा नं. ७ स्थित कि.नं. ४२८ को क्षेत्रफल ०-०-१५-२ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

विवादपछि विभागीय डर्बी बराबरीमा

फिफा रेफ्री नवीन्द्र महर्जनले खेलको २२औँ मिनेटमा नेपाल पुलिस क्लबले गरेको गोललाई मान्यता नदिँदा खेल २५ मिनेटभन्दा बढी समय रोकियो

रमेश सुवेदी/नयाँ पत्रिका

गोलको विषयलाई लिएर २५ मिनेटभन्दा बढी समय विवाद भएपछि त्रिभुवन आर्मी र नेपाल पुलिस क्लबबिचको खेल गोलरहित बराबरीमा टुंगिएको छ। सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा आइतबार भएको विभागीय डर्बीमा दुवै क्लबले समान १ अंक बाँडे। खेलको २२औँ मिनेटमा पुलिसकी रक्षक पूजा रानाले गोल गरिन्। रक्षक अमृता जैसीको फ्रिकिकमा पूजाले सिक्स यार्ड बक्सबाट गोल गरेकी हुन्।

पूजासँग आर्मीकी गोलकिपर अञ्जना रानामगर ठोक्किन पुगिन्। त्यसअघि नै पूजाले अञ्जनालाई बिट गर्दै बायाँ खुट्टाले गोल गरेकी हुन्। गोललाई फिफा रेफ्री नवीन्द्र महर्जनले फल भन्दै मान्यता दिएनन्। गोलपछि खुसियाली मनाइरहेका पुलिसका खेलाडी र अफिसियलले रेफ्रीको निर्णयमा आपत्ति जनाएका हुन्। खेल २५ मिनेटबढी समय रोकियो। माथिल्लो स्तरबाट आएको दबाब खेप्न नसकेपछि खेलाडी र अफिसियल खेल खेल्न राजी भए। बाँकी समयमा दुवै टोलीले गोलको अवसर बनाए पनि फाइनल थर्डमा चुक्दा गोल गर्न सकेनन्।

पुलिसका प्रशिक्षक भोलानाथ सिलवालले रेफ्रीका कारण ३ अंक गुमाएको बताए। 'त्यो गोल नै थियो। रेफ्रीको गल्तीका कारण महत्त्वपूर्ण ३ अंक गुमायौँ,' सिलवालले भने, 'रेफ्रीको निर्णयले पूरा टिम दबाबमा पर्छ। हामीलाई त्यस्तै भयो। रेफ्रीविरुद्ध लिखित उजुरी गरे पनि हुने केही होइन। त्यसैले यस्तो निर्णय भइरहन्छ।'

पहिलो चरणमा पनि दुई टोलीले १-१ को बराबरी खेल्दै अंक बाँडेका थिए। अमृता जैसीले पुलिस र अमिषा कार्कीले आर्मीका लागि दोस्रो हाफमा गोल गरेका थिए। हाल अमिषा आर्मीको सहायक सेनानी भएपछि तालिममा छिन्। घाइते दीपा शाही पनि टोलीमा नहुँदा आर्मीले सोचजस्तो प्रदर्शन गर्न सकेन। पहिलो चरणमा टोलीको प्रशिक्षक टेकबहादुर बुढाथोकी थिए।

यसपटक भने कृष्णसिंह ठगुन्ना प्राविधिक क्षेत्रमा उभिएका छन्। उनी भने रेफ्रीको निर्णय नै अन्तिम हुने बताउँछन्। 'रेफ्रीको निर्णय नै अन्तिम मान्नुपर्छ। अन्य कुनै प्रतिक्रिया छैन,' उनले भने, 'हामीले खेलाडीलाई एक्टिभ भएर बस्न निर्देशन दियौँ। अंक भने सोचेजस्तो आएन।'

पुलिसविरुद्ध बल नियन्त्रणमा राख्दै आर्मीकी गोलकिपर अञ्जना रानामगर। तस्बिर सौजन्य : एन्फा

'ब्याड लाइट'ले खेल्न गाह्रो

एन्फाको तालिकाअनुसार पुलिस र आर्मीबिचको खेल दिउँसो ३ बजेलाई थियो। तर, ९० मिनेटको खेल सकिँदा पौने ६ नै बज्यो। जसका कारण खेलाडी ब्याड लाइटमा खेल्न बाध्य भए। खेलाडीलाई बल देख्नै हम्मेहम्मे पर्‍यो। तैपनि खेल्नुपरेको थियो। एन्फा भने खेल रोक्ने तयारीमा थिएन। 'ब्याड लाइटले गर्दा खेल्न गाह्रो भइरहेको थियो। तर, आयोजकले नरोकेपछि खेल्न परिहाल्यो,' एक खेलाडीले भनिन्। पुलिसका प्रशिक्षक सिलवाल पनि ब्याड लाइटमा खेल्न गाह्रो भएको बताउँछन्। 'अन्तिम १५ मिनेट त खेल्न गाह्रो भयो। आयोजक पनि जसरी हुन्छ खेल नरोक्ने अवस्थामा आयो। हामीले केही भन्ने कुरा आउँदैन।'

हाल एन्फाले समयावधि पूरा भइसकेको कृत्रिम मैदानमा बिहान ९ बजे र दिउँसो १२ बजे पुरुष यू-१६ लिग खेलाइरहेको छ। त्यसकारण एन्फाले महिला लिग ३ बजेपछि मात्रै त्यही मैदानमा आयोजना गर्ने गरेको छ।

सुदूरकी बिर्सना पुलिसमा

विवादका कारण सुदूरपश्चिम प्रदेशबाट महिला लिगको पहिलो चरण खेल्न नपाएकी मिडफिल्डर बिर्सना चौधरी दोस्रो चरणमा पुलिसमा आबद्ध भएकी छिन्। उनले पहिलो खेलमा पनि ९० मिनेट खेलिन्। दोस्रो खेलमा भने पूरा समय मैदान बिताउँदै प्लेयर अफ दी म्याच चुनिइन्। 'मिडफिल्डमा राम्रो खेलाडी चाहिएको थियो। पहिलो चरण खेल्न नपाएकी बिर्सनालाई अनुबन्ध गर्‍यौँ। सोचेजस्तो खेलिरहेकी छिन्,' प्रशिक्षक सिलवालले भने। पहिलो चरणमा जिल्ला र प्रदेशबिच बिर्सनाजस्तै दुई दर्जन खेलाडी सुदूरपश्चिमबाट खेल्न वञ्चित भएका थिए। प्रदेश संघले नियमित खेलिरहेका खेलाडीलाई दुर्व्यवहार गरेपछि उनीहरू काठमाडौं आएका थिएनन्। दोस्रो चरणमा भने बिर्सनालाई पुलिसले अनुबन्ध गरेको हो।

रेफ्रीका कारण ३ अंक गुमायौँ

भोलानाथ सिलवाल, प्रशिक्षक, पुलिस

रेफ्रीका कारण महत्त्वपूर्ण ३ अंक गुमायौँ। त्यो गोलमा कुनै फल नै छैन। एन्फामा लिखित उजुरी गरे पनि रेफ्रीमाथि कुनै कारबाही हुँदैन। त्यसैले उजुरी पनि गर्दैनौँ। यस्तो निर्णयले क्लबलाई घाटा लाग्छ। विभागीय टिम भएर मात्रै हो, अन्यथा त्यस्तो घटनापछि मैदान प्रवेश गर्ने थिएनौँ। यस्ता घटना साफ च्याम्पियनसिपमा पनि भएको थियो। अन्तिममा ब्याड लाइटका कारण खेल खेल्न गाह्रो भयो। तैपनि खेल्नैपर्ने बाध्यता थियो।

रेफ्रीको निर्णय नै अन्तिम

कृष्णसिंह ठगुन्ना, प्रशिक्षक, आर्मी

त्यो घटनामा के भएको थियो, त्यो रेफ्रीको अन्तिम निर्णय हो। यसमा हामीले कुनै प्रतिक्रिया दिनु ठिक हुँदैन। त्यो २५ मिनेटमा खेलाडीलाई आराम गर्न भनेका थियौँ। एक्टिभ हुनु भन्यौँ। दीपा शाही र अमिषा कार्की नहुँदा घाटा भएको छ। दुई खेलाडीको अभाव खड्किएको छ।

■ जय ट्रफी एलिट कप

बलर हाबी हुँदा एकैदिन १७ विकेट

वीरगन्जमा तिवारी यादव
जनकपुरमा हदिश खुद्दार

> पहिलो दिन पुलिसका ललित राजवंशीले सात तथा आर्मीका शाहब आलमले पाँच विकेट लिए

बलर हाबी हुँदा जय ट्रफी पुरुष एलिट कप, २०८१ को पहिलो खेलमा एकैदिन १७ विकेट झरेका छन्। वीरगन्ज र जनकपुरमा आइतबारदेखि दुईदिवसीय खेल सुरु भएको छ। वीरगन्जको नारायणी रंगशालामा पहिलो खेलमा विभागीय टोली त्रिभुवन आर्मीविरुद्ध नेपाल पुलिस क्लब १८ रनले पछि छ। टस हारेर ब्याटिङ गरेको आर्मीले ३४.४ ओभरमा अलआउट हुँदै १२१ रन बनायो। प्रत्युत्तरमा ब्याटिङ सुरु गरेको पुलिसले २४ ओभरमा सात विकेट गुमाएर १०३ रन बनाएको छ।

खेलमा पुलिसका स्पिनर ललितनारायण राजवंशी एक्लैले सात विकेट लिए। उनले आर्मीका सन्तोष कार्की, तृतराज दास, सोमपाल कामी, बसिर अहमद, विवेक यादव, शाहब आलम र आकाश चन्दको विकेट लिए। पुलिसका कुशल भुर्तेल, सर्वन यादव र रसिद खानले समान एक विकेट लिए। दोस्रो इनिङ्समा आर्मीका शाहब आलमले पाँच तथा सोमपाल कामी र पवन कार्कीले समान एक विकेट लिएका छन्।

चलेनन् ब्याटर

पहिलो ब्याटिङ गरेको आर्मीका लागि आशा गरिएका कुशल मल्लले २५, भीम सार्कीले २२, कप्तान विनोद भण्डारीले २१, बसिर अहमदले १२, सोमपाल कामीले ५ र सन्तोष कार्कीले १ रन बनाए। १८ रनले पछि परेको पुलिसका लागि अलराउन्डर गुल्सन झा ३४ रनमा अविजित छन्। यस्तै, अमित श्रेष्ठ १८, रसिद खान १६, शंकर रानाले १३ रन बनाएका छन्। नेपाल प्रिमियर लिगमा खराब प्रदर्शनपछि आलोचित भइरहेका ओपनरद्वय कुशल भुर्तेल र अजुन साउद पुनः पहिलो खेलमै गोल्डेन डक आउट भए। दुवै इनिङ्समा आशा गरिएका ब्याटरले धैर्य गर्न सकेका छैनन्।

बागमती ६८ रनले पछि

जनकपुरस्थित रामजानकी मैदानमा भएको खेलमा मधेश प्रदेशविरुद्ध बागमती प्रदेश ६८ रनले पछाडि परेको छ। पहिलो दिनको खेल समाप्त हुँदा बागमतीले दुई विकेट गुमाएर ३४ रन बनाएको छ। बागमतीका लागि शुभ कंसाकार २२ र इशान पाण्डे ९ रन बनाएर खेलिरहेका छन्। रित गौतम ३ रन बनाएर पेभेलियन फर्किंदा आशुतोष घिरैया डकआउट भए। मधेशका लागि रुपेश सिंह र विशाल पटेलले समान एक विकेट लिए। टस हारेर ब्याटिङ रोजेको मधेश पहिलो इनिङ्समा १०२ रनमै समेटिएको थियो। मधेशका लागि मायन यादवले २१, विशाल पटेलले १६, नीरज यादवले १२, अभिषेक तिवारीले ११ र हिमांशु दत्तले १० रन बनाए। बागमतीका लागि कप्तान सन्दीप लामिछानेले पाँच, सूर्य तामाङले तीन तथा नन्दन यादव र प्रतिश जिसीले समान एक विकेट लिए।

■ सबै टिमलाई खेल्न गाह्रो छ

आरिफ शेख, कप्तान, पुलिस

एकैदिनमा ६० ओभर खेल्नुपरेको छ। विकेट सुकेकाले पनि खासै राम्रो प्रदर्शन हुन सकेन। यसले पुलिस क्लबका लागि मात्र होइन विपक्षी टिमलाई पनि असर गरेको छ। यस्तो प्रतियोगिता पनि यहाँ कम नै भएको छ। मौसमले खेल अलिकति ढिला सुरु भएकाले केही असर गरेको हो कि जस्तो लाग्छ। पहिलेको तुलनामा ग्राउन्ड राम्रो पनि भएको छ। यहाँको व्यवस्थापन पनि राम्रो भएको छ। यहाँ बिस्तारै ठुलाठुला प्रतियोगिता पनि आयोजना हुनुपर्छ।

■ मौसम उपयुक्त भएन

विनोद भण्डारी, कप्तान, आर्मी

यस्तो प्रतियोगिता नेपालमा नियमित नभका कारण ब्याटरले टिकेर खेल्न सकेनन्। यस्तो प्रतियोगिता नियमित रूपमा भएको भए खेल्न सहज हुन्थ्यो। यस्तै, बिहान ९ बजे सुरु हुने भनिएको खेल मौसमका कारण खेल १ बजे मात्र सुरु भयो। जसले गर्दा पनि खेल्न असर गरेको हो जस्तो लाग्छ। प्रतियोगिताका लागि मौसम पनि उपयुक्त नभएको हो कि जस्तो लाग्छ। ग्राउन्ड राम्रो छ, तर मौसमले गर्दा अलिकति खेलमा असर गरेको हो।

खेल | संक्षेप

झिल्टुङ क्रसकन्ट्री दौड माघमा

काठमाडौं/ नुवाकोटको बेलकोटगढी नगरपालिका- ५ को आयोजनामा नवौँ झिल्टुङ क्रसकन्ट्री दौड प्रतियोगिता ५ माघदेखि हुने भएको छ। प्रतियोगितामा ११ स्पर्धामा प्रतिस्पर्धा हुने आयोजक वडाध्यक्ष मदन भुजेलले जानकारी दिए। दौडमा पुरुष-महिला खुला १३.५ किलोमिटर, स्थानीय खुला पुरुष १३.५ किलोमिटर, जुनियर १६ वर्षमुनि छात्र-छात्रा खुला ४.५ किलोमिटर, १६ वर्षमुनि स्थानीयको पुरुष-महिला ४.५ किलोमिटर, स्थानीयको पुरुष ४५ वर्षमाथि ४.५ किलोमिटर, भेट्रान ४५ वर्षमाथि पुरुष खुला १३.५ किलोमिटरमा प्रतिस्पर्धा हुने एथलेटिक्स परिवारले जनाएको छ।

कप्तान समीरको ह्याट्रिक

काठमाडौं/ कप्तान समीर राईको उत्कृष्ट प्रदर्शनप्रेरित नेपाल पुलिस क्लबले एन्फा यू-१६ युथ लिगअन्तर्गत आइतबार सम्पन्न विभागीय डर्बीमा त्रिभुवन आर्मी फुटबल क्लबविरुद्ध ७-० को सानदार जित दर्ता गरेको छ। दुवै टोलीको यो पहिलो खेल हो। सातदोबाटोस्थित अखिल नेपाल फुटबल संघ (एन्फा) मुख्यालय मैदानमा पुलिसलाई जित दिलाउन समीरले ह्याट्रिक पूरा गरे। यसैगरी रिजनराज गौतमले दुई तथा सविन मगर र समीर कुमारले समान एक गोल थपे।

गल्कोट बाहिरियो

काठमाडौं/ गुजरात स्टेट भलिबल एसोसिएसनसँग सोझो सेटमा पराजित भएपछि गल्कोट भलिबल क्लब मदन भण्डारी इन्डो-नेपाल रनिङ सिल्ड पुरुष भलिबल च्याम्पियनसिपबाट बाहिरिएको छ। लगातार तेस्रो हार व्यहोरेपछि गल्कोट बाहिरिएको हो। बुटवल उपमहानगरपालिका- १० स्थित रामनगर खेलमैदानमा भएको खेल गुजरातले २५-१८, २५-१९, २५-१६ ले खेल आफ्नो पक्षमा पार्‍यो। गल्कोटले एपिएफ र आर्मीसँग पनि हार व्यहोरेको थियो। दोस्रो जितसँगै तीन खेलमा ६ अंक जोडेको गुजरातले सेमिफाइनलको सम्भावना जीवितै राखेको छ। यसअघि आर्मीसँग पराजित गुजरातले एपिएफलाई हराएको थियो।

मेयर कप भेट्रान आजबाट

काठमाडौं/ श्री कुसुन्ती युवा क्लब र ललितपुर महानगरपालिका वडा नं. १३ को संयुक्त आयोजनामा दोस्रो ललितपुर मेयर कप भेट्रान फुटबल प्रतियोगिता सोमबारदेखि सुरु हुनेछ। प्रतियोगितामा ३० टिमको सहभागिता रहने आयोजक क्लबका अध्यक्ष नीरज खड्काले जनाएका छन्। एट ए साइड स्वरूपमा हुने प्रतियोगितामा सहभागी टिमले ४० वर्षमाथिका चार, ४५ वर्षमाथिका तीन र ५० वर्षमाथिका एक खेलाडी समावेश गर्नुपर्नेछ। विजेताले दुई लाख तथा उपविजेताले एक लाख नगद पुरस्कार प्राप्त गर्नेछन्।

■ च्यासल मैदानको सरसफाइ सुरु

तस्बिर : **अमूल थापा**/ नयाँ पत्रिका

काठमाडौं/ असोज दोस्रो साताको बाढीबाट क्षतिग्रस्त च्यासल रंगशाला मैदानको तीन महिनापछि सरसफाइ सुरु गरिएको छ। सहिद स्मारक 'बी' डिभिजन लिग क्लब च्यासल युथ क्लबको समन्वयमा आइतबारबाट रंगशालाको सरसफाइ सुरु भएको हो। अध्यक्ष रमेश व्यञ्जनकारले तत्कालाई सरसफाइ मात्रै हुने जानकारी गराए। 'यो अवस्थामा यहाँ अभ्यास गर्न मिल्दैन। अखिल नेपाल फुटबल संघले तदारुकता नदेखाएपछि तत्कालाई सरसफाइ गरेको मात्रै हौँ,' व्यञ्जनकारले भने, 'पुनर्निर्माण गर्न राष्ट्रिय खेकलुद परिषद् (राखेप) सकारात्मक छ। त्यसैले तत्काललाई डोजर लगाएका हौँ।'

बाढीका कारण मैदानभरि ढुंगा-माटोसहितको फोहोर थुप्रिएको छ। बाढीका कारण सबैजसो संरचना अस्तव्यस्त छन्। रंगशालाको भुइँ तहको सबै सजावट बाढीले तहसनहस पारेको छ। खेलाडी चेन्जिङ रुम, रेफ्री रुम, मेडिकल रुम, शौचालयलगायत संरचना काम नलाग्ने भएका छन्। करोडौँ खर्चिएर निर्माण गरेको रंगशालाको प्यारापिटमा समेत क्षति पुगेको छ।

भ्याटबाहेक २८ करोड खर्चिएर निर्माण भएको रंगशालामा बाढी छेक्ने पर्खाल नलगाएका कारण ठुलो क्षति पुगेको थियो। तत्काललाई अभ्यास गर्न मिल्ने गरी मैदान तयार गरिँदै छ। तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले २६ फागुन ०७९ मा रंगशालाको उद्घाटन गरेका थिए। रंगशाला निर्माणपछि सहिद स्मारक 'ए' डिभिजन लिगको खेल यहीं आयोजना भएको थियो।

Janaki Rural Municipality
Office of Rural Municipal Executive
Durgauli, Kailali
Sudurpaschim Province, Nepal

Invitation for Bid

Date of Publication :- 6th January 2025

1. **Janaki Rural Municipality, Office of The Rural Municipal Executive, Durgauli, Kailali** invites Open Competitive Electronic Bidding from the eligible bidders for the procurement of works given in table below under National Competitive Bidding Procedures.

S.N.	Contract Identification Number	Name Of Project and Location	Estimated Amount (Without VAT) NRs.	Bid Security Amount NRs.	Cost of Bid Document NRs.
1.	NCB/JRM/W/13/2081/82	Construction of Adhuro Rastriya Aa.vi. Khairipur school Building Janaki-8, Kailal	26,15,344.83	78,000	3000
2.	NCB/JRM/W/16/2081/82	Colouring of School Building (Moti Ma.vi. , Mahendra Shishu ma.vi., brikuti school, Sarswoti Ma.vi., Aadarsha Ma.vi.,Rastriya Aa.vi. (munuwa), (Rastriya Aa.vi. Khairipur)	24,94,798.82	70,000	3000

2. Eligible Bidders may obtain further information at **Janaki Rural Municipality, Office of The Rural Municipal Executive, Durgauli, Kailali** or **Telephone NO.: +977 091-500077,** or may visit PPMO e-GP System **www.bolpatra.gov.np/egp.**
3. Please visit **www.janakimunkailali.gov.np** for more details.

Chief Administrative Officer

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण बिभाग
सघन शहरी तथा भवन निर्माण आयोजना चितवन

बोलपत्र छनौट सम्बन्धी आशयको सूचना

सूचना प्रकाशन मिति २०८१।०९।२२(06-Jan-2025)

यस आयोजनाबाट विभिन्न मितिमा प्रकाशित सूचना अनुसारको बोलपत्रहरुको मुल्यांकन हुँदा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम तल तालिकामा उल्लेखित बोलपत्रदाताहरुको बोलपत्र न्युनतम मुल्यांकित तथा सारभूत रुपमा प्रभावग्राही निर्धारण भइ स्वीकृतिका लागि छनौट गरिएकोले ऐ. ऐनको दफा २७(२) र ४७ तथा नियमावलीको नियम १०० को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

खरिद नं.	खरिदको बिषय	छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक रु. (मु.अ.क. सहितका)
PUDBC/CHITWAN/NCB/WORKS/12/081/082	Upgradation of Road from Bharatpur 11, Bishalchowk to Shaktikhor.	Shibhabhakti Construction & Suppliers Pvt.Ltd. Chandragiri, Kathmandu.	8,358,387.00
PUDBC/CHITWAN/NCB/WORKS/31/081/082	Construction and Beautification of Pungi Khola Corridor at Bharatpur Metropolitan City.	Aman-Pancha Pokhari JV, Koteshwor-32, Kathmandu.	48,864,183.90

आयोजना प्रमुख

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक :** सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक :** कृष्णज्वाला देवकोटा। **कार्यालय :** स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com